जल, जमीन र जंगल हाम्रो सरोकार, कृषि क्षेत्रको विकास अर्थतन्त्रको आधार

# कृषि जर्नल

Agriculture Journal

मासिक

कृषि जर्नल २०८१ बैशाख (krishijournal–2024, (April-May)







## देशभर बाँदर आतंक, किसानहरु हायलकायल



दर्ता नं. का.जि.प्र.का.द.नं. १३६/०६२/०६३
जल, जमीन र जंगल हाम्रो सरोकार, कृषि क्षेत्रको अस्तित्वको आधार

# कृषि जर्नल
Agriculture Journal मासिक

काठमाडौं जि.प्र.का.द.नं. १३६/०६२/०६३

वर्ष-२०, अङ्क ११८ बैशाख २०८१



## यस अङ्कमा

१. नेपाली किसानहरूलाई बाँदर आतंक, .............. ३
२. बाँदरले किसानलाई हायलकायल बनाउँदै ४
३. राजनीतिक खिचातानीका कारण पाएन : थापा ७
४. जमिन बाँझो राखेर कृषि क्रान्ति हुन्न :क्षेत्री ८
५. हुम्लाको सिँचाई र संरक्षणको पर्खाईमा १०
६. विश्व बैंकले जलवायु ऋण १२
७. आलुको उत्पादनोपरान्त प्रविधि र ............ १३
८. हिमाली सभ्यताको बागडोर याक र चौंरी संकटमा १६.
९. कृषिमा महिला नेतृत्व विकास ..... कृषिमन्त्री ज्वाला १८
१०.मौरी लोप भए मान्छे लोप .......अध्यक्ष दंगाल २०
११. मौरीपालनको महत्व र संरक्षण २२
१२. कृषि अनुदान दुरुपयोग भयो : समावेशी आयोग २३
१३. नेपालको चिया भारतमा ....... : पूर्व मन्त्री बास्कोटा २५
14. Camelids take centre stage: 26
FAO launches..........global impact 27
15. Lessons for CSOs based... Philippines 28
16. VIII Global Conference on Family ..... 30
17. IFAD's response to the war in Ukraine 31
18. FAO puts focus ..........Health 32
18. Nurturing the nature ea moss industry 33
19. 'Haitians ............ fuels hunger 34
20. The WRF .....Conference concludes 35










व्यक्तिगत मूल्य रु. १००/-
संस्थागत मूल्य रु. २००/-

प्रकाशक : कृषि सूचना तथा सञ्चार प्रविधि प्रकाशन प्रा.लि
सल्लाहकार : कृष्ण कोपिला, छविन्द्रराज कँडेल, डा.भरतबहादुर पाण्डे
प्रधान सम्पादक : धनबहादुर मगर सम्पादक : रितु रुपाखेती
कानुनी सल्लाहकार : सरस्वती मानन्धर
मुख्य कार्यालय : बागबजार २८, टौखेल मच्छेगाउँ ९, चन्द्रागिरी नगरपालिका
फोन : ०१४२८८७४३, मोवाईल नं. ९८४१४४५७५३, मुद्रण : प्रिन्ट स्काई, भुरुङ्खेल, काठमाडौं
**website** : www.krishijournal.com.np, इमेल : krishijournal@yahoo.com

सम्पादकीय



# सुनकोशी मरिन वहुद्देश्यीय डाइभर्सन मधेश प्रदेशलाई सुनौलो अवसर

परम्परागत रुपमा रहेको रुपमा रहेको नेपालको कृषि प्रणाली अझै पनि पर म्परागत अड्को देखिन्छ । तर यसो भन्दा नेपालको धेरै भागहरू सिँचाईको व्यवस्थापन सुस्त रुपमा भएपनि भइसकेको छ । दाङ लगायतको कैलाली, कञ्चनपुर, बाँके, बर्दिया जिल्लामा केही न केही सिँचाईको व्यवस्थापन चाहिँ गरिसकेको छ ।

हिजो जनसंख्याको कम थियो । आज जनसंख्या पनि बढेको छ । ३० वर्ष अगाडि ९० लाखको हाराहारीमा रहेको जनसंख्या बढेर ३ करोड पुगेको छ । नेपालको जनसंख्यालाई हेर्दा र नेपाल सरकारले कृषिमा लगाएको लगानी हेर्दा करिब करिब नेपालको कृषि उत्पादनले पुग्ने देखिन्छ । तर दुखको कुरा कृषि उत्पादनले उल्टो नतिजा दिइरहेको छ । वर्षाको भरमा लगाउने यसो कृषि बाली सिँचाईको व्यवस्थापन गरेर पनि लगाएको अवस्था छ । लागि सिँचाई सबैभन्दा महत्वपूर्ण मानिन्छ । सिँचाई विना आजको युगमा कृषि उत्पादकत्व बढाउन कल्पनै गर्न सकिदैन । माथिल्लो जमिन बाँझै हुने तल खोला बगिरहने हाम्रो देशको नियति हो ।

कृषिलाई छोड्दै गरेको अवस्थामा कृषि क्षेत्र प्रति आकर्षण बढाउन सिङ्गो मुलुक लागि पर्नु पर्ने समय आएको । तर, आजभने कृषिमा थोरैभएपनि फेरिन लागेको छ । राज्यले सिँचाईको क्षेत्रमा प्रर्याप्त जोडदिनु पर्छ । खेतीपातीबाट खेतीबाट खान नपुग्ने अवस्था आएर विस्थापित हुन्पर्ने वाध्यता हुँदैन । त्यसकारण नेपाल मात्र होइन विश्वमानै कृषि उत्पादन बढाउने सिँचाईको ठूलो योगदान रहेको हुन्छ ।

नेपालमा कतिपय ठाउँमा विस्थापित भएका नेपाली किसानहरु सिचाईको व्यवस्था मिलेपछि पुनः त्यस ठाउँमा फर्कन्छ जमिन सिँचाई विना बाँझो र ाख्नु पर्ने अवस्थाको अन्त्य भएको छ । यस कार्यमा नेपालमा सञ्चालित प्रधानमन्त्री कृषि आधुनिकीकरण परि योजनाले समेत विभिन्न ठाउँमा साना सिँचाईको लागि सहयोग गरेर कृषि उत्पादकत्वलाई बढाव दिइरहेको छ भने यसले नेपालको कृषि उत्पादनलाई मात्र बढाउँदैन सिङ्गो देशको अर्थतन्त्रलाई माथि उठाउँछ । मधेशमा खाद्यान्न बढाउन सहयोग पुऱ्याउँछ । नेपालको खाद्यान्नमा सबैभन्दा धनी प्रदेश बन्ने अवसर मधेश प्रदेशले पाएको छ र खाद्यान्नबाट नेपाललाई धान्ने प्रदेश बन्छ । यसले देशको आयत प्रतिस्थापन मात्र गर्दैन । कृषि आयतलाई रोक्न सक्ने र मुलुकको अर्थतन्त्रलाई सबैभन्दा बढी टेवा पुऱ्याउन सक्ने देखिन्छ ।

खुशीको कुरा मधेश प्रदेशले अब छिट्टै अन्नको भण्डारण गर्न सक्ने क्षमता र ाख्दछ । मधेसकै मुहार फेर्ने राष्ट्रिय गौर वको सुनकोशी मरिण डाइभर्सन बहुउद्देश्यीय आयोजना छिचोलिएको लगभग सम्पन्न भएको अवस्था छ । प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डको प्रमुख आतिथ्यमा बैशाख २६ गते एक समारोह बीच 'ब्रेक थ्रु' गरेको छ । यिसँगै १३ दशमलब ३ किलो मिटर लामो सुरुङ आयोजनाबाट मधेशका पाँच जिल्ला वर्षै भरि सिँचाई हुनेछ ।

सुनकोशी मरिन डाइभर्सन बहुउद्देयीय आयोजनाको विकासबाट मधेश प्रदेशका धनुषा, महोत्तरी, सर्लाही, रौतहट र वार ा जिल्ला अन्तर्गत कूल १ लाख २२ हजार हेक्टर जमीनमा वर्षैभरि सिँचाई सुविधा पुऱ्याउने लक्ष्य राखिएको देखिन्छ । देशकै अन्न भण्डारका रुपमा लिइने बागमती सिँचाईबाट ४५ हजार हेक्टर क्षेत्रफलमा मात्र सिँचाई हुँदै आएको छ । बागमती सिँचाई आयोजनाबाट हाल रौतहट र सर्लाही जिल्लाको ४५ हजार ६ सय हेक्टर जमिनमा मात्र पानीको पहुँच पुगेको छ । आयोजनाबाट थप सिँचाई सुविधा पुग्दा त्यस क्षेत्रमा धान, मकै, तोरी, तर कारी र फलफूलको लगायत अन्य उत्पादन समेत बढ्ने छ । यसले देशमा उत्पादकत्व वृद्धिभई अर्थतन्त्रमा सघाउ पुग्ने छ । 'कृषि उत्पादनको दृष्टिले नेपालकै उर्वर भूमि मानिएको तराईका यी पाँच जिल्लामा आयोजनाबाट सिँचाई सुविधा सतह र भूमिगत जलस्रोतको संयोजनात्मका रुपमा उपयोग गरी कृषि तथा माछा समेत उत्पादन तथा उत्पादकत्व वृद्धि गरी हाल कृषिमा आएको असन्तुलन कम गर्न समेत मद्दत पुग्ने विश्वास गरिएको छ । नेपालको ६० प्रतिशत कृषि योग्य भूमि तराई मधेस तथा भित्री मधेशसभित्र पर्छ र तर पर्याप्त सिँचाई नहुँदा मधेसमा हुने वर्षाको भरमा धान लगायत अन्न बाली उत्पादन भइरहेको छ । आयोजना सम्पन्न हुँदा भने तराइको १ लाख २२ हजार हेक्टरमा कृषि उत्पादन वृद्धि हुँदा वार्षिक १० अर्ब आर्थिक वृद्धि हुने अनुमान गरिएको छ । त्यस क्षेत्रमा कृषि उत्पादन वृद्धि हुँदा कृषि उद्योग स्थापना गर्न सकिने र त्यसबाट हजारौंले रोजगार ी समेत हासिल गर्न सक्ने छ । किसानरुहरुको जीवीकोपाजर्नमा समेत उल्लेख्य सुधार हुनेछ । हामीकहाँ भएको जमिनले हामीलाई खाना पुग्ने उत्पादन गर्न सक्छ । कृषि गर्न छोडेको कारण पनि नेपालको कृषि उत्पादन घटेको हो भन्ने कुरा सबैले बुझ्न थालेको छ । हामी नेपालीको लागि होइन विश्वको जुनसुकै देशको लागि पनि कृषिले महत्वपूर्ण भूमिका खेलेको हुन्छ । हामीले जीवनलाई बचाउने मूल आधार भनेको कृषि नै हो । कृषि विना हामी एकपाइला पनि अगाडि बढ्न सक्दैन ।

कृषिमा धेरै प्रकारको समस्य भएपनि कृषिनेपालको सन्दर्भमा नेपाली कृषि त झनै महत्वपूर्ण बन्दै गएको छ । कृषिसँग एकाकार भएरै हामी अगाडि बढ्नु पर्छ ।

# नेपाली किसानहरूलाई बाँदर आतंक, सांसदहरू चाहिँ भारतको भ्रमणबाट मख्ख

बाँदर नियन्त्रणको लागि वन्ध्याकरण गर्ने प्रशिक्षण लिन नेपालबाट एक टोली भारततर्फ गएका थिए तर त्यसको टुँगो कहाँ पुग्यो कसैलाई थाहा भएन । अर्को झण्डै दुई दर्जनको सांसदहरूको समुह पनि बाँदर बारे अध्ययन भ्रमण गर्न भारत भएका थिए ।

राज्यको झण्डै दुई करोड लगानी हुने माथिको बाँदर बन्ध्याकरण प्रशिक्षण र बाँदर अध्ययन भ्रमणबारे हाम्रो मत भन्ने हो भने भीर पहरामा बस्ने लाखौं संख्यामा भएको नेपालको बाँदरहरूलाई बन्ध्याकरणको नीति गलत र असम्भव छ । बाँदरबारे अध्ययन गर्न चाहने सांसदहरूलाई हाम्रो भनाइ छ नेपालमै त्यस्तो अध्ययन भ्रमण गर्नु उपलब्धिमूलक छ । ६० लाख संख्यामा भएको तराई, पहाड र हिमाली भेकमा ५ प्रकारका बाँदरहरूले नेपालका झण्डै २ करोड किसानहरूलाई कसरी दुरुह तुल्याई रहेछन् ? नेपालको मकै, कोदो, गहुँ, तरकारी, फलफूल १ खर्बको नोक्सान कसरी गर्छन् बाँदरले ? बाँदरको कारणले वार्षिक २.५ खर्ब नेपाल र नेपालीको हानी नोक्सान कसरी भईरहेछ ? सांसदहरूले नेपालमै गरेको अध्ययन फलदायी हुनेछ, भारत भ्रमण गरेर हैन । विगतमा विदेशमा अध्ययन भ्रमणमा गई अरबौं र खरबौं रूपैंया लगानी गरि फर्केर आई नेपाल र नेपालीलाई के कती उपलब्धी भयो ? एक एक हिसाब खोजिनु पर्छ । चाहे ति वन र वन्यजन्तु पक्षी सम्बन्धी भ्रमण होस् या स्वास्थ्य र शिक्षा सम्बन्धी भ्रमण होस्, पर्यटन प्रवर्द्धन सम्बन्धी भ्रमण होस् या पर्यावरण संरक्षण सम्बन्धी, प्रशासन रक्षा सम्बन्धी भ्रमण होस्, या कुनै पनि विषयको भ्रमण होस् । विदेशमा नेपालको युवाहरूले रगत, पसिना र आँसु बगाएर पठाएको रेमिटेन्सबाट जम्मा हुने राज्यको रु.१ पनि दुरूपयोग हुनुहुन्न । अबको पुस्ताले एक एक हिसाब खोज्नु पर्छ । तसर्थ विदेश भ्रमण गर्न जाने नेता, कर्मचारी, प्राविधिक, विज्ञहरू सबै सतर्क हुनुहोस् । तपाईहरूको अध्ययन भ्रमणको प्रतिफल राष्ट्र र जनताको लागी उपलब्धीमूलक के कति भयो ?



२०८० जेष्ठ १३ गते तनहुँ जिल्लाको सदरमुकाम दमौलीबाट बाँदर आतंकविरुद्ध सुरुभएको आन्दोलन धादिङ, स्याङ्जा र गोर्खा जिल्लाहरूमा पनि विस्तार भयो र देशभरि प्रचारप्रसार भयो । सरकारसँग हामीले तीनवटा माग गरेका थियौं त्यसमध्ये एउटा माग नेपाल सरकारले असारको २६ गते सम्वोधन गरेको अवस्था छ, पीडित किसानहरूलाई क्षतिपूर्ती उपलब्ध गराउने भनेर । निर्देशिकामा, उल्लेख भए अनुसार बाँदरबाट बालीनाली क्षती भोगेको किसानको प्रति परिवारले रु.दश हजारसम्म बाँदरको कारणले घाइते भए रु.२० हजार देखि २ लाखसम्म, अपाङ्ग भए रु. ५ लाख र मृत्यु भए रु. १० लाख सम्म क्षतिपूर्ति पाउने छ । अन्य देशभरिका भएरै १० लाख बाँदर पिडीत किसानहरूले क्षतिपूर्ती प्राप्त गर्न आवश्यक प्रक्रियामा जान ७७ जिल्लाका संम्पूर्ण किसानप्रेमी सामाजिक अभियन्ताहरूलाई हामी हार्दिक आग्रह गर्दछौं ।

नेपालको ४१ लाख ३१ हजार किसानहरूको परिवारलाई बाघ, चितुवा, ब्वाँसो, हिउँ चितुवा, अजिंगर, ध्वासे चितुवा, भालु, हात्ती, गैंडा, बँदेल, गौरी गाई, निल गाई, गोही, वन कुकुर, बाँदर सहित १६ प्रकारका बन्यजन्तुमध्ये सर्वाधिक दुःख पिडा र समस्या दिने प्राणी बाँदर नै हो । जसले किसानको जीवनलाई मात्र हैन कि देशको अर्थतन्त्रलाई पनि गम्भीर आघात तुल्याई रहेछ । तिनलाई पूर्ण नियन्त्रण गर्न र पीडित किसानहरूलाई क्षतिपूर्ती उपलब्ध गराउन हामी निम्न मागहरू नेपाल सरकार सामु जोडदार पूर्वक गर्दछौं ।

१. किसानको बालिनाली नष्ट गर्न आउने बाँदरलाई किसानले मारे पनि कुनै दण्ड जरिवाना र सजाय गर्नु हुँदैन । जसरी बँदेलको विषयमा भर्खरै कानुन बन्यो ।

२. व्यवसायिक किसानहरूको अन्न, तरकारी, फलफूलहरू बाँदरले नाश गर्दा त्यसको यथार्थ क्षतिपूर्ति राज्यबाट उपलब्ध हुनपर्छ । रु.दश हजार मात्र हैन ।

३. बाँदरको कारणले घाइते, अपाङ्ग र मृत्यु भएका किसानहरूलाई २०६३ श्रावण १ देखिको मितिलाई मान्यता दिनु पर्छ । २०८० श्रावण १ देखीको मात्र हैन ।

४. बाँदर पीडित किसानहरूलाई क्षतिपूर्ती उपलब्ध गराउने प्रक्रिया सरल र सहज बन्न पर्छ । जस्तै : स्थानीय जनप्रतिनिधि र स्थानीय सामुदायिक वन समितिको अध्यक्षको सिफारिस र स्थानीय गाउँको जनताको मुचुल्कालाई मान्यता दिनुपर्छ । जिल्ला वन डिभिजन कार्यालयका प्रतिनिधि, प्रहरीको प्रतिनिधि, पालिकाको कृषि विभागको प्रतिनिधिहरूको सिफारिसहरू अनिवार्य गर्न हुँदैन । यो ज्यादै झन्झटयुक्त छ ।

५. बाँदरको कारणले विस्थापित किसानहरूको जग्गाजमिनको मुआब्जा राज्यले उपलब्ध गराउनु पर्दछ र त्यस्तो जमिनमा बहूमूल्य जडिबुटी र फलफूलहरू लगाउनु पर्दछ । भन्ने सुझाव सरकारलाई दिएका थिए ।

१७ माघ २०८० प्राकृतिक पर्यावरण संरक्षण मञ्च नेपालले सरकारसँग माग राखेर निम्न अनुसार प्रस्तुत गरेका थिए ।

# बाँदरले किसानलाई हायलकायल बनाउँदै

*“मध्यपहाडी क्षेत्रबाट मानिसहरू तराईतिर सर्ने क्रम बढेको छ भने गाउँका युवाहरू विदेश पलायन भएका छन् । त्यसले त्यहाँ जनसंख्याको चाप कम भएको छ । जसका कारण विगतमा माथिमाथि सम्मै मकै तथा अरू बाली लगाइने ठाउँ अहिले झाडी बुट्यानमा परिणत भएका छन् ।*

चैतको मध्यदिउँसो पर्वत जिल्लाको पैयूँ गाउँपालिकास्थित सौरीकोट गाउँमा एक हुल गाउँले हस्याङफस्याङ गर्दै बाँदर धपाइरहेका थिए चर्को घाममा असिनपसिना मानिसहरू होहल्ला गर्दै बाँदरको पछि लाग्दै थिए ।



कसैको हातमा लाठी थियो भने कसैको हातमा गुलेली ।

गहुँ बारीमा पसेका बाँदरका बथान उफ्रिएर छेउको बाँस झ्याङमा पुग्यो ।

केही गाउँलेको लसुन र प्याजका मुन्टा पनि चुँडाल्न तिनले भ्याइसकेका रहेछन् । मान्छेको हुल देखेपछि बाँसको बाक्लो झ्याङमा छिरेका बाँदर त्यसपछि केही बेरका लागि अलप भए ।

(कृषक परिवार बढ्दा पनि खेती हुने क्षेत्र घट्नुको कारण के ?

(लम्पी स्किन रोगबाट भएको क्षति के पशुबीमाले बेहोर्ला

दिनैपिच्छेको हैरानीबाट आजित स्थानीय किसान राधा न्यौपानेले बाँदरले आफूहरूलाई ‘रुवाइ छाडेको’ बताइन् ।

“खेती गरेर भित्र्याउँछु भन्नै परेको छैन । गाउँतिर खेतहरू बाँझै छन् । त्यसले केही बाँकी नराख्ने रहेछ । मकै, गहुँ, मुसुरो, केराउ, कोदो केही छाडेन । धान पनि मिच्ने रहेछ,” उनले भनिन् ।

अनन्तराज न्यौपाने उमेरले ७६ वर्ष पुगिसके ।

पाँच छोरा र दुई छोरीका बुबा उनले सुइय्य सुस्केरा हाल्दै बाँदरले दिएको दुःख बेसाए ।

“बिहान ६ बजेदेखि घरबाट निस्केको । खान पनि पाएको छैन । यिनीहरूकै पछि लाग्दैमा ठिक्क छ । घरैभित्र छिरेर आँटीको मकै पनि बाँकी राख्दैन,” निधारको पसिना पुछ्दै उनले भने ।

बिहान उठेदेखि अरू काम छाडेर भए पनि बाँदर धपाउन जानै पर्ने अवस्थाको चित्रण गर्दै न्यौपानेले चर्को स्वरमा सरकारको आलोचना गरे ।

“सरकारले बरु हामीलाई पाल्देओस् । नत्र आफ्नो खेतीको पनि खान नपाएपछि किन गर्नु यो खेती ?” उनको प्रश्न छ ।

जाने जतिको उपाय अपनाउँदा पनि बाँदरबाट जोगाउन नसकिएको सुनाउँदै उनले भने, “अलि अघि पटाका ल्याएर सालघारीमा पनि पड्कायौं । तर पुलिस आएर उल्टै हाम्रो सातो लियो ।”

### खेतीबाटै विमुख :

अचेल नेपालका कैयन् स्थानका किसानहरू खास गरी मकै खेतीबाट एक किसिमले विकर्षित नै भइरहेका छन् । नेपाल कृषि अनुसन्धान परिषद्का अधिकारीहरू बताउँछन् ।

खेतमा बाँदर पसेर बाली खाइदिने, भाँच्दिने अनि बिगारिदिने क्रम बढेपछि किसानहरू बिलखबन्दमा परिरहेका छन् ।

मकै मात्र नभई लगभग सबैजसो खाद्यान्न, तरकारी, तथा फलफूलमा पनि बाँदरले त्यसै गरी नोक्सानी पुऱ्याउने गरेको किसानहरूको साझा गुनासो रहँदै आएको छ ।

देशभरि बाँदरका कारण किसानलाई कति नोक्सानी पुगिरहेको छ भन्ने बारे न त कृषि मन्त्रालय न त कृषि विभाग न त अन्य सरकारी निकायले नै कुनै लेखाजोखा गरेका छन् ।

ती निकायका अधिकारीहरू बाँदरले धेरै हानी पुऱ्याइरहेकोमा चाहिँ एकमत छन् । “विशेष गरी मध्ये पहाडी क्षेत्रमा बाँदर, बँदेल र दुम्सी अनि तराईमा नीलगाई समेतले बालीनालीमा नोक्सानी पुऱ्याउँदै आएका छन् । एक दशक यता चाहिँ बाँदरको समस्या महामारी जस्तै भएर देखा परेको छ,” नेपाल कृषि अनुसन्धान परिषद्को राष्ट्रिय कृषि इन्जिनियरिङ अनुसन्धान केन्द्रका प्रमुख तथा वरिष्ठ कृषि वैज्ञानिक श्रीमत श्रेष्ठले बताए ।

त्यसरी बाँदरको संख्या र समस्या फैलनुमा देशमा बसाइँसराइको प्रवृत्ति मुख्य जिम्मेवार भएको उनी ठान्छन् ।

“मध्यपहाडी क्षेत्रबाट मानिसहरू तराईतिर सर्ने क्रम बढेको छ भने गाउँका युवाहरू विदेश पलायन भएका छन् । त्यसले त्यहाँ जनसंख्याको चाप कम भएको छ । जसका कारण विगतमा माथिमाथि सम्मै मकै तथा अरू बाली लगाइने ठाउँ अहिले झाडी बुट्यानमा परिणत भएका छन् । अनि बाँदर आहाराको खोजीमा तल वस्तीतिर झरेका छन् ।,”

गएको करिब १० वर्षमा मध्ये पहाडी क्षेत्रमा मकै लगाइने क्षेत्रफल लाखौं हेक्टरले कम भएको एउटा नमुना अध्ययनमा देखिएको उनले बताएका छन् ।

आफ्ना गाउँमा बाँदरले दुःख दिएकै कारण

मानिसहरू खेतीबाट पलायन हुन थालेको कृषक लेखनाथ बस्याल बताउँछन् ।

“एक हलको मेलोलाई उत्पादन गराउनका लागि हामीकहाँ मकै छर्दा तीन हजार रुपैयाँ खर्च हुन्छ । गोडमेललाई अर्को तीन हजार लाग्छ तर भित्र्याउने बेला केही पनि पाइँदैन,” उनले भने, “खानै केही नपाइसकेपछि मानिसहरू बरु तराई झर्ने भनेर हिँडेका छन् । यस्तो राम्रो उर्वरा शक्ति भएको ठाउँमा बाँदरले नाश गरेपछि मानिस विस्थापित भएका छन् ।”

आगामी चार-पाँच वर्षमा त खेती गर्ने कोही बाँकी नहुने चिन्ता उनले प्रकट गरे ।

तर बाँदरले बाली नोक्सानी गरेकै कारण कुल खेती योग्य जमिनमध्ये कति प्रतिशत बाँझो छाडिएको छ त भन्ने प्रश्नको उत्तर आफूहरूसँग पनि नभएको कृषि अनुसन्धान परिषद्का अर्का वरिष्ठ कृषि वैज्ञानिक टीकाबहादुर कार्कीले बताए ।

“तर यो ठूलो मात्रामा भने पक्कै छ । अर्बौं रुपैयाँको नोक्सानी भइरहेको हामी अनुमान गर्न सक्छौं । एउटा लगाएको बालीमा हुने नोक्सानी छ भने अर्को उसले नाश गर्ला भनेर बाली तथा फलफूल रोप्नै छाडेका पनि छन्,” उनले भने ।

संघीय कृषि तथा पशुपन्छी विकास मन्त्रालय वा कृषि विभागसँग पनि बाँदरले पुऱ्याएको नोक्सानी यकिन विवरण छैन । प्रदेशहरूले आफ्नै तहबाट यस्ता समस्याको रेकर्ड राखिरहेको पाइन्छ ।

“हामीले जिल्ला तथा पालिकाबाट आँकडाहरू संकलन त गर्न खोजिरहेका छौं । तर यो एउटा राष्ट्रिय मुद्दा नै बनिसकेको छ । कसरी अगाडि बढ्ने भन्ने एउटा नीति चाहिन्छ,” गण्डकी प्रदेशका कृषि तथा भूमि व्यवस्था मन्त्रालयका सचिव टंकप्रसाद प्रसाईले भने ।

यसै साता राष्ट्रिय तथ्याङ्क कार्यालयले प्रकाशन गरेको राष्ट्रिय कृषि गणना २०७८ को ‘सामुदायिक प्रतिवेदन’मा जङ्गली जनावरले कृषि उत्पादनमा पुऱ्याएको हानिनोक्सानीबारे वडा तहमा गरिएको अध्ययनको नतिजा उल्लेख छ ।

सो नतिजाअनुसार देशभरिका करिब ६ हजार वडामा गरिएको अध्ययनमा सबैभन्दा बढी झन्डै ४ हजार वडामा बाँदरले कृषिजन्य उत्पादनमा हानिनोक्सानी पुऱ्याउने गरेको उल्लेख छ ।

*कति प्रतिशत बाँझो छाडिएको छ त भन्ने प्रश्नको उत्तर आफूहरूसँग पनि नभएको कृषि अनुसन्धान परिषद्का अर्का वरिष्ठ कृषि वैज्ञानिक टीकाबहादुर कार्कीले बताए ।*

**तीन पालिकामा तीन उपाय :**

कास्कीकी इन्द्रकली बास्तोला, पर्वतका शोभाकान्त रिजाल अनि अर्घाखाँचीका रामराज गौतम ( यी तीनै जना किसान एकैनासको समस्याबाट आक्रान्त छन् ।

बास्तोला बाँदरले बाली नाश गरेकाले एकै छिन पनि आँखा नझिम्काई तिनको पछि लागिरहनुपर्ने बाध्यता सुनाउँछिन् ।

रिजाल लसुन र प्याजधरि बाँदरले नाश गरिदिएको भन्दै जतिखेर पनि हातमा गुलेली बोकेर कुदिरहन्छन् ।

अनि गौतमले सुन्तला खेती गर्दा पो ठिक हुन्छ कि भनेर त्यतापट्टि ध्यान दिएका छन् ।

यी तीनै जना किसान बस्ने पालिकाहरूले बाँदर नियन्त्रणका लागि बेग्लाबेग्लै उपाय अपनाउँदै छन् ।

**रूख कटान गर्ने निर्णय विवादित :**

कास्की जिल्लाको पोखरा महानगर पालिकाको वडा नम्बर १९ ले केही महिनाअगाडि बाँदर नियन्त्रण गर्न भनेर अपनाएको उपाय देशैभरि विवादित हुन पुग्यो ।

उसले गरेको घर खेत वरपरका रूख काट्ने निर्णयले वातावरण विनाश हुने चिन्ता धेरैले गरे ।

“वास्तवमा हाम्रो निर्णयलाई गलत रूपले बुझियो । हामीले ल अब रूख काट्न खुला भनेर निर्णय गरेका होइनौं । केवल निजी जमिनका चिलाउने, कटुसजस्ता कुकाठहरू काट्ने भनेको हो । त्यो पनि प्रक्रिया बमोजिम जिल्ला वन कार्यालयको सिफारिसले मात्र काट्ने भनेको हो,” वडा १९का अध्यक्ष पुष्पेन्द्र पाण्डेले भने ।

तर, सो निर्णयपछि उपभोक्तालाई निकै राहत मिलेको उनले बताए ।

“पहिले त रूख माथिबाट गिज्याउँथ्यो, गुलेली हान्दा पनि छक्काउँथ्यो र मान्छेले एक्लै धपाउन खोज्दा उल्टै कोपर्न खोज्थ्यो । अब अहिले त्यो ठाउँसम्म हुँदा एउटा दाउरा लिएर लखेट्दा पनि भाग्छ,” पाण्डेले भने ।

केही स्थानीय किसानहरूले पनि समथर ठाउँमा बाँदर धपाउन सजिलो भएको बताए ।

“लगाएको खेती पाकेर खाने बेला लुछेर लैजान्छ । घरैभित्र पसेर पाकेको भात खाइदिन्छ । अति नै आतंक भइसकेको छ । त्यसैले राज्यले केही गर्नै पर्छ,” स्थानीय बासिन्दा रिता गौतमले भनिन् ।

**पैयूँले खटाउने भो बाँदर हेरालु :**

पर्वत जिल्लाको पैयूँ गाउँपालिकाले चाहिँ यही वैशाखदेखि तीन महिनासम्मको लागि तलबै दिएर बाँदर हेरालु खटाउन लागेको छ ।

उक्त गाउँपालिकाका अध्यक्ष तोरण मल्ल ठकुरी मतदाताहरूले अरू केही होइन बाँदर नियन्त्रण गरिदिए चुनाव जिताउने भन्न थालेको हाँसेर सुनाए ।

बाँदर नियन्त्रण आफ्नो पालिकाको लगभग उच्च प्राथमिकताको विषय बनेको भन्दै उनले पछिल्लो निर्णयले किसानहरूलाई सघाउ पुग्ने विश्वासमा छन् ।

“हामीले यहाँको सातै वडामा प्रत्येकमा पाँच(पाँच जनाको दरले ३५ जना हेरालु खटाउँछौं । उनीहरू प्रत्येकलाई तीन महिनाको लागि २० हजार रुपैयाँ दिइनेछ । उनीहरूले बिहानदेखि बाँदरका बथानहरू पहिचान गरेर तिनलाई पछ्याउने छन् । ताकि कुनै बस्ती वा खेत नजिक ती आउने बित्तिकै गाउँलेलाई खबर पुग्छ र बाँदर धपाइन्छ,” ठकुरीले भने ।

गाउँपालिकाको निर्णयप्रति पैयूँवासीहरू पनि **आशावादी नै देखिए :**

“मैले यसपालि अब मकै नछर्ने सुर कसिसकेकी थिएँ । तर पालिकाले हेरालु खटाउने भनेपछि केही रहन्छ कि त भन्ने आशामा छर्न लागेकी छु,” पैयूँ सौरीकोटकी राधा न्यौपानेले भनिन् ।

**पाणिनीमा ’भोटे कुकुर’ वितरण :**

अर्घाखाँची जिल्लाको पाणिनी गाउँपालिका कृषिको उर्वर भूमि हो ।

त्यहाँ पशुपालनको पनि निकै विकास भएको छ ।

तर, केही समययता बाँदरको उपद्रव बढेपछि नियन्त्रणका लागि पालिकाले भोटे कुकुरका छाउरा वितरण अभियान थालेको छ ।

“अहिले हामीले वडा २ मा ७ वटा छाउरा वितरण गरिसकेका छौं । यसले केही न केही सहयोग हुने हाम्रो विश्वास छ । यसको प्रभावकारिता पनि हामी हेर्नेछौं,” पाणिनी

गाउँपालिकाकी उपाध्यक्ष नर्मदा गौतम पौडेलले भनिन् ।

विगतमा उक्त पालिकाले किसानहरूलाई प्लास्टिकको बन्दुक अनि भारतबाट मगाएर बाँदरलाई विकर्षण गर्न रासायनिक झोल पनि प्रयोग गरेको उनले सुनाइन् ।

स्थानीय तहबाट वितरित भोटे कुकुरको छाउरा अहिले त्यहाँको पोखराथोक गाउँका रामराज गौतमको घरमा पनि बाँधिएको छ ।

"अहिले यो सानै छ । यसलाई हामीले प्रशिक्षण दिन सक्यौं भने पक्कै पनि बाँदर लाई धपाउन यसले सघाउनेछ," उनले भने ।

गाउँमा अचेल तीन तिरबाट बाँदरका बगाल आउने र मान्छेलाई समेत पिट्ने गरेको उनले सुनाए ।

**बाँदर धपाउने मेसीन कस्तो ?**

देशभरिका किसानहरूलाई मद्दत गर्न र ाष्ट्रिय कृषि इन्जिनियरिङ् अनुसन्धान केन्द्रले बाँदर धपाउने मेसिन पनि बनाएको छ । र ासायनिक प्रतिक्रिया गराएर ठूलो आवाजमा पड्कने उक्त बन्दुकले बाँदरबाट राहत दिने केन्द्रको भनाई छ ।

"बाँदरको कारणले कतिपय पहाडी भेगमा खेती योग्य उर्वर जमिन बाँझो रहने क्रम बढ्दो छ । बाँदर वन्यजन्तु भएको हुनाले यसलाई मार्न पाइँदैन र यसबाट जोगिन यसलाई धपाउने नै मुख्य उपाय हो," केन्द्रले उल्लेख गरेको छ ।

तर त्यस्ता मेसिन प्रयोग गर्ने किसानहरू चाहिँ त्यसले केवल थोरै समयका लागि र ाहत दिने बताउँछन् ।

बाँदर धपाउन कस्ता उपाय अपनाइने गरि न्छ भन्ने प्रश्नको उत्तर खोज्दा धेरै रोचक प्रसङ्गहरू पनि भेटिन्छ ।

वरिष्ठ कृषि वैज्ञानिक टीकाबहादुर कार्कीले सन् १९९० को दशकमा लुम्लेस्थित कृषि केन्द्रमा रहेका ब्रिटिश कृषि अनुसन्धानकर्ताहरूले अपनाएको तरिका स्मर ण गर्छन् ।

बाँदरले कृषि केन्द्रमा ज्यादै दुःख दिएपछि ती ब्रिटिश अनुसन्धानकर्ताहरूले आफ्ना सुर क्षाकर्मी खटाएर बाँदरको बथानको नाइकेलाई समाएछन् । र, उक्त नाइके बाँदरलाई रङ्गीबिरङ्गी इनामेल पोतिदिएछन् र घाँटीमा घण्टी झुण्ड्याइदिएछन् ।

उसलाई देखेर उसको बथानका बाँकी सदस्य बाँदरहरू डरले भाग्न खोजेको उनी सम्झन्छन् ।

"सात आठ दिनसम्म ती बाँदर देखा नपर ेपछि ल अब समस्या समाधान भयो होला भन्ठानेको त फेरि उही नाइकेको नेतृत्वमा त्यो बथान आइपुग्यो । शायद केही दिनमा ती बाँदर तिनका नाइकेको रूपमा अभ्यस्त भइसकेछन्," कार्कीले सुनाए ।

**बाँदर नियन्त्रण प्रयासका अन्य नानाथर**

*तर अचेल वरपिपल पनि छैनन् । उत्तिस, सल्लो धेरै रोपिन्छन् तर सल्लोको वनमा अरू कुनै फलफूल हुँदैन । त्यसैले बस्तीतिर पस्न थाले ।"*

**ी उपायः**

(ठूलो आवाज आउने बन्दुक पड्काउने, ढ्वाङ ठटाउने ( सुरु सुरुमा अनि एकै छिनका लागि काम गरे पनि स्थायी समाधान नभएको ।

(गन्ध आउने रसायन ( ट्राइमिथाइलअमिन जस्ता कडा गन्ध आउने रसायन छर्कने । यसले पनि स्थायी समाधान नदिएको ।

(गुलेली–गुलेली लिएर लखेट्ने । एक छिनलाई राहत मिलेको ।

(हुल बाँधेर लखेट्ने (एकातिर लखेट्दा अर्कातिरबाट फेरि आउने डर कायमैल र हेको ।

(कुकुर पाल्ने (कुकुरसँग पनि पछि नडराउने

(रूख काट्ने ( वातावरण संरक्षणको हिसाबले अमिल्दो । सही समाधान नभएको

(एक ठाउँमा थुनेर राख्ने (पक्राउ गर्न गाह्रो हुने र पछि फेरि व्यवस्थापन गर्न जटिलता आउने देखिएको ।

(जनावरका पुत्ला देखाउने ( बाघजस्ता जनावरका पुत्लाबाट बाँदर केही समयका लागि डराए पनि पछि अभ्यस्त हुने ।

**के भन्छन् विज्ञ ?**

अचेल देशभरिमा धेरै दुःख दिने प्रजातिको बाँदरको वैज्ञानिक नाम मकाका मुलाटा हो । त्यसलाई बोलीचालीको भाषामा राते बाँदर भनेर चिनिन्छ ।

कतै कतै चाहिँ लँगुर बाँदरले पनि नोक्सानी गरेको पाइन्छ ।

राते बाँदरले हुल बनाएर हिंड्ने हुँदा त्यसलाई कतिले हजारिया पनि भन्ने गरेको बाँदर सम्बन्धी विज्ञ डा मुकेश चालिसेले बताए । बाँदर निकै चेतनशील, बाठो र समूहमा र हने प्राणी हो । "यिनीहरू पनि मानिसजस्तै वंश वंशमा छुट्टिएर बस्छन् । उदाहरणका लागि पशुपति र स्वयम्भूमा सात(आठ वंशका छन् भने थापाथलीमा दुई वंशका छन्," उनले भने ।

चेतनशील भएकाले उसले कम श्रम लाग्ने र सहज रूपमा पाइने आहारा खोज्ने बताइन्छ ।

"अन्नमा मकै, अमिलो बाहेकका केराजस्ता फलफूल उसको प्रिय हो," कृषि वैज्ञानिक टीकाबहादुर कार्कीले भने ।

"तरकारीमा मन पर्ने चाहिँ मूला हो । अचेल त काउली र बन्दा पनि खान्छन् । सजिलै पचाउन सकिने र धेरै मात्रामा एकै चोटि खान सकिने आहारा तिनले खोज्छन् । वर पिपलको दाना पनि तिनले निकै मन पराउँछन् । पहिले पहिले जङ्गलमा हुने तिजु, चुत्रो जस्ता फल खान्थे । तर अचेल वर पिपल पनि छैनन् । उत्तिस, सल्लो धेरै र ोपिन्छन् तर सल्लोको वनमा अरू कुनै फलफूल हुँदैन । त्यसैले बस्तीतिर पस्न थाले ।"

बाँदरले नखाए पनि हुर्किएका बाली नष्ट गरेर किसान आक्रान्त छन् । केही समययता राते बाँदरको संख्या निकै बढेको र लाख नाघेको भन्दै डा चालिसेले त्यसको कारण पनि बताए ।

"राते बाँदर आफैंमा संरक्षित जनावर पनि होइन । तर संरक्षणको उसले अतिरिक्त लाभ पाइरहेको देखिन्छ । नेपालमा अहिले २७ थरी जनावर मात्र संरक्षित हुन् । अरू होइनन् र अरूको हकमा तिनले समस्या पैदा गरेमा हटाउन पाइने भन्ने नै छ," उनले भने ।

"मान्छे खाने बाघ वा जङ्गली हात्तीले समस्या पाऱ्यो भने चाहिँ तिनलाई पक्रने, मार्ने सम्म गरिन्छ । तर बाँदरलाई छुँदै नछुने भएपछि यो समस्या झन् झन् बल्झिएको छ," उनले भने ।

किसानलाई दुःख दिएकै कारणले बँदेललाई भने सरकारले गएको मंसिरमा राजपत्रमा सूचना नै निकालेर 'सानो जातको बँदेल बाहेकको जङ्गली बँदेललाई आगामी एक वर्षसम्मका लागि कृषि हानिकारक वन्यजन्तु' घोषणा गरेको छ ।

बाँदरलाई चाहिँ साँस्कृतिक, धार्मिक तथा कानुनी हिसाबबाट पनि संरक्षण प्राप्त छ । तर गाउँमा अचेल सक्रिय जनशक्ति कमी हुँदा रखवारी गर्न र धपाउन पनि मान्छे कम भएको चालिसेले बताए ।

"विगतमा घर लौरी एक(एक जनाले मात्रै पनि हाहा र हुहु गर्दा बाँदर भाग्थे । अहिले

त्यो श्रम शक्ति पनि रहेन ।"

वृद्ध-वृद्धा, केटाकेटी वा महिलालाई बाँदरले चिन्ने र नटेर्ने पनि उनले बताए ।

बाँदर लाग्ने पाणिनी गाउँको यो भेगमा कतिपय किसानले सुन्तला खेती थालेका छन् ।

**के होला दिगो समाधान** ?

बाँदरको समस्या बढ्दै गएपछि संसद्को कृषि समितिले सदस्यहरूलाई भारतमा अवलोकन भ्रमण पठाउने तयारी गरेका समाचार आएका थिए ।

दुई साता जति अगाडि समितिकै पहल र भारतीय सरकारको सहयोगमा पशु चिकित्सकहरूको टोली भारतको हिमाचल प्रदेशको भ्रमणमा गएर फर्किएको छ ।

त्यहाँ नेपालभन्दा पनि ठूलो समस्या रहेको आफूहरूले पाएको र त्यसको नियन्त्रण पनि सफलतापूर्वक भइरहेको देखिएको सो टोलीका एक सदस्य पशु चिकित्सक बब्लु ठाकुरले बताए ।

"त्यहाँ सरकारले बाँदरलाई कुनै समय 'भर्मिन' वा हानि पुऱ्याएमा मार्न पनि सकिने गरी कानुन बनाएको रहेछ । तर अहिले भने त्यसलाई 'भर्मिन' भनिँदो रहेनछ । अचेल शिमलामा मात्र सात वटा बाँदर बन्ध्याकरण केन्द्र खोलिएको रहेछ," ठाकुरले भने ।

"गएको पाँच सात वर्षमा झण्डै २ लाख बाँदरको बन्ध्याकरण गरिसकिएको रहेछ । त्यसले तिनको संख्या नियन्त्रणमा निकै प्रभावकारी भएको त्यहाँका अधिकारीहरूले बताए ।"

त्यस्तै काम नेपालमा गर्न उनले तीन वटा चुनौती देखाएका छन् । एक त त्यसका निम्ति अनुकूल कानुन, दुई तालिमप्राप्त जनशक्ति र उपकरण अनि तेस्रो सही व्यवस्थापन ।

"त्यसो हुन सक्यो भने हामीले पनि दिगो समाधान पाउन सक्छौं," ।

भारतको शिमलामा बाँदरको हैरानीबाट जोगिन बन्ध्याकरण अभियान थालिएको छ अर्को उपाय भनेको बाँदरलाई विदेशी मुलुकमा निर्यात गर्न सकिने डा.मुकेश चालिसेको सुझाव छ ।

"राते बाँदर भनेको वन्यजन्तुसम्बन्धी अन्तर ाष्ट्रिय सन्धि साइटिसको साइटिस टु सूचीमा पर्छ । अर्थात् कुनै देशले लैजान्छु भन्यो भने दिनलाई कुनै कानुनले रोक्दैन । यसको उपयोग औषधि विज्ञान अनुसन्धानका लागि हुन्छ । भारत, चीन,

**बाँकी १९ पृष्ठमा**

# राजनीतिक खिचातानीका कारण कृषिले प्राथमिकता पाएन : थापा

धनबहादुर मगर

काठमाडौं साफ फाल्चाको स्थापनाकाल देखिनै आयोजना गर्दै आएको ''पूर्णीमा सम्वाद कार्यक्रम''मा ''नेपालमा कृषि, भूमि व्यवस्थान'' विषयक वृहत अन्तक्रियात्मक कार्यक्रम सम्पन्न भएको छ ।

उक्त पूर्णीमा सम्वाद कार्यक्रममा सरोकारवाला, कृषि र भूमि विज्ञ, नीतिगत तहका व्यक्तिहरू बिच गरिएको ''नेपालमा कृषि, भूमि व्यवस्थान'' सम्बन्धी वृहत अन्तरक्रिया कार्यक्रम गरेको हो ।

कार्यक्रमका विशेष अतिथि, राष्ट्रिय प्रजातन्त्र पाटी अध्यक्ष तथा पूर्व उप-प्रधानमन्त्री कमल थापाले विगत केही दशकदेखि महत्वपूर्ण कृषि क्षेत्रमा वेवास्ता हुँदै आएको बताउँदै वैकल्पिक मोडेलको कृषिको खाँचा रहेको बताए ।

थापाले यति महत्वपूर्ण छलफलमा भागलिन पाउँदा आफलाई गर्वको महशुश भएको बताए । ''मैले यहाँ आएर महत्वपूर्ण ज्ञान प्राप्त गरेको छु ।'' थापाले भने । विगत २ दशकदेखि कृषि क्षेत्र बिग्रीएको आफूलाई पनि थाहा भएको र राजनीतिक खिचातानीका कारण नेपालको कृषिले प्राथमिकता पाउन नसकेको बताए । ''कृषिलाई राज्यले प्राथामिकतामा पार्नु पर्थ्यो, त्यस्तो हुन सकेन ।'' थापाले भने ।

थापाले कृषिको विकास नहुँदा देशको समग्र अर्थतन्त्र मात्र नभई आथिक, सामाजिक साँस्कृतिक रुपमा प्रभावित पारेको बताए । देशको कृषि पछाडि पर्नु दुर्भाग्य भएको बताउँदै जमीनको सुरक्षामा चाँसो नदिदा राज्यले ठूलो क्षति बेहोर्नु परेको बताए । उनले भने, अब कृषिलाई प्राथमिकतामा पार्नु पर्ने बताए । देशमा राजनीतिक स्वार्थ बाझीएकाले पनि कषिमा प्राथमिकता नभएको हो, थापाले भने । कृषि यतिबेला संकटमा परेको छ । वैकल्पिक मोडल खोज्न तयारी गर्नु पर्छ उनले भने ।

थापाले जोडदिँदै भने, साथै काठमाडौं उपत्यकालाई हेनुहोस् कसरी कृषि योग्य विनाश भयो !

जमीनको सुरक्षा कसले गर्ने ? जमीनको सुरक्षाका गर्न नसक्ने अवस्थामा किसान र हकहित सुरक्षा कसले गर्ने भने । किसानको सुरक्षा गर्न सकेमात्र कृषि क्षेत्रको सुरक्षा हुने हो । कृषिको लागि भूमिको व्यवस्थापन विना कृषि अगाडि नबढ्ने बताए ।

अन्तरक्रिया कार्यक्रममा डा.विष्णु भण्डारीले नेपालमा कृषि, भूमि व्यवस्थापन विषयक कार्यक्रम प्रस्तुत गर्दै नेपालको कृषिको मोडल हिजोको भन्दा फरक ढंगले बनाउनु पर्ने बताए ।

उनले कृषि रणनीतिमा भूमिलाई प्रोत्साहन नगरेको, भूमि बाँझो, रहेको कृषि गणना २०७८ले कृषि ६६ प्रतिशत रहेको र ५४ खर्ब कृषि क्षेत्रबाट योगदान पुऱ्याउँदै आएकोमा घटेर ३४ प्रतिशत बाट २७ प्रतिशत झरेको बताए ।

कार्यक्रमम राष्ट्रिय र कृषक समूह महासंघका अध्यक्ष तथा प्रमुख अतिथि पञ्चकाजी श्रेष्ठले कृषि क्षेत्रको सुधार गर्नु पर्छ भनेर विगतदेखि सरकारलाई झक्झक्याउँदै आएको छ। तर सरकारले किसानको मुद्दाहरूप्रति वेवास्ता गर्दै आएको छ उनले भने ! सरकारले कस्को कुरा सुन्छ ?

बल्ल-बल्ल खाद्य सुरक्षा र खाद्य सम्प्रभुत्ता ऐन बनाए । नियमावाली बनाउन सकेको छैन । आजसम्म पनि कृषि ऐन बन्न नसकेको बताउँदै भूमिको व्यवस्थापन, उत्पादन, बजारीकरणको विषय ओझेल परेको बताए । कृषिमा जोखिम कम गर्न राज्यले पहल नगरेको भन्दै, जसको कारण क्रमश देशको कृषि बिग्रेको बताए ।

साफका कार्यकारी निदेर्शक नरेद्रप्रसाद जोशीले कृषि क्षेत्रलाई सानै भएपनि सहयोग पुऱ्याउने उद्देश्यले कार्यक्रमका आयोजना गरेको बताए ।

कृषि विज्ञ, कृषि उद्यमी, सरोकारवाला संघ( संस्थाका विषय विज्ञहरू शिव अधिकारी, डा.किरण बज्रचार्य, प्रभा पाण्डे, महेश्वर घिमिरे, अम्बिका के.सी, विनोद शाह, विष्णु आचार्य, रामहरी शर्मा, ध्रुवप्रसाद शर्मा, हिम्मत सिंह लेकाली, हिमाल खत्री, दीपक मिश्र, लगायतले कार्यक्रममा आ(आफ्नो धारणा राखे ।

कार्यक्रमको अध्यक्षता साफ फल्चाका अध्यक्ष गीता भट्टराई, सञ्चालन डा.जनक कार्कीले गरेको थिए ।

# जमिन बाँझो राखेर कृषि क्रान्ति हुन्न :क्षेत्री

धनबहादुर मगर

काठमाडौं बैशाख २२ अखिल नेपाल किसान (यनियन), अखिल नेपाल प्रगतिशील किसान संघ, अखिल नेपाल किसान महासंघ ( क्रान्तिकारी), अखिल नेपाल किसान महासंघ (अप्फा)को संयुक्त आयोजनामा ''कृषिमा वाह्य हस्तक्षेप र किसान आन्दोलन'' विषयक अन्तरक्रिया कार्यक्रम गऱ्यो ।

अखिल नेपाल किसान (यनियन)का अध्यक्ष लोकनारायण सुवेदीले क्रान्तिकारी भूमि सुधार विना देशको कृषि भूमिको अवस्था सुधार नहुने बताए ।

कार्यक्रममा नेपाल राष्ट्र बैंक पूर्व गभर्नर दीपेन्द्र बहादुर क्षेत्रीले ९० प्रतिशत जनताले आफ्नो नंग्रा खियाएर उब्जनी गरेकोले २०४२ साल ताका धान चामल निर्यात गर्ने सफल भएको बताए । ९२ प्रतिशत किसान घरपरिवारबाछ ६४ प्रतिशतमा सीमित भएको किसान परिवारहरु ५४ प्रतिशत झरेको बताउँदैन । एउटा परिवारमा २/३ जना वैदेशिक रोजगारमा जाने गरेको र विगत २ वर्षदेखि जमिन बाँझो राख्ने काम गरेको बताए । ५४ खर्वको कूल ग्राहस्थ उत्पादनको हिस्सा २४ प्रतिशत खुम्चिन परेको बताए । हाल बढेर ५७ प्रतिशतमा सीमित भएको र कूल वार्षिक १२२५ डलर पुगेको छ । २४ प्रतिशतमा खुम्चेको र सेवा क्षेत्र बढेर ६४ प्रतिशत पुगेको बताए ।

साम्राज्यवादीहरुको तीव्र वित्तिय दवाबले बैंक, सहकारी, लघुवित्त र वित्तिय संस्थाहरुले जनताको सम्पत्ति तीव्र रुपमा सूचना जारी गरेर कब्जा गरिरहेको बताए । लिलामको सूचना आएको छ । कृषिलाई १४ अर्ब रुपैयाँ अनुदान दिने भनेर वितरण गरिएको छ । खेतमा काम गर्नेले अहं हामीले पाएका छैनौं भन्छन् । कृषि मोडालिटी फेर्ने भनेको छ । पैसा बुझाउने सरकारी पक्षबाट मात्र होइन, हामीबाट  पनि यदाकदा केही वेइमानी गरेका छौं ।

कृषिमा काम गर्ने जनशक्ति घटेर गयो । जोसँग धेरै हेक्टर जमिन लिएको छ उसैले चर्को मूल्यमा बिक्री वितरण गरिरहेको छ । छुट्याएको वजेट खर्च गर्न नसक्ने सरकारले १०औं महिना सकेर २ महिना बाँकी रहँदा ३५ प्रतिशत मात्र खर्च भएको छ । छुट्याएको वजेटले काम गर्न सक्दैन ।

कृषि उत्पादनका लागि सरकारको प्रोत्साहित चाहिन्छ । छिमेकले किसानलाई राम्रो सुविधा दिएकाले लागत कम हुन्छ । १५ वर्षमा पनि चामलको मूल्य उही मूल्य हुन्छ । सरकारले सहयोग गरेको कारण त्यस्तो भएको हो क्षेत्रीले भने । कृषिको लागि छुट्याएको ३ प्रतिशत बजेटले के गर्छ ? कर्मचारीको लागि पनि पुग्दैन । त्यत्रो जनयुद्ध गरेको प्रचण्डले केही गर्न सकेन भने अरुले के गर्न सक्छ ? राजनीति स्थायित्व छैन । भूमि बैंक अवधारणा विश्व बैंकको हो । गुठी किसानको सबभन्दा ठूलो बन्दै छ । द्वैध स्वामित्व हटायौं भने पनि अझै हटेको छैन । नीतिमा भूमि सुधार कार्यक्रम आउँदैन । २१ सालमा ल्याएको भूमि सुधारलाई सिलिङ्गको आधारमा समाधान खोज्नु पर्छ । भूमि सुधारलाई लोप्पा खुवाएको छ । खाद्य सुरक्षा हामीले भन्दै आएको कुरा हो । अन्तसम्म कृषि प्रधान देश भनेर भनिएको छ । भूमि बैंकको अवधारण विश्व बैंकले ल्याएको हो । गुठी किसानको सबभन्दा ठलो समस्या छ । आन्तरिक रुपमा समस्या आयो भने । यही भित्र छटपटाएर सिद्धिने स्थिति आउने सक्ने खतरा छ ।

क्षेत्रीले भने बाँझो रहेको जमिनलाई भाडामा लिएर भएपनि तपाईहरुको कार्यकर्ताहरुलाई जोत्न पठाउनु होस् अनि कृषि क्रान्ति हुन्छ । मात्र सिँचाई र मल बिउ सरकारलाई दवाब दिएर भएपनि पुऱ्याउन लगाउनु पर्छ । आफैले उत्पादन गरेर देखाउन सक्यौं भने दिगो र सफल बन्न सक्छ ।

उत्साहित युवाहरुले फेदिखोलामा शुरु गरेको कृषि प्राविधिक कारणले गर्न सकेन । कारण सबै भएर पनि खेती भन्दा झार प्रकोप बढी भएको थियो ।

तर अहिले एमाले निकट किसान साथीहरुले राम्रो काम गरेका छन् । बाँझो नराख्न कार्यक्रम अन्तर्गत स्थानीय तहले सहयोग गर्ने वातावरण बन्छ ।

अखिल नेपाल किसान महासंघका महासचिव नहेन्द्र खड्काले भारतको बैजनाथपुरमा पुष्पलालको नेतत्वमा गठन भएको किसान संघ किसानको विषयमा आफ्नो मुद्दा नछोडेको बताए । राज्यको पुनर्संरचना भईसक्दा पनि पटक(पटक वामपन्थी पार्टीहरुको सरकार बने पनि कृषि र भूमिको मुद्दा हल गर्न नसकेको बताउँदै किसानहरु एक नभएसम्म पूरा नहुने बताए ।



म आवद्ध किसान संगठनको पार्टी प्रधानमन्त्री भएपनि पाटीहरुको कठघरामा उभेका छौं । ६ किसान संगठनको तर्फबाट कहीँ पनि वाधा अवरोध गरेका छैनौं । कार्यक्रम ६ वटै संगठन भएर गर्नु पाएको भए राम्रो हुन्थ्यो ।

किसानको मुद्दामा हामी जहिले पनि तयार छौं । किसान संगठनको विषयमा छलफल गर्नु पर्ने छैन । समस्या सबैलाई थाहा छ । हामी भाग्नु खोजेका छैनौं । किसान आन्दोलनमा नजानु भनेर प्रचण्ड सरकारले रोकिएको छैन । सबैभन्दा ठूलो विषय संकीर्णता छाड्ने हो । हामीले आन्दोलनको लागि दलित, सुकुम्वासी, भूमिहिन किसानसँग आन्तरिक मोर्चा मार्फत संघर्ष गर्ने तयारी गरेका छौं । भूमि बैक चाहिन्छ भन्नेहरू होइन, नभन्नेहरु सहितको हुनुपर्छ । किसान आन्दोलनसँग मोदी सरकार समेत झुक्नु पऱ्यो । किसान आन्दोलनमा मोदीको किसानहरु पनि थियो ।

अखिल नेपाल किसान महासंघका अध्यक्ष बलराम बास्कोटाले । संकर्णीता र उदारता आन्दोलन लागि दुबै खतरा भएको बताए । आन्दोलन विना पार लगाउन सक्दैन ।

जनतालाई समाजवाद दिशातर्फ लानु पर्नेछ । म एमालेमा छँदा पनि कृषिका विषय छोडेको थिएन । केपीकै पालामा खाद्य सम्प्रभुत्ताको नियमावाली आएको छ । किसान अधिकारको घोषणपत्र पारित गराउने संयुक्त राष्ट्र संघलाई जारी गर्न हाम्रो हात रहेको छ । केही भएको छैन भन्ने कुराबाट मुक्त हुनुपर्छ । अहिले दलाल पूँजीवादको कुरा हो । अहिले विश्वमा हाइपर इम्पेरिएलिज्म आएको छ । दलाल पूँजीपतिहरूको हालीमुहाली छ । कृषि क्षेत्रमा ब्लक डिभिजनको शुरु भएको छ । कृषिलाई सामुहिकीकरण गर्नुपर्छ ।

नेपाल प्रगतिशील किसान संगठनका अध्यक्ष कुमार वेलबासेले लगानी सम्मेलन नै नीति निर्माण तहमा जेलिएको छ । लगानी सम्मेलन ऐन कानुन अध्यदेश मार्फत संशोधन भएको छ । बाह्य हस्तक्षेको विरुद्ध बोल्नु पर्छ ।

अखिल नेपाल किसान महासंघ क्रान्तिकारीको अध्यक्ष केवी गुरुङले १३.१ प्रतिशत आयत १२ खर्ब आयत, १ खर्ब निर्यात छ । गुन्द्रुक समेत आयत हुने थालेको प्रति चिन्ता व्यक्त गर्दै आन्दोलन केको लागि गर्ने भने ? किसान कहाँ छ ? किसान र कृषिलाई हेर्ने धारणा के छ ? आफूले पनि स्वयम् पनि किसान गरेको छु । सामन्ति साँस्कृति छ ।

किसान महासंघको उपाध्यक्ष समीर सिंहले नेपालको वामपन्थी आन्दोलन स्थापित हुनुमा किसान आन्दोलन प्रमुख भूमिका खेलेका छन् । हिजो सामन्तवादको चर्को शोषण थियो । वर्षभरि गरेको मिहिनेतले अन्न फलाउँथे । किसान आन्दोलनलाई दार्शिनक आँखाले हेर्नुपर्छ । किसान आन्दोलनका कसरी उठाउन सक्छौं । देशको निर्णायक शक्ति भनेको नेपाली जनता हो । शहरमा बसेका वौद्धिक वर्गले आन्दोलन उठन सक्दैन । विदेशी उत्पादनसँग प्रतिस्पर्धा गर्न सक्दैन । कार्यक्रमका अध्यक्ष सीताराम तामाङले सरकारको नीति यसरी नै लागु गरिरहने हो भने १० वर्षपछि आफ्नो भन्ने केही नरहने बताए । र किसान आन्दोलन माथि वाह्य हस्तक्षेप छ ।

अखिल नेपाल किसान महासंघ (अप्फा)का अध्यक्ष भैरव रिसालले किसानले उत्पादन गर्दछ तर उत्पादन गरेको वस्तुले बजार पाउँदैन । र सरकारले नुन, तेल बिक्री गर्न हुने, किसानको उत्पादन बिक्री गर्न किन नहुने ? भन्ने प्रस्न गर्दै बुद्धिजीवीहरुले आत्मसाथ नगरीकन आन्दोलन सफल नहुने बताए ।

# मुलुकको निर्यात व्यापारलाई प्राथमिकता दिनुहोस्

काठमाडौं । कृषि तथा पशुपन्छी विकास मन्त्री ज्वालाकुमारी साहले चिया तथा कफी विकास बोर्डले आफ्नो उद्देश्यानुसार काम गर्न नसकेको भन्दै असन्तुष्टि व्यक्त गरेकी छन् । ' २८ औं राष्ट्रिय चिया दिवस ( २०८१ ' को अवसर पारेर आज राजधानी काठमाडौंको कीर्तिपुरमा आयोजित एक कार्यक्रममा मन्त्री साहले यस्तो असन्तुष्टि जनाएकी हुन् । भत्ता र सरुवा, बढुवाको माग गर्ने बोर्डले मुलुकको निर्यात व्यापारलाई बढावा दिने गरी चिया तथा कफीको गुणस्तरीय उत्पादनमा जोड दिनु पर्ने मन्त्री गरिन् ।

इलाम वा झापाको चिया बगानमा सो कार्यक्रम आयोजना गरेको भए धेरै राम्रो हुने मन्त्री साहको भनाइ छ ।'आज यो कार्यक्रम एउटा हलमा सीमित छ । मलाई पनि कताकता खुल्दुली लागिरहेको छ, यो कार्यक्रम इलामको कुनै बगानमा गर्नु पर्थ्यो, अथवा झापाको कुनै बगानमा गर्नु पर्दथ्यो', मन्त्री साहले भनिन्,'चिया बगानमा गर्दा अझ बेटर हुन्थ्यो कि भन्ने मलाई लागेको छ ।' मन्त्री साहले देशलाई समृद्ध बनाउन कृषि क्षेत्रले महत्त्वपूर्ण योगदान दिने भएकाले



साहले बताइन् । ६० हजारभन्दा बढी मानिसहरुलाई रोजगारी दिने चिया तथा कफी क्षेत्रले मुलुकको समृद्धिमा योगदान दिन सक्ने भएकाले सोहीअनुसार काम गर्नु पर्ने मन्त्री साहले औंल्याइन् । मन्त्री साहले राष्ट्रिय चिया दिवस चिया बगानमा नै मनाउन आवश्यक रहेकामा जोड दिइन् । मन्त्री साहले काठमाडौंको हलमा कार्यक्रम आयोजना गरिएकामा पनि असन्तुष्टि व्यक्त त्यसमा देखिएका समस्या समाधान गर्दै अघि बढ्ने हिम्मत गर्न व्यवसायीलाई आग्रह गरिन् । यस्तै, कार्यक्रममा बोर्डका निमित्त कार्यकारी निर्देशन डा. दीपक खनालले इलाममा उपनिर्वाचन भएको र त्यसको प्रभाव झापा, पाँचथरलगायत जिल्लाहरूमा पनि पर्ने उल्लेख गरे । सोही कारण यसपटक सो क्षेत्रमा गएर राष्ट्रिय चिया दिवस मनाउन नसकिएको खनालले स्पष्टीकरण दिए ।



# हुम्लाको सिँचाई र संरक्षणको पर्खाईमा

जलस्रोत सम्पदाको कुरा गर्दा नेपाल विश्वमा दोश्रो श्रेणीमा पर्दछ । तर जलश्रोत सम्पदाको उपयोगको हिसाबले भन्ने हो भने निराशाजनक देखिन्छ । कर्णाली प्रदेशको हुम्ला जिल्ला विकास सुचाङ्कको हिसाबले अविकसित जिल्लाहरुमध्ये चौथो श्रेणीमा पर्दछ । देश संघीयतामा जानु अघिसम्म सरकारको नियमित रुपमा जिल्लाहरुमा निकासा हुने रकमको हिसाबले भन्ने हो भने यो जिल्ला पाँचौं श्रेणीमा पर्दथ्यो (रु. ११७० प्रति व्यक्ति प्रति वर्ष) । यति ठूलो रकम जिल्लामा भित्रंदा पनि विकासको हिसावले अविकसित जिल्लाहरुमध्ये चौथो श्रेणीमा पर्नुको विडम्बना के हो सबैले सोंच्नुपर्ने विषय छ ।

जिल्लाको कुल जनसंख्याको ९३% जनताहरु कृषिमा निर्भर छन भनिएको छ तर अधिकांश घर परिवारलाई वर्षको ६ महिना पनि खान पुग्दैन । कृषि उत्पादनको हिसाबले हुम्ला जिल्ला कम उत्पादन हुने जिल्ला मध्यम तेश्रो श्रेणीमा पर्दछ । यस जिल्लाको कुल क्षेत्रफलमध्ये ०.८६% जीमन मात्र खेति योग्य जमिन छ । हुम्ला जिल्लालाई हिमाली जिल्ला भनेर चिनिन्छ ।

हुम्ला जिल्लामा हुम्ला कर्णाली नदि सहित अनगिन्ति खोलानालाहरु छन् तर तिनीहरुले एकाध बाहेक सुख्खा पाखा सिँचाई गर्दैनन् । सिँचाई आँफै त हुँदैन मान्छेले व्यवस्थित गर्नु पर्छ ।

हुम्लाका जनता कृषिमा निर्भर छन्, तर नब्बे प्रतिशत भन्दा बढीलाई वर्षमा तीन महिना पनि खान पुग्ने अन्न उत्पादन हुँदैन । कृषि उत्पादनको हिसाबले यो जिल्ला कम उत्पादन हुने जिल्लाहरू मध्ये तेस्रोमा पर्छ । खेती गर्नका लागि योग्य जमिन नै छैन । खेतीपातीका लागि अयोग्य भू(भागको हिसाबले यो जिल्ला तेस्रो श्रेणीमा पर्छ । यो जिल्लाको कुल भून्भागको झण्डै ९२% क्षेत्र ३० डिग्री भन्दा बढी भिरालो छ । ३० डिग्री भन्दा बढी भिरालो जमिनमा फलफूल बाहेक अरू खेती गर्नु हुन्न किनभने भिरालो जमिनको माटो खोस्रे पछि सबै बगेर जान्छ । त्यसैले त्यस्तो खालको भू(वनौट भएको ठाउँमा फलफूल खेती बाहेक अरु उपयुक्त हुँदैन । फलफूल खेती गर्‍यो भने माटोलाई धेरै खनजोत गर्नु पर्दैन



हुम्ला जिल्लामा सिँचाई आयोजनाहरूको हिसाब गर्ने हो भने साना ठूला गरि पचास वटा भन्दा बढी आयोजनाहरू सञ्चालन भै सकेको देखिन्छ । तर सिँचाई भएको जमिन हेर्ने हो भने पाँच प्रतिशत मात्रै छ । अर्को विडम्वना के छ भने किसानहरूले आफ्नै क्षमताबाट निर्माण गरेका सिँचाई योजना जमाना देखि मज्जाले चलिरहेछन्, तर सरकारी र गैरसरकारी निकायबाट सञ्चालित आयोजनाहरू गतिलोसँग चलेका छैनन् । दार्माको तामे कुलो हजारौं वर्ष पूरानो हो, जसलाई जनताहरूले आँफैले व्यवस्थित रूपले सञ्चालन गरिरहेका छन् । तर जिल्लाको बीचैबाट कर्णाली नदी अविरल रूपमा बगिरहेको छ, तर कर्णालीका जनता भने मुकदर्शक भएर हेर्नु बाहेक अर्को उपाय छैन । कर्णाली नदि मात्रै हैन, यसका अनगिन्ति सहायक खोलानालाहरू गल्फागाड, नेरागाड, कवारी खोला, करण खोला, गुरगुरे खोला, खोल्कि खोला, लिमी खोला, चौगनफाया खोला, लुड्पे खोला, चुवा खोला, रोडिकोट खोला, टाके खोला, मिमी खोला, टाङ्गी खोला यहाँका सुख्खाग्रस्त पाखाहरूलाई जिस्क्याउँदै कर्णालीमा मिसिएर बंगालको खाडी भेट्न कुदिरहेका छन् । यी खोलानालाहरू र सुख्खाग्रस्त पाखाहरूलाई एक तमासे बनेर रमिता हेरेर बस्नु बाहेक अर्को उपाय देखिएको छैन । बरु पहिला पहिला पूर्खाहरूले यी खोलानालाहरूको पानी थुनेर अलिअलि भने पनि खेती गरेका थिए । गाउँमा सरकारको अनुदान आउन थालेपछि त जनताले परिश्रम गर्ने छोडे अनि अलिअलि गरेको खेती पनि गर्न छोडे । जनताले अझ बढी परिश्रम गरून्, त्यसबाट बढी प्रतिफल लिउन् भनेर सरकारले अनुदान पठाउन थालेको हो । पछिल्लो समयमा अनुदान भएन भने कामै नगर्ने प्रवृत्ति बढेको छ । हुम्ला जिल्लामा भैरहेको खाद्यान्न बिक्री अनुदानले परनिर्भरता बढाएको ज्वलन्त उदाहरण हो । सरकारले वि सं २०३२ सालदेखि वर्षेनी करोडौं रुपैयाँ ढुवानी अनुदान दिएर जिल्लाको सदरमुकाममा खाद्य संस्थान मार्फत खाद्यान्न बिक्री गरिरहेको छ । यसले जिल्लाका जनताहरूको खाद्य संस्थान प्रतिको निर्भरता झनै बढायो । एकातिर सरकारले खाद्यान्न ढुवानी गराएर पर निर्भरता बढायो भने अर्कातिर जिल्लामा रहेका कुकुरफाल्ना, कालागाड, खार्पूनाथ, मैला, माझकोट, पालचौर, मारगोर, मकै जस्ता ठूला-ठूला सुख्खाग्रस्त पाखाहरू सुख्काग्रस्त नै रहिरहे । जिल्लाको विभिन्न ठाउँहरूमा सिँचाईका थुप्रै सम्भावनाहरू हुँदा-हुँदै यस तर्फ कसैको पनि चासो नपुगेको कुरा बाहिर आएको छ । सिंचाईकै लागि थुप्रै संघ(संस्था खोलिएका छन्, लाखौं, करोडौं खर्च भईसकेको छ तर खोलानालाहरु टुलुटुलु हेरेर बसिरहनु पर्ने अवस्था छ । सुख्खाग्रस्त पाखाहरूमा सिँचाई सुविधा छैन अलिअलि खेती हुने ठाउँमा पनि आकाशे पानीको भरमा खेती गर्नुपर्छ । हुम्ला जिल्लामा सरकारी निकायका सिँचाई कार्यालय अझै स्थापना भएको छैन । जुम्लामा रहेको कार्यालयले वर्षमा मुश्किलले दुई, तीनवटा आयोजनाहरू सञ्चालन गर्छ । सबै आयोजनाहरू सञ्चालनमा नआउँदै सम्पन्न हुन्छन् । सिँचाई आयोजनाहरू आवश्यकता र प्राविधिक दृष्टिकोणले भन्दा पनि राजनैतिक उद्देश्यले प्रेरित हुन्छन् । त्यसैले ती आयोजनाहरू कहिल्यै सम्पन्न हुँदैनन् । हुम्ला

जिल्लाको खार्पुनाथ सिँचाई आयोजना देशकै सबैभन्दा ठूलो स्प्रिङ्कल सिँचाई आयोजना हो । उक्त आयोजनाको लागि २० वर्ष अघि झण्डै पचासी लाख रूपैयाँ खर्च भयो । यति ठूलो रकम खर्चेर सम्पन्न भयो भनिएको आयोजनाबाट सिँचाई सुविधा भन्दा पनि कुटानी पिसानीका लागि घट्ट मात्रै सञ्चालन भयो ।

एक पटक सिँचाई कार्यालयले कुकुरफाल्ना( कालागाड सिँचाई आयोजनाको लागि चौंतिस लाख रूपैयाँ खर्च गऱ्यो, तर पानी चलेन । लिम्ले(सिमज्युला सिँचाई आयोजनामा बीस लाख रूपैयाँ खर्च गऱ्यो, त्यहाँ पनि पानी चलेन । यी आयोजनाहरू मात्र हैन, सरकारबाट सञ्चालन हुने हरेक सिँचाई आयोजनाहरूको समस्या एउटै छ । कुलो खन्दै माथि तिर गयो, तल तिर पुरिंदै गयो । हिंड्दैछ, पाईला मेट्दैछ भने जस्तै । आयोजनाहरू कहिले चालु हुन्छन्, कहिले सम्पन्न हुन्छन्, कहिले देखि जनताहरूले फाईदा लिन शुरू गर्छन्, न जनताहरू भन्न सक्छन्, न त्यसमा कार्यरत कर्मचारीहरू भन्न सक्छन् । जिल्लामा कतिवटा आयोजनाहरू सम्पन्न भए, कतिवटा सञ्चालनमा छन्, हाल कतिवटा चालु अवस्थामा छन्, कतिवटा असफल भए, कतिवटामा सम्भावना छ, त्यसको तथ्याङ्क कहिँ कतै भेटिंदैन । अर्को विडम्वना के छ भने प्राविधिकले नेतालाई दोष दिन्छ, नेताले प्राविधिकलाई दोष दिन्छ । जनताहरू दुबैलाई दोष दिन्छन्

जहाँ गाह्रो, त्यहिँ साह्रो भने झैं छ । जिल्लाको यारी देखि कवारीसम्म, नारादेखि चंखेलीसम्म अनगिन्ति खोलानालाहरू अविरल रूपमा बगिरहेका छन् । पहिले पहिले जनताहरूमा स्वावलम्बी भावना थियो, आफ्नो क्षमता र बलबुताले भ्याउने ठाउँहरूमा कुलो बनाएर सुख्खाग्रस्त पाखाहरूलाई पँहेलपूर धान झुल्ने फाँटहरूमा बदल्थे । तर अहिले जमाना बदलियो । जनतामा आफ्ना लागि आँफैले काम गर्नुपर्छ भन्ने भावना हराएर गयो । पहिला यहाँका मान्छे धेरै परिश्रमी थिए । राज्यको उदासिनताका कारणले यो क्षेत्र, यहाँका बासिन्दा पछि परे ।

पहिले यहाँका मान्छेले गरेको परिश्रम हेर्ने हो भने आश्चर्यजनक लाग्छ । यो ठाउँका वासिन्दाको हिम्मतको चर्चा गर्ने हो भने तामे कुलोको नाम लिनै पर्छ । यो जिल्लाको तामे कुलो सबैका लागि उदाहरणीय छ । जिल्ला सदरमुकामबाट झण्डै पन्चानब्बे कि मी पूर्वमा रहेको तामे दह सिँचाईका साथै धार्मिक हिसाबले पनि उत्तिकै महत्वपूर्ण छ । तामे दह चिन्नेलाई श्रीखण्ड नचिन्नेलाई खुर्पाको बिँड भने जस्तै भएको छ । तामे दहको सहायक मुहान डोब खोला हो । डोब खोला वर्षा याममा मात्र चल्छ, हिउँदमा सुख्खा हुन्छ । त्यसैले तामे कुलो पनि हिउँदमा भन्दा वर्षायाममा राम्ररी चल्छ । कुलोको लागि तामे दह भन्दा दुई सय मीटर जति तल बाँध बाँधेको छ । बाँध भन्दा तल ढुङ्गाका अंतरकुन्तर र ढाँडहरूमा माटो कोचेर, पहिरो जाने ठाउँहरूमा काठका पँदालाहरू हालेर कुलो चलाईएको छ । ठाउँ ठाउँमा बीस(पच्चिस हात लामो पच्चिस( तीस वटा काठका पँदालाहरू जोडेर पानी चलाउनु भनेको ठट्टाको कुरा छैन । कुलोमा लगाएका काठका पँदालाहरू डढेलोले जल्ने, भत्किने, ढाँडबाट पानी चुहिएर जाने समस्या छ ।

तामे कुलोको लम्बाई झण्डै एघार किलो मीटर छ । कुलोलाई दार्मा र मिमी गाउँको शिरानमा रहेको बजेलीखाडामा दुई भागमा बाँडिएको छ । अहिले ठाडे र सियाले अहटबाट सिँचाई हुन्छ । बजेलीखाडा अनि अहट भनेको हुम्ली भाषामा ठूलो गहिरो परेको फराकिलो चौरलाई खाडा भनिन्छ । बजेली भनेको ठाउँको नाम हो । अहट भनेको हाँगा छुट्टिएर गएको कुलो हो । त्यहाँबाट बाँडिएको दुईटा अहटले दार्मा र मिमीको सिँचाई हुन्छ । शुरूमा बजेलीखाडामा आउने लडेखाला मूल र शिरान मूलको पानी एकै ठाउँमा मिसाएर सिँचाई गरिन्थ्यो । पछि त्यसको पानीले नपुगेर तामे दहको पानी मिसाईयो । पुर्खाले आर्जेकोले अहिले दुई दुईवटा गाउँका जीउलाहरूमा धान फल्छ । हुम्ली भाषामा खेतलाई जीउला भनिन्छ । ठाडे अहट भनेको ठाडो कुलो र शियाले अहट भनेको वर्षैभरी पानी चलि रहने तेर्सो कुलो हो । तामे कुलोको ठाडे अहटमा पन्र वटा र शियाले अहटमा पच्चिस वटा घट्टहरू मजाले चलेका छन् । चैत, बैशाख, जेठ र असार गरि वर्षमा चार महिना पानी अपुग हुने भएकोले घट्ट चल्दैनन् । वर्षमा आठ महिना मात्रै चल्छन् । चार महिना गाउँका छोट्टी, बैकिनीहरूलाई त हैरानै हुन्छ । हुम्ली भाषामा बिहे नभएका केटीहरूलाई छोट्टी र बिहे भएका महिलाहरुलाई बैकिनी भनिन्छ । यो अहट कहिलेदेखि सञ्चालनमा आएको हो भन्ने कसैलाई यकिन छैन । कसैले बाईसै चौबिसै राज्य हुँदाका पाला बनेको भन्छन् भने कसैले भारतको चित्तलगढबाट ठकुरीहरू आएर बसोबास गर्दा देखि नै बनेको भन्छन् । बाईसै चौबिसै राज्य हुँदाका पाला जिम्माल मुखिया भनेका विक्रम शाही, धन शाही, गोर शाही थिए रे । तिनीहरूकै ईशारामा कुलो बनेको भन्ने सुनिन्छ । यसको ईतिहास लेखिएको छैन । यो हजारौं वर्ष पुरानो कुलो गाउँलेको साहस र हिम्मतले आजसम्म चलेकै छ । फलामका औजारहरू पाउन अहिले त मुश्किल पर्ने यो ठाउँमा त्यसबेला यति ठूलो कुलो कसरी बनाए होलान्, कसरी सर्भे, डिजाईन, ईष्टिमेट, लेआउट गरे होलान अचम्म छ ।

हजारौं वर्षदेखि चल्दै आएको यो कुलोको व्यवस्थापन पक्ष पनि अरुहरूले सिक्न योग्य छ । हरेक वर्ष दुबै गाउँका बासिन्दाहरू बैशाख र जेठ महिनाको पहिलो साता प्रत्येक घरका एक(एक जनाका दरले कुलामा जानै पर्छ । कुलामा जाने भनेको कुलोको सरसफाई, मर्मत सम्भार गर्न जाने भनेको हो । गाउँलेलाई थाहा दिन डाँको हाल्ने, दमाईले बाजा बजाउँदै गाउँ गाउँ डुलेर फलाको हाल्ने गरिन्छ । अहिले मोबाईल फोनको जमाना भएकोले डाँको हाल्ने, दमाईले बाजा बजाउँदै गाउँ(गाउँ डुलेर फलाको हाल्ने चलन भने घटेको छ । गाउँलेहरूले आ(आफ्नो सामल तुमल पोको पारेर भनेको दिन अघि अघि बाजा बजाउँदै पछि(पछि नाच्दै, गीत गाउँदै औजार, भाँडा( कुँडा, पीठो, चामल बोकेर बाटो लाग्छन् । पहिलो दिन रिमी गाउँको माथिल्लो चौरमा बास हुन्छ । कुलामा जाँदा आ(आफ्नो गाउँका छुट्टा(छुट्टै टोली बनाएर बस्ने चलन छ । टोलीमा सानो उमेरका व्यक्तिहरूले पानी ल्याउने, दाउरा बटुल्ने, खाना पकाउने, भाँडा सफा गर्ने काम गर्छन् भने बलिया तरूनी, तन्नेरीहरूले औजारको बिँड बनाउने, सामान ओसार्ने काम गर्छन् । कुलोको पानीले मिमीको ब्याँफू, ऐडिबाडा, कालाभिड, रोकायाबाडा र माठाबाडामा सिँचाई हुन्छ भने दार्माको गर्खा, देबकोटाबाडा, भिडगाउँ, भट्टेबाडा र रिमी गाउँ सिँचाई हुन्छ । ब्याँफू, ऐडिबाडा र कालाभिड उँचाईमा पर्ने हुनाले जेठ तिरै रोपी सक्नुपर्छ भने अन्यत्र साउनको दोश्रो सातासम्म रोपे हुन्छ । रोपाईको सिलसिलामा देउडा गाउने चलन पनि छ । भोलीपल्ट बिहान को आयो, को आएन हाजिरी हुन्छ र नआउनेलाई के कस्तो जरिवाना गर्ने भन्ने निर्णय त्यहिँ हुन्छ । त्यहाँबाट कुलो सफा गर्दै मर्मत गर्दै माथि तिर लाग्छन् र डोब भन्ने ठाउँमा बास बस्छन् । गाउँलेहरूले डोबसम्म गाई भैंसीको

गोठ लैजाने चलन छ । त्यहाँ प्रशस्त दूध, दही, मोही खान पाईन्छ । त्यहाँबाट माथि काम गर्दै गएर बेलुका त्यहिँ बास बस्न फर्कने चलन छ । त्यहाँ कुलोको रेखदेख र मर्मत सम्भारका लागि कुल्यारा छानिन्छ । कुल्यारा कसलाई छान्ने भन्ने निर्णय गर्दा बढी सक्रिय र खान नपुग्ने व्यक्तिलाई छानिन्छ । कुल्याराले राम्रो काम गऱ्यो भने धान बाली थन्क्याउने बेला हरेक घरबाट एक(एक पाथी धान कुल्यारालाई दिईन्छ । ढिकाईलामा साउनमा मात्रै पानी पुग्छ र गर्मी हुने हुँदा साउनमै रोपे पनि कात्तिकमा धान पाक्छ । तर, बारू खोला भन्ने ठाउँ उँचाईमा पर्ने हुँदा जेठमै रोप्नु पर्छ । हुम्ली भाषामा ढिकाईला भनेको पुछारको ठाउँ भनेको हो । रोपाईं गर्दै जाँदा अन्तिममा जसलाई पर्छ, उसको राम्रो मानिदैन । त्यसैले सबैले हतार(हतार गरेर रोपाईं सक्न खोज्छन् । त्यहि भएर देउडा गीत गाउने बेला “साउन रोप्यो ढिकाईला अ जेठ बारू खोला, अईले सालको मई जाडो को लाई पड्ने होला भनेर गीत गाउँछन् । रोपाई गर्न सबैलाई हतार हुने भएर “माँ मरी सुपा तोडि” भन्ने उखान गरिन्छ ।  यो भनेको रोपाईं गर्ने बेला आमा मरिन भने पनि नाङ्लोले छोपेर रोपाईं गर्नु जानुपर्छ भनेको हो । असारे गीत गाउने, हिलो छ्यापाछ्याप गर्ने, बीउको मुठाले होन्ने, दमाईहरूले बाजा बजाएर रमाईलो गर्ने हुनाले थकाईको महसुसै हुँदैन । त्यस्तो रमाईलो गरेर रोपे पछि तराईमा जस्तो नफले पनि एक बिघामा सरदर पन्ध्र बीस मुरी फल्छ ।

यस्ता खोलानालाहरु, यस्तो सामाजिक परम्परा र सँस्कृति भएको ठाउँमा सुख्खाग्रस्त पाखाहरुमा सिँचाई सुविधा पुऱ्याउन सकेमात्र हुम्लाको विकास सम्भव छ ।

ठेकेदारहरुलाई नेताहरुको आशिर्वाद र मिलेमतो, सबैलाई नेपालगञ्ज, सुर्खेत र काठमाण्डौंमा घर बनाउने मोह, ठेकेदारहरूको कामको मूल्याङ्कन, जाँचपास र फर(फारक गर्न प्राविधिकहरू संबन्धित ठाउँमा नगईकनै कमिशन पाउने आशामा सदरमुकाममै बसेर कागजात तयार पार्ने, अरूलाई मात्र दोष दिने परम्परा,

ईमान्दारीपूर्वक काम नगर्ने परिपाटी, सुल्फा तानेर, गफ गरेर दिन बिताउने प्रवृत्ति, आयोजनाको गुणस्तर घटाएर नाफा कमाने होड नत्याग्ने हो भने फेरि पनि हुम्लामा विकास सम्भव छैन ।

**बाँकी १९ पृष्ठमा ........**

# विश्व बैंकले जलवायु ऋण

विश्व बैंकले जलवायु ऋण र जलवायु परिवर्तनका नाममा नेपालमा ऋण थोपरिरहेको भन्दै अभियन्ताहरू सडकमा उत्रिएका छन् । काठमाडौंको दरबारमार्गमा अभियन्ताहरुले शुक्रबार शान्तिपूर्ण प्रदर्शन समेत गरेका छन् ।

विशेषगरी विश्वका दक्षिणी राष्ट्रहरूमा जलवायु लचिलोपनको नाममा विश्व बैंकले जलवायु ऋण थोपरिरहेको भन्दै त्यसविरूद्ध अभियन्ताहरू सडकमा उत्रिएका हुन् ।



अभियन्तासँग जोडिएका विभिन्न गैरसरकारी तथा निजी संघ-संस्थाहरूले विश्व बैंकको ऋणले नेपाली जनता पीडित रहेकाले बन्द गर्न माग राख्दै प्रदर्शन गरेका हुन् । प्रदर्शनपछि सहभागी अभियन्ताहरूले हस्ताक्षरसहितको ज्ञापन पत्र विश्व बैंकको नेपालस्थित कार्यालयमा बुझाएका छन् । अमेरिकाको वासिङ्टन डिसीमा अप्रिल १७ देखि १९ सम्म ‘आइएमएफ(डब्लू बी’ वसन्त बैठक भइरहेको मौका उक्त कार्यक्रम गरेको हो । यही बेला अभियन्ताहरूले विश्व बैंकको अगाडि युवा, नागरिक समाज, अभियन्ता, आदिवासी, जनजाति, अल्पसंख्यक, वास्तविक कृषि फार्म गरिरहेका सीमान्तकृत, भूमिहीन, महिला, साना किसान, श्रमिक तथा कानुनी अभियन्ताहरू शान्तिपूर्ण प्रदर्शन गरिरहेका छन् । अभियन्ताहरूका अनुसार ‘आइएमएफ( डब्लू बी’को वसन्त बैठकलाई केन्द्रित गरी नेपाललगायत फिलिपिन्स, पाकिस्तान, बंगलादेश, श्रीलंका, अमेरिकाको वासिङ्टनमा पनि यस्तैखाले दबावमुलक प्रदर्शनहरू भएका थिए । अहिलेको बढ्दो जलवायु संकटले नेपालको कृषि जीविकोपार्जन, वन र अर्थतन्त्रमा गम्भीर असर परिरहेको अभियानमा सहभागीहरुको राय छ ।

‘पछिल्ला केही वर्षहरूमा जलवायु परिवर्तनद्वारा निम्तिएका विपदका घटना बढिरहेका छन्, जसका कारण धेरै मानिस विस्थापित हुनुपरेको छ,’ अधिकारीले भने, ‘विकसित देशहरूले जलवायु वित्त र ग्रीन क्लाइमेट फन्ड अन्तर्गत के प्रतिवद्धता जनाएका छन् र के दिएका छन् भन्नेबीच ठूलो बेमेल रहेको छ ।’

उनका अनुसार विश्वका दक्षिणी राष्ट्रहरू तथा सिएसओएसले अनुदानको रुपमा समर्पित, अतरिक्त, समयसापेक्ष र अनुमानित जलवायु वित्तको लागि आह्वान गर्दै आएका छन् । यद्यपि, विश्वको उत्तरी राष्ट्रहरू र यसका बहुपक्षीय एजेन्सीहरूको संकटलाई सम्बोधन गर्ने नाममा जलवायु ऋणका लागि जोड दिइरहेका छन् । त्यसकारण ऋण अस्वीकार्य रहेको र दक्षिणी राष्ट्रहरूका सरकारको लागि जलवायु न्यायको सिद्धान्तको विरूद्ध रहेको दाबी गरेको छ । ‘हालका वर्षहरूमा विभिन्न बहुपक्षीय बैंक, संस्थाहरूले जलवायु संकटलाई सम्बोधन गर्न ऋणको लागि जोड दिइरहेका छन्, त्यसमा आवद्ध परियोजनाहरूले जनताभन्दा नाफालाई प्राथमिकता राख्छ,’ प्रदर्शनमा सहभागी भएका दिगो विकास इन्स्टिच्यूटको दावी गरेको छ, ‘यसले ऋण सिर्जना गर्ने संयन्त्रलाई बढावा दिन्छ, जसले नेपाली नागरिकलाई ऋणको बोझ थप्छ ।’ ऋणको चक्रमा फसेका दक्षिणी राष्ट्रहरूको वर्तमान अवस्थाले जलवायु पहललाई वित्तपोषण गर्ने वर्तमान शैली त्रुटिपूर्ण र प्रभावहीन रहेको विश्लेषकहरुको राय रहेको छ ।

विश्वव्यापी रुपमा परिचालित जलवायु वित्तको कूल ७० प्रतिशत ऋणको रुपमा रहेको छ । यसले विकासोन्मुख देशहरूको विनाशर्त वा अनुदानमा आधारित वित्त पहुँच गर्ने अधिकारको हनन् गरिरहेको छ ।

# आलुको उत्पादनोपरान्त प्रविधि र भण्डारण प्रविधिको प्रयोग

**परिचय:**

आलुबालीबाट प्रशस्त फाईदा लिनको लागि आलुको उत्पादन बढाएर मात्र पुग्दैन । आलु उत्पादन पश्चात उचित भण्डारण गर्न सकेमा मात्र आलुबाट प्रशस्त फाईदा लिन सकिन्छ । अन्नवालीको तुलनामा आलु दानामा ८० प्रतिशतसम्म पानी हुने भएकोले धान, मकै, कोदो जस्तो लामो समय भण्डारण गर्न सकिदैन ।

सावधानी नअपनाई आलु भण्डारण गरेमा कीरा, मुसा, रोग तथा प्रतिकुल वातावरणको कारण चाडै नोक्सान हुने गर्दछ । शित भण्डारणमा भण्डारण गर्दा ७(८ महिनाको समयमा ८(१० % सम्म नोक्सानी हुन जान्छ । साधारण अवस्थामा लामो समयसम्म भण्डारण गर्दा तौलमा ३०(४० % सम्म



नोक्सानी हुने हुँदा बढी घाटा हुन जान्छ । भण्डारण गरिने आलुलाई बढी नोक्सानी हुनबाट जोगाउन आलु खनीसकेपछि उचित प्रविधिको आवश्यक पर्दछ । भण्डारण आलुलाई बढी क्षती हुनबाट जोगाउन आलु खेती गरिने प्रविधि देखि नै निम्नअनुसार बुँदामा विशेष होशियारी अपनाउनु पर्दछ ।

**१) जातीय छनौट :**

जातीय गुण अनुसार आलुको भण्डारण तथा प्रशोधन गुणमा फरक पर्ने हुँदा, लामो समयसम्म भण्डारण गर्न सकिने र प्रशोधनका लागि उपयुक्त ठहरिएका जातको मात्र छनौट गर्नु पर्दछ ।

**२) मलखादको प्रयोग :**

बढी मात्रामा नाइट्रोजन मलको प्रयोग गर्दा आलु छिप्पिने समय बढ्न जाने, बढी मात्रामा पानीको जम्मा हुने, सुख्खा पदार्थ तथा सापेक्षिक आर्दता कम हुने हुँदा त्यस्ता आलु लामो समयसम्म भण्डारण गर्न नसकिने हुन्छ । फस्फोरस मलले भण्डारणमा खासै असर गरेको नपाईएता पनि यसको उपयुक्त मात्राले उत्पादनमा बृद्धि गएको छ । कम तथा बढी पोटास मलले भण्डारण तथा प्रशोधनमा बढी असर पाईएको छ । नेपाल( खुमलटार)मा गरिएको एक परिक्षण अनुसार लामो समयसम्म भण्डारण र बढी उत्पादनको लागि प्रति हेक्टर २० टन गाबेरमलको साथै १५० के.जी. नाइट्रोजन १०० के.जी. फस्फोरस र ६० के.जी पोटास राख्न उपयुक्त देखिएको छ ।

**३) सिँचाई :**

आलुवालीबाट प्रशस्त उत्पादन लिनको लागि सिँचाईको अति महत्वपूर्ण भूमिका हुन्छ । खासगरि आलुको तान्द्रा बन्ने, दाना लाग्ने र दानाको विकास हुने समयमा सिँचाइको बढी महत्व हुन्छ । आलुलाई सिँचाई दिँदा एकै समयमा बढी पानी दिनु भन्दा पटक(पटक गरी धेरै पटक सिँचाई दिनुपर्दछ । चाहिने भन्दा बढी मात्रामा पानी दिएमा उत्पादन तथा भण्डारणमा बढी असर पर्दछ ।

**४) खेती प्रविधि :**

(लामो समय सम्म भण्डारण र प्रशोधन गरिने आलु राम्ररी छिप्पिएर मात्र खन्नुपर्दछ ।

(बढी क्षती हुनबाट जोगाउन आलु खन्नु भन्दा १०(१५ दिन अगाडी बोट उखेल्नु पर्दछ ।

(आलु खन्नु १५ दिन अगाडी सिँचाई रोक्नुपर्दछ ।

(आलु खनीसकेपछि लामो समयसम्म खेतबारीमा खुल्ला राख्दा पुतलीको आक्रमण हुने, दानामा हरियोपना देखापर्ने, दानाको भित्री भाग कालो हुने सम्भावना हुने हुँदा विशेष होशियारी अपनाउनु पर्दछ ।

**५) रोगव्याधी :**

विभिन्न किसिमका ढुसी, ब्याक्टेरिया र पुतली किराद्धारा ग्रसित २-४ दाना मात्र आलु भएमा पनि त्यसबाट भण्डारण गरिएका आलु सखाप पार्ने हुँदा त्यस्ता आलु राम्ररी केलाएर मात्र भण्डारण गर्नुपर्दछ ।

आलु खनिसकेपछि गरिने कार्यहरु :

**१) क्यूरिङ्ग (सुकाउने) :**

आलु खनीसकेपछि आलुलाई बढी हानि हुनबाट जोगाउन भण्डारण पूर्व आलुलाई क्यूरिङ्ग (सुकाउने) गर्नुपर्दछ । भण्डारण गर्ने आलुलाई १५ दिनसम्म राम्ररी वायु सञ्चार हुने चिसो छायाँमा पातलो गरि फिँजाएर राख्नुपर्दछ । यसबाट आलुको बोक्रा छिप्पिन र घाउचोट लागेको ठाउँमा बोक्रा जम्न मद्दत गर्दछ । क्यूरिङ्ग गरेको आलु लामो समयसम्म भण्डारण गर्न सकिन्छ ।

**२) ग्रेडिङ्ग गर्ने :**

आलु खनिसकेपछि विभिन्न साईज वा आकारमा छुट्टाउनुपर्दछ । बीउ आलु, खायन आलु तथा औद्योगिक प्रयोजनका लागि प्रयोग हुने आलु भण्डारण तथा वितरण गर्नुपूर्व विभिन्न आकारमा छुट्टाउनुपर्दछ । साधारणतया आलुको तौल, लम्बाई र आकारको आधारमा विभिन्न साईज छुट्टाउने गरिन्छ । नेपालमा विभिन्न ग्रेडको निश्चित साइज तोकिएको छैन तर बजारमा ४ ग्रेडका आलु पाईन्छन् ठूला, मझौला, साना र मट्यांग्रा । खास गरि बीउको लागि २०( ४० ग्राम र खायन तथा औद्योगिक प्रयोगका लागि ठूला आलु प्रयोग गरिन्छ । ग्रेडिङ्गको लागि टिनको पातामा प्वाल पारिएका वा मोटोतारले बुनेका विभिन्न साईजका चाल्नीहरु प्रयोग गर्न सकिन्छ । नेपालमा ग्रेडिङ्ग कृषक स्वयं वा व्यापारिले अन्दाजको भरमा गर्ने गर्दछन् । क्यूरिङ्ग गरिसकेपछि ग्रेडीङ्ग गर्दा बढी फाईदा हुन्छ ।

३) सर्टिङ (विभिन्न खाले आलु छुट्टाउने) :(

सर्टिङ भनेको विभिन्न गुणस्तरका आलुलाई छुट्टाउने तथा आलुसँग भएका नचाहिँदा वस्तु तथा पदार्थलाई छुट्टाउनु हो । यस कार्यमा कुहिएका, काटीएका आलुहरु, रोगकिराबाट ग्रस्त, हरिया आलु, खोक्रो मुटुभएका, लहरेआलुका साथै आलुसँग मिसिएका ढुङ्गा, माटो, पात पतिगंरलाई छुट्टाउने तथा हटाउने गरिन्छ । खोक्रो आलुलाई छुट्टाउन नुन पानीको प्रयोग पनि गर्न सकिन्छ ।

**४) प्याकिङ्गः**

खासगरि आलुलाई ५० के.जी. जुटको बोरा वा छिद्र छिद्र भएको नाइलन डोरीको बोरामा प्याकिङ्ग गरि भण्डारण वा शित भण्डारणमा राखिन्छ वा एक ठाउँबाट अर्को ठाउँमा ढुवानी गरिन्छ । हाल नेपालमा आलु प्लाष्टिकको बोरामा राखी भण्डारणमा राख्ने गरिन्छ तर यो तरिकाबाट भण्डारण गर्दा बोरामा हावा खेल्न नपाउने हुँदा बढी नोक्सानी हुन जान्छ ।

**आलु भण्डारणका उद्देश्यहरुः**

आलु भण्डारण गर्नुको मूख्य उद्देश्य आलुको गुण र परिमाण दुबैको संरक्षण गर्नु हो । खाने आलुको भण्डारण गर्नुको उद्देश्य आलुलाई चाउरीएर, टुसाएर अथवा कुहेर सडेर तौल घट्न नदिने, रोग व्याधिबाट रक्षा गर्ने, पाक्ने गुण तथा स्वादमा ह्रास आउन नदिने र लामो अवधिसम्म उपभोग योग्य बनाई राख्ने हो । त्यस्तै बीउ आलु भण्डारण गर्नुको उद्देश्य बीउआलुलाई स्वस्थ राख्ने, उम्रने शक्ति कायम राख्ने, रोग व्याधिबाट बचाउने हो ।

**आलु भण्डारणका तरिकाहरु :**

**क) परम्परागत तरिका :**

**१) भकारीमा आलु भण्डारण :**

उच्च पहाडी क्षेत्र (२४०० मि . भन्दा माथी) ५-६ महिना सम्म भकारीमा आलु राखी भण्डारण गरिन्छ । आलु राख्ने भकारी बढी जालीदार भएमा, त्यसको गोलाई धेरै ठूलो नभएमा, धुवाँ तथा आगोको तातो नआउने ठाउँमा भकारी राखिएमा आलुमा टुसा नआउने र चाउरीने समस्या कम हुन्छ । यस क्षेत्रमा आलु भदौ-असोज देखि चैत्र(बैशाख सम्म भण्डारण गरिन्छ । साना भकारी र हावा खेल्ने भएमा २००० मि. सम्म राम्रैसँग यस तरिका अनुसार अध्याँरोमा खायन आलु भण्डारण गरिन्छ तर बीउ आलु उज्यालोमा राख्नु पर्दछ ।

**२) बारीमा नै भण्डारण गर्ने तरिका :**

उच्च पहाडी क्षेत्रमा आलु खन्ने समय साउन(भदौ भएतापनि केही कृषकहरुले समयमा नै आलु नखनि कार्तिक देखि पुस सम्म आलु खन्ने गर्दछन् ।

फिलिपिन्समा गरिएको एक परिक्षण नतिजा अनुसार उच्चपहाडमा साउनको सट्टा मंसीरमा आलुखन्दा २५.३% उत्पादन घटेको पाइएको छ तर साउनमा खनी मंसीरसम्म भण्डारण गर्दा जम्मा १२(१५% मात्र नोक्सान हुने पाइएको छ । यसरी बारीमै भण्डारण गर्दा दानाको बाहिरी गुणस्तरमा कमी आउने र बीउको गुणस्तर पनि त्यती राम्रो नहुने हुन सक्छ ।

**३) खाल्टोमा आलु भण्डारण :**

उच्च पहाडी क्षेत्र जहा पानी कम पर्दछ



त्यस्तो ठाउँमा जमिनमुनी खाल्टोमा पनि आलु भण्डारण गर्ने गरिन्छ । यसरी आलु भण्डारण गर्दा सर्वप्रथम आवश्यक अनुसारका खाल्टा खनी ओभानो पारेपछि खाल्टोमा खर, पातपतिंगर ओछ्याई त्यसमाथि आलु राखी पुन माटोले पुरिन्छ । खाल्टोमा पानी पस्न नदिन आवश्यक व्यवस्था मिलाईन्छ । यसरी भण्डारण गरिएको आलु तापक्रम बढ्नु अघि फाल्गुण(चैत्रमा नै निकालिन्छ ।

**४) थुप्रोमा आलु भण्डारण :**

यो पनि उच्च पहाडी र कम पानीपर्ने क्षेत्रमा आलु भण्डारण गरिने सबभन्दा सस्तो र सजिलो तरिका हो । जहाँ तापक्रम ५-१०० से. हुन्छ त्यस्तो ठाउँमा आलुलाई १.५-३ मि. उचाईको थुप्रो बनाई त्यसमाथी छ्वाली र माटो वा प्लाष्टिकले छोपी भण्डारण गर्नुपर्दछ । हावा सञ्चारको लागि पाईप राखी भण्डारण गर्दा भण्डारणमा कम नोक्सानी हुन्छ ।

ख) मधुरो प्रकाशको सिद्धान्तमा आधारित **बीउ आलु भण्डारण :**

चिसो तापक्रमको बदलामा मधुरो प्रकाशमा बीउ आलु भण्डारण गरी नचाहिँदो रुपमा बढ्ने टुसाहरुलाई नियन्त्रण गरी बीउ आलुलाई भण्डारण गर्ने तरिकालाई नै मधुरो प्रकाशको सिद्धान्त हो । यस सिद्धान्त अनुसार कृषकहरुले आफूलाई सजिलो हुने कुनै प्रकारको भण्डारणमा बीउ आलु भण्डारण गर्न सक्दछन् ।

रष्टिक स्टोर वा मधुरो प्रकाशमा आलु भण्डारण गर्दा अध्याँरोमा भण्डारण गरेको भन्दा बढी उत्पादन हुनेकुरा प्रमाणित भइसकेको छ । मधुरो प्रकाशमा आलु भण्डारण गर्दा दुइ मुलभूत कुरालाई ध्यानदिनुपर्दछ ।

१) प्रकाश : यस सिद्धान्त अनुसार आलु भण्डारण गर्दा प्रकाशको मुख्य भूमिका हुन्छ । बीउ आलु भण्डारण गर्ने ठाउँमा प्रशस्त उज्यालो तर घाम नपर्ने व्यवस्था हुनुपर्दछ । प्रकाशले बीउमा लामा, मसिना र सेता टुसा आउन नदिई छोटो, मोटो र बलियो तथा जातिय गुण अनुसारको रंग भएको टुसा आउन मद्दत गर्दछ । जसको कारण आलु चाउरी परेर हुने नोक्सानी कम हुन्छ ।

२) हावाको सञ्चार : मधुरो प्रकाशमा आलु भण्डारण गर्दा हावाको सञ्चार हुने व्यवस्था मिलाउनु पर्दछ । भण्डारण तापक्रमलाई बढ्न नदिन चिसो तथा ताजा हावाको सञ्चार हुन भेन्टीलेसनको व्यवस्था मिलाउनुपर्दछ ।

रष्टिक स्टोरमा आलु भण्डारण :

उज्यालो र हावाको सञ्चार हुने गरी बीउ आलु भडारण गर्न स्थानीय सामाग्रीहरुबाट बनाईको बीउ आलु भण्डारण घरलाई नै रष्टिक स्टोर भनिन्छ । साधारणतया भण्डारण घरभित्र तख्ता जमिनबाट कम्तीमा पनि १ फिट उचाई र करीब २० से.मी. को फरकमा आवश्यक संख्यामा तख्ताहरु बनाईन्छन् । तख्ताहरु बनाउँदा फ्ल्याक टम्म मिल्ने गरी नराखी विचमा १-२ से.मी. खाली ठाउँ छोड्नुपर्दछ । रष्टिक स्टोर बनाउँदा घाम भित्र नपस्ने गरी मोहडा गराउनु पर्दछ । भण्डारणमा राखिने फ्ल्याकहरु बढीमा ५( ६ से.मी. मात्र चौडाईका प्रयोग गर्नुपर्दछ । तख्तामा आलु राख्दा बढीमा तिन तहसम्म खप्टीने गरी राख्नुपर्दछ । १.२ मिटर लम्बाई र ७० से.मी. चौडाई भएको प्याकमा करीब २० किलो आलु राख्न सकिन्छ । रष्टिक

स्टोर खर वा अन्य बढी तातो नहुने सामाग्रीले छाउने र चारैतिरबाट प्रशस्त हावा खेल्नको लागि जालीको बार बनाउनु पर्दछ। रष्टिक स्टोर खासगरी १००० मिटर देखि २३०० मिटरसम्म बनाउन उपयुक्त देखिन्छ।

**ग) शित भण्डारण:**
लामो समयसम्म र गर्मी ठाउँमा आलुलाई शित भण्डारण भित्र भण्डारण गर्नु पर्दछ। यो भण्डार घर बाहिरी वातावरणको प्रमाव नपर्ने गरी निर्माण गरिएको हुन्छ र आन्तरिक वातावरणलाई चिसो पार्ने यन्त्रद्धारा नियन्त्रण गरिएको हुन्छ। प्रति मे.ट. आलु भण्डारणको लागि ८०-१०० किलो क्यालोरी प्रतिघण्टा चिसो पार्न सक्ने क्षमता भएको यन्त्रको आवश्यकता हुन्छ। यस्तो भण्डारण भित्र तापक्रम २-४० से र सापेक्षिक आर्द्रता ८०-९०% कायम गरिएको हुन्छ। यो तापक्रममा आलुको श्वास प्रश्वास क्रिया झण्डै बन्द भएको हुन्छ र रोगव्याधी पनि फैलन सक्दैनन। शित भण्डारणमा भित्र राखिएका आलुमा चिनीको मात्रा बढी हुनेहुँदा खायन तथा प्रशोधनका लागि उपयुक्त हुँदैनन्। शित भण्डारणमा राखिएको आलु निकालेर लैजानु अघि आलुलाई खुला ठाउँमा २ दिनसम्म फिँजाएर सुकाए पछि मात्र लैजानु पर्छ र रोप्नु भन्दा २०-३० पहिले कोठामा फिँचाई टुसा आएपछि मात्र रोप्नुपर्दछ।

**भण्डारण भित्र आलु राख्ने तरिका :**
आलुलाई थुप्रो पारेर, भकारी, तख्ता, टोकरी तथा बोरामा गरी भण्डारणको तरिका र ठाउँको हावापानी अनुसार भडारण गर्न सकिन्छ। साधारण किसिमले आलु थुपारी भण्डारण गर्दा लेकाली क्षेत्रमा आलुको थुप्रोको चौडाई २-२.६५ मिटर र उचाई त्यस्को आधा राख्नुपर्दछ। न्यानो ठाउँमा थुप्रोको चौडाई १ मिटर भन्दा कम र लम्बाई इच्छा अनुसार गर्न सकिन्छ। आलुको थुप्रो जमिनबाट ५० से.मी. माथी काठको टाडी माथि बनाउनु पर्छ र थुप्रो माथी १०० से.मी. खाली ठाउँ हुनुपर्दछ। बोरामा राखी भण्डारण गर्दा बोराको चाङ धेरै अग्लो हुनु हुँदैन र दुई(दुई बोराको चाङ पछि वायु सञ्चारको लागी बाटो छोड्नुपर्दछ। अन्त्यमा, आलु व्यवसाय सफल हुनको लागि भण्डारण महत्वपूर्ण पक्ष रहेको छ। नेपालमा आलु खेती प्रवर्द्धनको लागि व्यावसायिक आलुखेती गर्ने कृषक, व्यापारी, उपभोक्ता तथा कृषि प्राविधिकहरु सबैलाई आलु भण्डारण प्रविधिबारे जानकारी हुन अति जरुरी छ।

# तत्काल विमा अनुदान उपलब्ध गराउन डेरि एशोसिएसनको आग्रह

काठमाडौं चैत्र २१ नेपाल डेरि एशोसिएसनका अध्यक्ष प्रल्हाद दाहालले विमा कम्पनीहरुलाई पशु विमा वापत अनुदान रकम उपलब्ध गराउन सरकारलाई आग्रह गरेको छ।

साथै एशोसिएसनका अध्यक्ष दाहालले कृषि, तथा पशुपन्छि विकास मन्त्रालय, अर्थ मन्त्रालय, कृषि विभाग, विमा प्राधिकरण, केन्द्रीय दुग्ध सहकारी संघ, नेपाल विमक संघ, पशु सेवा विभाग, राष्ट्रिय दुग्ध विकास बोर्ड, केन्द्रीय पशुपन्छि तथा मत्स्य सहकारी संघलाई बोधार्थ सहित सम्भावित आउने जोखिमलाई ध्यानमा राखेर विमा अनुदान तत्काल भुक्तानी उपलब्ध गराउने पहल सहित आग्रह गरिएको छ।

कृषिमा पशुपालन क्षेत्रको मुख्य भूमिका रहेको बताउँदै राज्यको तर्फबाट खासै साथ र सहयोग नभएको बताउँदै भनि जोखिम मोल्न बीमा गर्ने गरेकोमा राज्यले त्यो महसुस गरी पशु बीमा अनुदान दिने गरेको थियो। नेपालमा ७२ सालमा महाभूकम्प, त्यसपछि ७६/७७ मा कोभिड-१९, लम्कि स्किन रोग जस्ता विभिन्न समस्याहरु आएका थिए। यस्तै वा यी भन्दा पनि बढी जोखिम भविष्यमा हुनसक्ने तर्फ इङ्गीत गर्दै गर्मीको समय लागेकाले विभिन्न किसिमका रोग, हावाहुरी, पानी, बाढी पहिरो आउने सम्भावित जोखिमलाई बेवास्ता नगर्न समयमै सचेत गराएको जनाएको छ।

पछिल्लो समय बीमा कम्पनीहरूले राज्यबाट पाउनु पर्ने बीमा अनुदान रकम समयमै नपाएको र त्यसबाट पनि समस्या थपिदै गएको भनि विमा कम्पनीहरुले पूर्ण रकम अग्रिम नपाएसम्म बिमा नगरिने कुराले किसानहरु अत्यन्तै मारमा पर्ने देखिन्छ विज्ञाप्तिमा जनाएको छ। यदि राज्यद्वारा बिमा कम्पनीलाई कुनै बक्यौता भुक्तानी गर्न बाँकी भए तुरुन्तै भुक्तानी गर्नु समेत आग्रह गरेको छ।

दाहालले दुग्ध किसानहरू अत्यन्तै मारमा परेको, बेचेको दुधको भुक्तानी समयमा नपाएको, निरन्तर पशुलाई आहारा, कामदारको तलब, औषधि उपचार आदि खर्च गरिरहनु परेकोले आउन सक्ने ठूलो महामारी वा अन्य कुनै कारणले पशुको क्षति भएमा बिमा नहुँदा पशुपालक किसानलाई ठूलो मार पर्ने जनाएको छ। र पेशामा टिकाई राख्न राज्यको पनि दायित्व भएकाले किसानले पाउनुपर्ने विमा सुविधा तत्काल उपलब्ध गराई बीमा कम्पनीहरूलाई पशुविमा र कृषि बिमा गर्ने बातावरण मिलाउन आग्रह गरेको छ।

# कृषि सामग्री कम्पनी लिमिटेडको प्रबन्ध सञ्चालकको नियुक्ति सदर

कृषि सामग्री कम्पनी लिमिटेडमा रिक्त र हेको प्रबन्ध संचालक नियुक्तिको लागि गठित सिफारिस समितिको सिफारिसमा कम्पनीको सञ्चालक समितिको मिति २०८०।१०।१८ गतेको निर्णयानुसार श्री बिष्णु प्रसाद पोखर ेललाई प्रबन्ध संचालकको पदमा नियुक्त गरिएकोमा सो को विरुद्ध रामचन्द्र ढकालले सम्मानित उच्च अदालत पाटनमा उत्प्रेषणयुक्त परमादेश मुद्दा दायर गरेकोमा सम्मानित उच्च अदालत पाटनको मिति २०८०।११।०६ गतेको उक्त नियुक्तिको कार्यलाई रोकी यथास्थितिमा राख्ने आदेश भए बमोजिम कम्पनीको संचालक समितिको मिति २०८०।११।०९ गतेको निर्णयानुसार उक्त नियुक्तिको कार्यलाई यथास्थितिमा र ाखि बिष्णु प्रसाद पोखरेललाई नियुक्ति पूर्वकै पूर्ववत् जिम्मेवारी दिईएकोमा सो निर्णय उपर पनि रामचन्द्र ढकालले अदालतको अबहेलना मुद्दा दायर गरेकोमा सम्मानित उच्च अदालत पाटनको मिति २०८१।०१।१२ गते उत्प्रेषणयुक्त परमादेश मुद्दामा रिट निवेदन खारेज हुने आदेश गर ेको र अदालतको अबहेलना मुद्दामा निवेदन माग अनुसार विपक्षीहरुलाई अबहेलनामा सजाय गरी पाउ भन्ने दावी पुग्न सक्दैन भन्ने फैसला भए बमोजिम कम्पनीको संचालक समितिको मिति २०८१।१।१६ गतेको बैठकबाट बिष्णु प्रसाद पोखरेललाई मिति २०८०।१०।१८ गते प्रबन्ध संचालकको पदमा गरिएको नियुक्तिलाई निरन्तरता दिने निर्णय गरेको हो !

# हिमाली सभ्यताको बागडोर याक र चौंरी संकटमा

*मुलुकमा आत्मनिर्भर अर्थतन्त्र र समृद्धि ल्याउने भन्दै चर्का भाषणबाजी चल्ने गरेको छ । तर, मुलुक भने हरेक क्षेत्रमा झन्झन् परनिर्भरतातर्फ धकेलिँदैछ । कृषि प्रधान मुलुकमा अर्बौंको खाद्यान्न आयात हुने गरेको छ भने यहीं हुने अन्य वस्तु तथा सेवाको आयात अवस्था झन् डरलाग्दो छ ।*

काठमाडौं । हिमाली मुलुक नेपालको गहनाका रूपमा रहेका याक चौंरी संकटमा पर्न थालेका छन् । सरकारी बेवास्ता, पूँजी, प्रविधि र बजारीकरणमा समस्या, नयाँ पुस्ता पेशाबाट पलायनलगायतका कारण याक, चौंरी संकटमा परेका हुन् । हिमाली रेन्जमा रहने भएकाले नेपाललगायत दक्षिणपूर्वी एसियाका सीमित मुलुकमा मात्रै याक चौंरी पाइन्छन् । नेपाल, चीन, भारत, पाकिस्तान, भुटान, मंगोलिया, काजकिस्तानमा मात्रै याक, चौंरी पाइन्छन् । संख्याका आधारमा चीनमा सबैभन्दा बढी रहेका छन् भने हालसम्म दोस्रो नम्बरमा नेपाल रहेको छ । खासगरी याक, चौंरी नेपालको पूर्वपश्चिम उच्च पर्वतीय र हिमाली रेन्जमा पालन गरिँदै आएको छ ।

नेपालको कृषिमा तुलनात्मक लाभको क्षेत्र मानिने याक चौंरीले निर्यात व्यापारमा महत्वपूर्ण भूमिका खेल्न सक्ने सम्भावना त छँदैछ, त्यतिमात्र नभई याक चौंरी बहुआयामिक महत्वका पशुधन हुन् । पर्यावरणीयका साथै धर्म, कला संस्कृतिको पहिचान, पर्यटन प्रवर्द्धनमा समेत महत्वपूर्ण योगदान रहेको छ । याक, चौंरी भएकै कारण उच्च पर्वतीय क्षेत्रमा मानव बसोबास सम्भव भएको हो, उच्च पर्वतीय क्षेत्रको संरक्षण सम्वर्द्धन हुन सकेको हो, त्यहाँका जडीबुटी, वनस्पति संरक्षित भएका हुन् । याक, चौंरी लोप भएमा उच्च पर्वतीय क्षेत्रका सबै विशेषता लोप हुनेछन्, हराएर जानेछन् । किनभने याक चौंरीको मलमूत्रले त्यहाँका जडीबुटी फस्टाएका छन् । स्थानीयवासीको जीवनयापन सहज भएको छ, पर्यटनमा टेवा पुगेको छ । हिमाल हेर्न आउने पर्यटकहरू याक चौंरीसँग रमाउने गरेका छन् । चौंरी गोठालाले पर्यटकलाई गाइड गर्ने, बाटो देखाउने, स्थानीय विविध कला संस्कृतिलाई पर्यटकमार्फत् विश्वमा पुऱ्याउने कार्यमा महत्वपूर्ण भूमिका खेलेका छन् । यस्तो बहुआयामिक याक चौंरीको व्यावसायीकरणमा जोड दिएमा पर्वतीय क्षेत्र र पर्वतीयवासीमात्रै नभई समग्र मुलुक नै समृद्ध बन्न सक्छ ।

याक, चौंरी दूध तथा दुग्धजन्य पदार्थमा मात्रै सीमित छैन । दुग्ध तथा दुग्धजन्य पदार्थबाहेक पुच्छर, रौं, छाला हयीसमेत बहुमूल्य मानिन्छ । उच्च पर्वतीय क्षेत्रका जडीबुटी खाने भएकाले याक चौंरीको दूध तथा दुग्धजन्य पदार्थमा औषधीय गुणसमेत हुने याक चौंरी कृषक महासंघका उपाध्यक्ष लालकुमार केसी बताउनुहुन्छ । केसीका



अनुसार नेपालका २८ जिल्लामा चौंरीपालन हुन्छ । २८ मध्ये २५ जिल्ला हिमाली रेन्जमा पर्छन् । हिमाली रेन्जको ४० प्रतिशत भूभाग चौंरीको चरीचरन क्षेत्र छ ।

व्यवस्था परिवर्तन भए पनि अवस्था उस्तै : नेपालमा महत्वपूर्ण राजनीति परिवर्तन भए । राजतन्त्र गयो, लोकतन्त्र हुँदै गणतन्त्र आएको छ । मुलुकमा आत्मनिर्भर अर्थतन्त्र र समृद्धि ल्याउने भन्दै चर्का भाषणबाजी चल्ने गरेको छ । तर, मुलुक भने हरेक क्षेत्रमा झन्झन् परनिर्भरतातर्फ धकेलिँदैछ । कृषि प्रधान मुलुकमा अर्बौंको खाद्यान्न आयात हुने गरेको छ भने यहीं हुने अन्य वस्तु तथा सेवाको आयात अवस्था झन् डरलाग्दो छ । वार्षिकरूपमा झण्डै १२ खर्बको आयात हुँदा एक खर्बको पनि निर्यात छैन । सोही कारण पनि लोकतन्त्र र गणतन्त्रले के दियो भन्ने प्रश्न पनि उठिरहेको छ ।

याक चौंरी किसानको गुनासो पनि त्यस्तै छ । व्यवस्था परिवर्तन भए पनि याक चौंरी किसानको अवस्था परिवर्तन भएन, बरु याक चौंरी किसानका समस्या झन् थपिँदै गए । सोही कारण याक चौंरीको संख्या निरन्तर घट्दै गएको हो । विगतमा नेपालमा दुई लाख हाराहारीमा याक चौंरी रहेकोमा अहिले घटेर ६८ हजार आठ सय ३१ मा झरेको केसी बताउनुहुन्छ ।

नेपालमा बहुदलीय व्यवस्था आएको ३५ वर्षसम्म पनि याक चौंरी कृषक संगठित नभएको र याक चौंरीको प्रवर्द्धनमा सरकारले बेवास्ता गरेकाले किसान नै संगठित नभई चौंरी संरक्षण, सम्वर्द्धन र प्रवर्द्धन हुन नसक्ने ठहरसहित महासंघ गठन गर्नुपरेको उहाँको भनाइ छ । लोकतन्त्र र गणतन्त्रपछि अन्य क्षेत्र संगठित भए पनि याक चौंरी किसान संगठित हुन नसक्नुका मुख्य कारण भने विकट भौगोलिक दूरीले गर्दा एकअर्का किसानबीच सम्पर्क र निकटता नहुनु नै रहेको केसीको ठहर छ ।

भौगोलिक विकटताका कारण राज्यसँगको पहुँच नहुँदा राज्यबाट पाउनुपर्ने सेवा सुविधाबाट याक चौंरी किसान वञ्चित हुँदै आएका छन् । तथापि याक चौंरी अभियन्ताको निरन्तरको दबाबपछि इसिमोड, कृषि तथा पशुपक्षी विकास मन्त्रालय र नेपाल कृषि अनुसन्धान परिषद् (नार्क) समेतको पहलमा याक चौंरी कृषक महासंघ गठन सम्भव भएको केसी बताउनुहुन्छ ।

२०७९ को वैशाखमा पोखरामा भएको पहिलो भेलाले याक चौरी कृषक महासंघ गठनको निर्णय गरेकोमा गत असोजमा विधिवत्रूपमा महासंघ दर्ता भएको थियो ।

याक, चौरी जोगाउने चुनौती :

चौंरीपालन पेशा कष्टकर भएकाले पुस्तान्तरण हुन नसक्दा याक चौंरीको संख्या घट्दो छ । याक चौंरीको संरक्षण र विस्तारका लागि सबैभन्दा पहिले सरकारले किसानलाई आकर्षित गर्नुपर्ने र त्यसका लागि विशेष प्याकेजसहित अभियान नै सञ्चालन गर्नुपर्ने आवश्यकता देखिएको छ । चौंरीको वंश सुधारका लागि कृत्रिम गर्भाधानसँगै स्रोत केन्द्र व्यवस्था गर्न सकेमा चौंरीको संख्यासँगै उत्पादन पनि बढाउन सकिन्छ । जलवायू परिवर्तनको असरले खर्कहरूमा अखाद्य घाँस फैलिँदा पनि चौंरीको आहारामा प्रतिकूल असर परेको छ । त्यसैले खर्क सुधार कार्यक्रम, गोठ सुधार कार्यक्रम, प्र्त्येक खर्कमा चिज प्रशोधन केन्द्र,, किसानका सन्तानलाई स्वास्थ्य, शिक्षालगायत आधारभूत सेवा सुविधामा जोड दिनुपर्ने महासंघका माग रहेका छन् । त्यसैगरी चौंरीको दूध तथा दुग्धजन्य पदार्थ निर्यातका लागि सहज नीतिगत व्यवस्था र वातावरण बनाइनुपर्ने, चौंरीलाई पनि गाईकै वर्ग राख्नाले चौंरीको मासुलगायतको बिक्री तथा निर्यात निरुत्साहित भएको र बुढा याक चौंरी व्यवस्थापनमा समस्या हुँदै आएकाले मासु उपयोग र निर्यात व्यवस्था गरेमा चौंरीपालन फस्टाउने महासंघले जनाएको छ ।

दोलखाका तत्कालीन जिल्ला सभापतिसमेत रहनुभएका महासंघका उपाध्यक्ष केसीका अनुसार याक चौंरीका तीन प्रकारका रौं हुन्छन् । जसबाट राडीपाखीदेखि उच्चस्तरको पस्मिनासमेत उत्पादन गर्न सकिन्छ भने हयीको टाँक, माला, पुच्छर चम्मरलगायतमा उपयोग हुन सक्छ । चौंरीको सबैभन्दा बढी उत्पादन घिउ र छुर्पी हो तर चौंरीपालन हुने धेरै ठाउँमा चिज कारखाना छैन । हाल सोलुखुम्बु, दोलखा र रसुवाका सीमित स्थानमा मात्रै चिज कारखाना छन् भने पाँचथरमा नेपाल डेरीको सहयोगमा हालै कारखाना स्थापना भएको छ ।

अहिले चौंरीको वंश सुधार नहुँदा नेपालमा रहेका चौंरीबाट दैनिक दुईदेखि साढे दुई लिटरमात्रै दूध उत्पादन छ । जसले गर्दा किसानले लागतअनुसार फाइदा पाउन सकेका छैनन् । चौंरीको चरीचरनमा समस्या हुँदै गएको छ । सामुदायिक वनले चर्को शुःल्क लिने गरेका छन् भने राष्ट्रिय निकुञ्जहरूमा कडाइ गरिएको छ । त्यस्तै, बिमा समस्या छ । उल्लेखित समस्या समाधान गर्दै कृषि, वन, पर्यापर्यटनलाई जोडेर एकीकृत मोडलसाथ अघि बढ्न सकेमा मुलुक समृद्ध बन्न सक्ने केसी बताउनुहुन्छ ।

याक चौंरीको वंश सुधारका लाागि हाल सोलुको स्याङबोचेमा सरकारी फार्ममा परीक्षण भइरहेको छ । परीक्षणबाट नौ लिटरसम्म उत्पादन लिन सकिने देखिएको छ । चौरी वर्षैपिच्छे ब्याउँछ भने सात महिना दूध दिन्छ तर कुनै कुनैले वर्षैभरि पनि दिने गरेको छ । केसीका अनुसार चौरी अन्य पशुको तुलनामा निरोगी पनि हुन्छन् । शुद्ध खानपान तथा जडीबुटी खाने हुँदा हत्तपत्त रोग लाग्दैन भने दूध अत्यधिक पोषिलो र फुल फ्याटयुक्त हुने भएकाले महँगोमा विदेश निर्यात गर्न सकिने सम्भावना छ । नेपाल डेरी एसोसिएसनका अध्यक्ष प्रल्हाद दाहाल पनि याक चौंरीबाट मुलुकले चौतर्फी लाभ लिन सक्ने सम्भावना रहे पनि राज्यले उपेक्षा गरेको बताउनुहुन्छ । गाईभैंसीको दूध तथा दुग्धजन्य पदार्थको तुलनामा चौंरीको दूध तथा दुग्ध पदार्थ हाई भ्यालु प्रोडक्ट भएकाले चौंरी संरक्षण, प्रवर्द्धन र विस्तार गर्दै निर्यातमा राज्यले जोड दिनुपर्ने उहाँ बताउनुहुन्छ ।

# उखु किसानले पाए अनुदानवापतको रकम

सर्लाही(सर्लाहीका उखु उत्पादक किसानले एक वर्षपछि अनुदानवापतको रकम प्राप्त गरेका छन् । जिल्लाका उखु उत्पादक किसानको खातामा अनुदान वापतको र कम प्राप्त भएको नेपाल उखु उत्पादक महासंघका अध्यक्ष कपिलमुनि मैनालीले बताए ।

जिल्लाका उखु उत्पादक किसानले पटकपटक आन्दोलन गरेपछि सरकारले अनुदानवापतको २९ करोड २५ लाख ५२ हजार सात सय ४९ रूपैयाँ खातामा पठाएको मिलगेट उखु उत्पादक किसान हजार सात सय ४९ रूपैयाँमध्ये सरकारले दसैँअघि ११ करोड २६ हजार छ सय ३८ रूपैयाँ निकासा गरेको थियो । बाँकी अनुदान रकम सरकारले पठाएपछि उखु उत्पादक किसानको वक्यौता रहेको प्रतिक्विन्टल ४९ रूपैयाँका दरले किसानको खातामा पठाइएको कोष तथा लेखा नियन्त्रक कार्यालय सर्लाहीका प्रमुख एवं कोष नियन्त्रक निर्मल न्यौपानेले जानकारी दिए । न्यौपानेले किसानलाई अनुदान रकम खातामा आएको वा नआएको बुझ्न आग्रह समेत गरिएको बताए ।



समिति सर्लाहीका अध्यक्ष राजकुमार उप्रेतीको भनाई छ । उनका अनुसार गत वर्ष उखुको मूल्य प्रतिक्विन्टल अनुदानसहित छ सय १० रूपैयाँ निर्धारण गरिएको थियो । जसमा पाँच सय ४० चिनी मिल र ७० रूपैयाँ सरकार उपलब्ध गराउने निर्णय भएको थियो ।

जिल्लाका उखु उत्पादक किसानका लागि वितरण गर्न बाँकी २९ करोड २५ लाख ५२ सरकारले यस वर्षका लागि उखुको मूल्य प्रतिक्विन्टल छ सय ३५ रूपैयाँ निर्धारण गर ेको छ । चिनी उद्योगीले प्रतिक्विन्टल पाँच सय ६५ रूपैयाँ र सरकारले ७० रूपैयाँ गर ी प्रतिक्विन्टल छ सय ३५ रूपैयाँ उखु उत्पादक किसानलाई उपलब्ध गराउने निर्णय हो । यस वर्ष मधेश प्रदेश सरकारले प्रतिक्विन्टल १० रूपैयाँ अनुदान दिने घोषणा गरिसकेको छ ।

# कृषिमा महिला नेतृत्व विकास मन्त्रालयको उच्च प्राथमिकता : कृषिमन्त्री ज्वाला

कृषि तथा पशुपंक्षी विकास मन्त्री ज्वाला कुमारी शाहले कृषिमा महिला नेतृत्व विकास मन्त्रालयको उच्च प्राथमिकतामा रहेको बताउनु भएको छ ।

चितवनमा आयोजना गरिएको महिला नेतृत्व कृषि सम्मेलनमा उनले यस्तो बताउनु भएको हो । महिला दिदीबहिनीको नेतृत्व विकासको मूल उद्देश्य राखी आयोजना गरिएको कृषि सम्मेलनले नेपाली महिला दिदीबहिनीलाई कृषि काम गर्न उत्प्रेरित गर्ने भनाइ मन्त्री ज्वालको छ ।

नेपाल उद्योग परिसंघले विगतका वर्षहरूमा जस्तै महिलामैत्री कार्यक्रमलाई जोड दिँदै आएकोमा धन्यवाद समेत गर्नुभयो । “परिसंघले गत वर्ष काठमाण्डौमा अन्तर्राष्ट्रिय महिला नेतृत्व शिखर सम्मेलन सफलतापूर्वक सम्पन्न गरेको कुरा ताजै छ। आगामी दिनहरूमा पनि महिला नेतृत्व विकास सम्बन्धी थप कार्यक्रमहरू सञ्चालनका लागि विशेष शुभकामना दिन चाहन्छु,” ज्वालाले भन्नुभयो ।

नेपालको कृषि क्षेत्रमा संलग्न कृषि श्रमिकमध्ये करिब दुई तिहाई महिलाको सहभागिता रहेको छ । एकातिर कृषि क्षेत्रलाई दिगो, सम्मानित, नाफामूलक, प्रतिस्पर्धी, व्यावसायिक बनाउने चुनौति रहेको रहेको भनाइ मन्त्री ज्वालाको छ। अर्कोतर्फ कृषि क्षेत्रमा सहभागी महिला दिदीबहिनीहरूको संबैधानिक तथा कानुनी हक अधिकारहरूको पूर्ण कार्यान्वयन गर्नुपर्नेमा उहाँको जोड छ ।

कृषि क्षेत्रमा रहेका महिला दिदीबहिनीको आमसुरक्षा, मर्यादित एवम् सम्मानित कृषि उद्यमशीलताको प्रत्याभूति गर्न मन्त्रालय निरन्तर लागिरहने उनले प्रतिबद्धता व्यक्त गर्नुभयो । कृषि क्षेत्रको विकासमा लैङ्गिक उत्तरदायी बजेटको व्यवस्था गर्ने समेत उहाँको भनाइ छ ।

“हाल कृषि तथा पशुपन्छी विकास मन्त्रालय मार्फत् महिलामैत्री कृषि उपकरण उपलब्धताको सुनिश्चितता सँगै महिला दिदीबहिनीहरूले यसको समुचित प्रयोग गर्दै आउनु भएको कुरा जगजाहेरै छ,” मन्त्री ज्यवालाको भनाइ छ, “महिला दिदीबहिनीबाट सञ्चालित कृषि सहकारी, समूह तथा कृषि फर्महरूको विकासका लागी मन्त्रालयले विभिन्न कार्यक्रमहरू सञ्चालन गरिरहेको छ ।”



परिसंघले उठाएको कृषिलाई उच्च प्राथमिकता दिनुपर्ने, स्वदेशी उत्पादन बढाउनुपर्ने, खपत बढाउनुपर्ने भन्ने विषयमा आफू पूर्ण सहमत रहेको ज्वालो जानकारी गराउनु भयो ।

कृषि क्षेत्रलाई सरकारले मात्रै होइन निजी क्षेत्रले पनि उत्तिकै महत्व दिन आवश्यक रहेको मन्त्री ज्वालको भनाइ छ। उहाँले भन्नुभयो, “समृद्ध नेपाल र सुखी नेपालीको राष्ट्रिय आकांक्षालाई साकार पार्न नेपाल सरकारले आर्थिक समृद्धिको माध्यमबाट आत्मनिर्भर अर्थतन्त्र निर्माणमा सहयोग गर्ने उद्देश्यले परिसंघले शुरू गरेको मेक इन नेपाल स्वदेशी अभियान महत्वपूर्ण छ ।”

यो अभियान मार्फत् औद्योगिकीकरण, उत्पादन वृद्धि, स्वदेशी वस्तु तथा सेवाहरूको गुणस्तर वृद्धि तथा निर्यात प्रवर्द्धन गर्दै अर्थतन्त्रको सवलीकरणमा सहयोग पुग्ने विश्वास सरकारले लिएको भनाइ मन्त्री ज्वालाको छ। आत्मनिर्भर अर्थतन्त्र निर्माणको यो अभियानलाई सरकारले सहयोग गर्ने प्रतिवद्धता व्यक्त गर्नुभयो ।

नेपाल उद्योग परिसंघ अन्तर्गत महिला नेतृत्व फोरम (सिएनआइडब्लुएलएफ) को आयोजनामा प्रथम प्रादेशिक महिला नेतृत्व कृषि सम्मेलन(२०२४ सुरु भएको हो ।

सम्मेलन अन्तर्गत शनिवार र आइतवार नवप्रवर्तन, उद्यमकीलता र दीगोपनको विषयमा केन्द्रीत रहेर प्यालन छलफल कार्यक्रम रहेको छ भने ४० भन्दा बढी स्टलको प्रदर्शनीसमेत राखिएको छ । उद्घाटन कार्यक्रमका सभापति तथा नेपाल उद्योग परिसंघका अध्यक्ष राजेश कुमार अग्रवालले साना तथा मझौला उद्योगको प्रवर्द्धन र प्रोत्साहन गर्न आफूहरु लागि परेको बताए। उनले कार्यक्रममा महिला नेतृत्व फोरमको उच्च प्रशंसा गर्दै कृषि उद्यशीलता विकासमा परिसंघले प्राथमिकतामा राखेको बताउनु भयो ।

सम्मेलनबाट आएको निष्कर्ष अनुसार कृषिका विद्यमान समस्या, चुनौती तथा अवसर पहिल्याउँदै कृषि क्षेत्रमा महिला कृषकहरूलाई अगाडि बढाउन लिइनुपर्ने नीतिगत व्यवस्थाका विषयमा नेपाल सरकारलाई सुझाव पेश गरिने उनले दुइ दिनसम्म चल्ने सम्मेलनमा उद्यमशीलतामा महिलाको सहभागिता तथा नेतृत्वका विषयमा छलफल हुने परिसंघ अन्तगर्तको महिला नेतृत्व फोरमकी अध्यक्ष छायाँ शर्माले जानकारी दिनुभयो । फोरूमले कार्यक्रमको आयोजना गरेको हो ।

शर्माले अनुसार सम्मेलनमा महिलामूखी कृषि यान्त्रीकरण, नेपाको माटो सुहाउँदा कृषि विकास, दीगो कृषि विकासका लागि कृषक महिलाका सवाल, महिलाको कृषिमा संलग्नताको सम्मान र उद्यमशीलताका लागि लिइनुपर्ने आवश्यक कदमका विषयमा गहन छलफल हुनेछ ।

कृषिको महत्व बुझाउन र दीगो भएर लाग्न यो सम्मेलनले उत्प्रेरित गर्ने विश्वास लिइएको शर्माको भनाइ छ । उहाँले भन्नुभयो, “अहिले कृषि सरकारको

प्राथमिकतामा नपरेको र कृषकलाई पनि हिनताबोध हुने क्षेत्र परेको छ । कृषकलाई प्रोत्साहन गर्न यो सम्मेलन गरेका हौं ।"

चितवन उद्योग संघका अध्यक्ष सुर्य प्रसाद न्यौपानेले चितवनको पर्यटन र कृषि उद्यमशीलतामा संघले काम गरिरहेको बताउनु भनयो । ठूलो मात्रामा कृषकको संख्या चितवनमा रहेको र भरतपुर पर्यटन बर्ष पनि भएकाले यो कृषि सम्मेलन चितवनमा गरिएको चर्चा गर्दै फोरमले कार्यक्रमका लागि चितवनलाई छानेकोमा धन्यवाद व्यक्त गर्नु भयो ।

चितवन जिल्ला समन्वय समितिका संयोजक नारायण प्रसाद अधिकारीले कृषि पेशा घाटाको पेशा रहेको चर्चा गर्दै विश्वको कृषि उत्पादनको औषत उत्पादन पनि नेपालले नभेटेको बताउनु भयो । नीति निर्माणको नेतृत्व लिएकाहरुले राम्रोसँग आफ्नो जिम्मेवारी निभाउने हो भने नेपालको कृषिले राम्रै फडूको मार्ने भनाइ उहाँको छ । सम्मेलनको उद्‌घाटन सत्रकी प्रमुख वक्ता डा.शोभा पौडेलले यो सम्मेलन कृषिलाई लक्षित गरेर गरिएको पहिलो सम्मेलन बताउँदै यसरी कृषिलाई नै फोकस गरेर गरको कार्यक्रम कमै हुने गरेकोमा परिसंघले कार्यक्रम गरेकोमा खुशी व्यक्त गर्नुभयो । कृषि पेशामा महिलाको संलग्नता धेरै भएपनि खासै गणना भने नगरिएको पौडेलेको भनाइ छ ।

सम्मेलनको मुख्य नारा कृषिको रूपान्तरणकारी भविष्य :

कृषिमा आधारित व्यवसायमा नवप्रवर्द्धन, दीगोपन र उद्यमशीलताको प्रवर्द्धन गर्नु रहेको छ ।

कार्यक्रममा बोल्दै परिसंघका उपाध्यक्ष बीरेन्द्र राज पाण्डेले सम्मेलनले ल्याउने निश्कर्ष नीति निर्मातालाइ बुझाइने भएकाले आगामी दिनमा कृषिमा महिला नेतृत्व विकासका लागि कार्यक्रमले महत्वपूर्ण भूमिका खेल्ने बताउनु भयो ।

सम्मेलनको सहयोगी संस्थाहरूमा युएसएड, हेफर, एफएओ, मुक्तिनाथ कृषि कम्पनी, नविल बैंक, ग्लोबल आइएमई बैंक, एग्री नेपाल, शिखर इन्स्योरेन्स छन् ।

परिसंघको महिला नेतृत्व फोरमले गत वर्ष काठमाडौंमा अन्तर्राष्ट्रिय महिला नेतृत्व सम्मेलन गरेको थियो । यस फोरमले महिला उद्यमीहरूको सशक्तिकरण तथा प्रवर्द्धनका काम गर्दै आएको छ ।

बाङ्गलादेशमा यिनको प्रयोग भएका छन्," डा चालिसेले भने ।

"बाघ, हात्ती, गैंडाचाहिँ अरू देशलाई उपहार दिन मिल्ने तर मान्छेलाई दुःख दिने बाँदर लाई पठाउन नमिल्ने भन्ने त हुँदैन होला ।''

विगतमा पशु अधिकारवादीहरूले बाँदरको निर्यातको विषयको चर्को विरोध गरेका थिए । जीवित वन्यजन्तुको निर्यात वा बिक्रीवितरणले तिनको अधिकार हनन् हुने तथा यस्ता काम अमानवीय हुने उनीहरूको तर्क छ ।

"हामीले उनीहरूको घर (जङ्गल) मास्दै गएपछि स्वाभाविक रूपमा उनीहरू खानाका लागि आउने भए । यसको दोष मानिस नै हुन्," पशु अधिकारवादी स्नेहा श्रेष्ठले भनिन् ।

**बाँदरले किसानलाई .......**

"उनीहरूलाई मार्न पाउनु पर्छ भन्ने कुरा गलत हो । अनि पशुको प्रयोग अनुसन्धानमा गर्न पाउनु पर्छ भन्ने पनि विश्वभरिका पशु अधिकारवादीहरूले विरोध गर्दै आएको कुरा हो । हामी यसको विरोध गर्छौं ," उनले बताइन् ।

बन्ध्याकरणले संख्या नियन्त्रण हुने भए पनि त्यो व्यावहारिक नदेखिएको भन्दै उनले भनिन्, "एक त बाँदरलाई समाउन नै गाह्रो छ । अनि १० जना पशु डाक्टरलाई खटाएर यसो गर्नु म त्यति सम्भव देख्दिनँ ।"

खानाकै लागि बाँदर बस्ती पसेको हुनाले जङ्गलमै उसलाई हुने फलफूलका बोटबिरुवा उपलब्ध गराउनु सबभन्दा सही समाधान हुने श्रेष्ठले बताइन् । "हामीले वृक्षारोपण गर्दाखेरि फलफूलका बोट नछुटाइ रोप्नु पर्छ ।" बस्तीभन्दा पर जङ्गलमै रैथाने फलफूलका बोटबिरुवा रोपिदिने हो भने बाँदर खेतमा पस्न उत्सुक नहुने विज्ञहरूको भनाइ छ ।

बाँदरले मन नपराउने कागती, अमिलो जातका फलफूल, टिम्मुरजस्ता बाली लगाए पनि तिनको बदमासीबाट छूट्कारा पाइने ठानिन्छ । अर्को दिगो समाधानको उपाय चाहिँ मानिसहरूलाई गाउँ फर्कने वातावरण निर्माण नै हुने कृषि वैज्ञानिक श्रीमत श्रेष्ठको सुझाव छ ।

"मानिसहरू गाउँठाउँमा फर्किएर त्यहाँ फैलिए भने बाँदर आफैँ खुम्चिन्छ," उनले भने । तर यस्ता दीर्घकालीन समाधान स्वीकार गर्ने र त्यसका लागि आवश्यक स्रोत व्यवस्थापन गर्ने कार्य हाल तीनै तह सरकारहरूमा भैरहेको नदेखिएको पीडितहरूले बताएका छन् ।

**हुम्लाको सिँचाई इतिहास .......**

जिल्लाको विकासमा एउटा नेपाली उखान चलनचल्तिमा छ ।( "एउटा मान्छेले रोटी पकाएर खाउँ भनेछ । अर्कोले आगो छैन भनेछ । पहिलो व्यक्तिले त्यसो भए ढिंडो पकाएर खाउँ न त भनेछ ।" ढिंडो पकाएर खान पनि आगो त चाहियो नै । जुन आयोजना बनाउन पनि प्रयाप्त मात्रामा रकम, सामग्री, दक्ष प्राविधिक, उपभोक्ताहरूको चासो, प्रतिवद्धता र ईमान्दारिता चाहियो । नत्र भने कुनै पनि आयोजनाहरू सम्पन्न हुँदैनन् । कुरा सुन्दा गल्ति कमजोरी कसैबाट भएको छैन । जनता, नेता, सरकार, कर्मचारी, ठेकेदार कसैबाट पनि गल्ति कमजोरी भएको छैन । त्यसो भए गल्ति कमजोरी यिनै अविरल रूपमा बगिरहने खोलानालाहरू र सुख्खाग्रस्त पाखाहरूको हो त ? तिनीहरूबाट पनि गल्ति भएको छैन भने ती सुख्खाग्रस्त पाखाहरू किन काकाकुल झैं बनिरहेका छन् त ? किन जनताहरूमा खाद्य संस्थान प्रतिको निर्भरता बढ्दै छ ?' सबैले सोंच्नुपर्ने विषय छ । हुम्लाको जनताको चिन्ताको विषय बनेको देखिन्छ ।




# मौरी लोप भए मान्छे लोप हुन समय लाग्दैन : अध्यक्ष दंगाल

धनबहादुर मगर

काठमाडौं । बैशाख १४ राष्ट्रिय किसान आयोगले मौरी पालक कृषकका समस्या र समाधान विषयक अन्तरक्रियात्मक कार्यक्रम गऱ्यो ।

उक्त कार्यक्रममा राष्ट्रिय किसान आयोगका अध्यक्ष डा.प्रेम दंगालले मह खाने र उत्पादन गर्ने जीव मात्र नभई समस्त सृष्टिलाई बचाउने जीव भएको बताए ।

उनले प्रसिद्ध वैज्ञानिक आइन्सटाइनले मौरी समाप्त भएको ४ वर्ष पछि मानव जातिनै समाप्त हुने भनेर भनिएको भनाईलाई उद्धृत गदैए मौरीको संरक्षण गर्न ध्यान दिनुपर्ने बताए ।

मौरी संरक्षण नीति प्रवर्द्धन जरुरी छ । सुन्दै जाँदा झन् सुन्न मन लाग्छ । प्रसिद्ध वैज्ञानिक अल्वर्ट आइन्सटाइनले सापेक्षितकताको प्रतिपादन गरे । साथमा उनले मौरीको बारेमा भने, मौरी मरेको ४ वर्ष पछि मानव अस्तित्व समाप्त हुन्छ भनेको छ ।

बेलायतमा प्रत्येक घरमा बिरालो पाल्ने गर्थ्यो । मुसाले बिरालोले खाने, मुसाले मौरी र भमरा जस्ता किटहरु खाने, गर्नाले खाद्यान्न उत्पादनमा समेत कमी हुने गरेको बताए तर बिरालो पाल्ने गरेपछि वनस्पति देखि खेतीबालीको उत्पादन बढ्न थाल्यो । मौरी संरक्षणमा ढिलाई गर्न नहुने बताउँदै सृष्टि धान्ने, कृषि उत्पादन बढाउने, मौरीलाई हामीले चिन्न सक्नु पर्ने बताए । सानो सेक्टर छ भनेर सोच्नु गलत कुरा हो । मौरीलाई विदेशमा जैविक विविधतासँग जोडेर संरक्षण गर्दै आएकोमा नेपाल त्यसमा पछि परेको बताए ।

साथै कार्यक्रम बजारको समस्या सम्वोधन गर्न आयतलाई प्रतिस्थापन गर्ने हो । वैधानिक ढंगले र अवैधानिक ढंगले भएको उत्पादनलाई विस्थापन गर्ने हो । विश्व व्यापार संगठनको सदस्य लिएपछि राज्यले मेजर डम्पिङ्ग : अवैधानिक ढंगले भएको उत्पादन विस्थापन गर्ने हो । अति डम्पिङ्ग मेजर्स बाहिरबाट आउनेलाई रोक्ने हो । अन्तिम अल्टिमेट डम्पिङ्ग मेजर आन्तरिक उत्पादनलाई संरक्षण गर्ने ।

नेपालमा उत्पादन गरिने मौरीमा विदेशी र वहुर्राष्ट्रिय कम्पनीहरुले लगानी गरेको छैन । वहुर्राष्ट्रिय कम्पनी आयो भने नेपाली किसानको हित विरुद्ध हुन सक्छ ।

मौरी पालन क्षेत्रमा उत्पादनमा लगानी गर्ने, मौरी पालन व्यवसायीलाई सपार्ने । महको बजार व्यवस्थापन र मौरी विकासमा नीति निर्माण तयार गरी कार्यन्वयनमा जाने हो ।

विकसित देशहरुमा ल्याव टेष्ट गर्ने सुविधा छ । रसायनिक विषादीको अवशेष छ छैन भनेर विषादीको जाँच गर्ने चलन छ । साथै आयोगले जनशक्ति व्यवस्थापन, सेना र प्रहरीलाई ५/१० ग्राम मौरीको मह खुवाउने व्यवस्था गर्दा मौरीको मह नेपालमा नै खपत हुने सम्भावना बढ्छ । व्यवसायियक मौरी पालक किसानका लागि दीर्घकालीन रुपमा योजनाहरु बनाउनु जरुरी छ । यसो गर्दा आर्थिक र प्राकृतिक रुपमा पनि मौरी



मौरीका लागि एम्बुलेसन्स, पर्यटनमूखी मौरी पालन, पर्यटकीय रुपमा लोभ्याउने गरि आउलेटहरुको निर्माण हुनुपर्छ भनेर सिफारिस गरेको छ । कर्जा, अनुदान, बिमा नीति जारी, कृषि कर्जा व्यवहारिक पक्षलाई ध्यान दिनु पर्छ । संरचनात्मक बजेटको समस्या छ । आयातित महमा कर बढाई नेपाली महको बजार निर्माणमा सहज बनाउनु पर्छ । मौरी पालनमा क्षति भएमा क्षतिपूर्तिको व्यवस्था गर्ने, न्यून व्याजदरमा ऋण उपलब्ध गराउने, आदि कुरामा ध्यान दिनु आवश्यक छ ।

फुलहरु नफूल्ने समयमा कृतिम आहार व्यवस्थापन र कर छट । कृषि तथा फलफूलहरुमा परागसेचन गरी संरक्षण योजना, आधुनिक ब्राण्डको हनिमार्टको निर्माण, महलाई अन्तर्राष्ट्रिय बजारमा पुऱ्याउने व्यवस्था । आधुनिक र मौलिक घारहरुको निर्माण, प्रशासनिक भवनको निर्माण, राज्यकोषबाट प्राप्त अनुदान उपलब्ध गराउनु पहल गर्नु पर्छ ।

जलवायू परिवर्तन र जथाभावी विषादी र रसायनिक मलहहरुको प्रयोगले मौरीमा पराग सेचन घट्दो अवस्था छ । कृषि बाली लगायत प्रायः बालीहरुमा रसायनिक विषादीहरुको प्रयोगमा रोक लगाउनु पर्छ । संरक्षण र मानव हितमा हुनेछ ।

मौरी पालक महासंघ अध्यक्ष तीर्थकुमार श्रेष्ठले मौरी पालन विकास केन्द्र गोदावरीले मेलिफेरा मौरी पालन गर्ने किसानहरुको संख्या हालसम्म १० हजार रहेको बताए । साथै श्रेष्ठले प्रदेश र स्थानीय निकायमा मौरी पालनबाट आयआर्जन गर्ने किसानहरुको संख्या वृद्धि हुन नसकेको बताउँदै उत्पादन भने बढेको बताए । पालन गरेको मौरी, पालन नगरिएको मौरीको संरक्षण दुबैको हुनु जरुरी छ । रैथाने मौरी, सेरना मौरी, हिमालयन ३ रेञ्जमा पाईने मौरीको पोलिनेशन अवस्था कमजोर भएको कारण उत्पादनमा समेत असर पारेको छ । अढाई लाखको हाराहारी मौरी घारहरुमा मौरी पालन गरेका छन् । पालुवा मौरी र पालन नगरिएका मौरीको मौरी गोलामा पनि फरक हुन्छ । नेपालको मौरी पालन गर्ने भूगोलको छनौंट, मौरी उत्पादन गर्न सक्ने सम्भावना भएका स्थानको अनुसन्धान जरुरी छ ।

नेपालमा प्रशस्त मौरी उत्पादन गर्नसक्ने सम्भावना बढ्दो छ । महलाई पञ्चाम्रितको रुपमा खाने चलनबाट पनि महको उपभोग हुँदै आएको छ ।

उत्पादन बजारीकरणको उचित व्यवस्थापन

गर्न नसक्दा समस्या आएको हो ।
रोयल जेली उत्पादन गर्न छाउराको आहार( विहार र स्याहार-सुसार ख्याल गर्नु पर्छ । रोयल जेली सेवनले यौवन रही रहन्छ भन्ने विश्वास छ । त्यसकारण पनि कस्मेटिक सामानहरूमा रोयल जेलीको प्रयोग गरिएको पाइन्छ । एक किलोग्राम कुटलाई ४ हजार रुपैयाँ पर्छ । मौरीले कुटलाई प्रोपोलिन चोपबाट संकलन गरी उत्पादन गरिन्छ । जस्मा इथानोल प्रोपोलिन १ लिटरको ७० हजार रुपैयाँ पर्छ । प्रोपोलिनहरु सुनभन्दा महँगो मानिन्छ । एनटीआईएनको २०१० मा प्रकाशित गरेको तथ्याङ्क अनुसार हजारौं किलो ग्राम मह निर्यात भएको आंकडा छ । १ लाख ७७ हजार हाराहारीमा स्थानीय मौरी पालन गरिएको छ । १० लाखको हाराहारीमा मौरी पालन गरेको छ भने महबाट मात्रै १० अर्ब भन्दा बढी आम्दानी लिन सकिन्छ । मौरीपालन क्षेत्रमा

**समस्याहरु चुनौंतीहरु :**

मौरी प्रवर्द्धन नीति २०७३ ले मौरी बोकेका गाडीलाई एम्बुलेन्स सरह लिन्छ । मौरीपालनमा ढुवानी गर्दा विमाको व्यवस्था गरेको छ । ढुवानी गर्दा क्षति भएको छ भने विमा दावी गर्न पाइन्छ । हाम्रो नेपालीहरू अर्काले गरिखाएको देखि सहँदैन । क्वारेन्टाइनको समस्या छ । पढेर मात्र हुँदैन । काम गरेपछि धेरै कुरा सिकिन्छ । मौरी विज्ञको अभाव छ ।

गुणस्तरीय मौरी पालन गर्न गुणस्तरीय रानी उत्पादन गर्नु पर्छ । यसै आर्थिक वर्षदेखि नै रानी मौरीको उत्पादन गरिरहेको छ ।

जहाँ तथ्याङ्कको कुरामा भिन्नता छ । अभिलेखीकरण नगरीकन हुँदैन ।

कम्तीमा पनि ४०० रुपैयाँ महको उत्पादन गर्न लागत पर्छ । खेर गएका काठहरु मौरीका घार बनाउन प्रयोग गर्नसके नेपाली बजारमा महको उत्पादन लागत सस्तो हुनसक्छ । किसानको लागत अनुसार महको मूल्य प्राप्त हुनुपर्छ । नेपाली बजारमा स्वादेशी उत्पादनको मह भन्दा विदेशी मह बेचविखन भइरहेको छ ।

वन क्षेत्रमा अतिक्रमण हुँदा मौरीको वासस्थानहरु मासिएका छन् । चरण क्षेत्र खुम्चिदा समस्या छ । चरन क्षेत्र सञ्चालन गर्ने किसानलाई अनुदानको व्यवस्था हुनु पर्छ । किसानले आफैले मात्र बजार बजारसम्म पुऱ्याउन सक्दैन । (जङ्क फुड), पतुर खाना नेपाल भित्रै खपत हुन्छ । प्रवर्द्धन नीति, अगाडि बढाउन तोरीको उत्पादन, फलफूल जन्य बोट बिरुवाहरुको रोपण, गर्न जरुरी छ । तोरीका फूलहरु फुल्दा १४ प्रतिशत महको उत्पादन बढेको तथ्याङ्क छ । जलवायू परिवर्तनमा विषादीहरुको प्रयोगले मुस्ताङ्को फापर, स्याउमा पराग सेचन प्रणालीमा कमी आयो । जनशक्तिको कमी, बजारीकरणमा वेवास्ता, व्यवसायिक किसानहरुको खोज, कृषिमा आधुनिक प्रविधिको प्रयोग गर्न जरुरी छ । कृषि ऐन नबनेका कारण किसानहरु सेवा सुविधाबाट बञ्चित छ । मौरी पालन व्यवसायीहरुमा एकरुपता नभएको बताउँदै २०० सयमा रुपैयाँमा घर(घरमा गएर किन्ने र तिनै महलाई ८ सयदेखि ११ सय रुपैयाँ मूल्यमा बिक्री गर्ने गरेको बताए ।

मौरी पालक किसान शालिकराम बानियाँले भने म २० वर्षदेखि मौरी पालन गर्दै आएको छु । मेरो ४०० घारमा १०० गोला मौरीमा बीमा छैन । शुरुमा बिमा गर्दा महको लागि भनेर भन्यो । तर बिमाको दावी गर्दा मौरी गोलाको होइन महको लागि मात्र भन्यो । त्यसकारण मौरी बीमा सहज भएन । छ महिना देखि किसानहरुले मह खाटमुनी डम्पिङ्ग गरेको छ । नेपालमा मह भण्डारण गर्ने भण्डारको व्यवस्था छैन । ५० प्रतिशत भवन निर्माण गर्न अनुदान आएको थियो त्यो पनि गर्न सकिएन । मेशिनरी मौरी घारको लागि ६० प्रतिशत अनुदान हुनु पर्छ । निवर्तमान अध्यक्ष जानुका थपलियाले मौरी व्यवसायी संघले महलाई एकद्धारा प्रणालीमा लानु पर्ने बताए । नक्कली मह बेचेकालाई कारवाही नहँदा किसानहरु निराश भयो ।

कीट विकास निर्देशनालयका प्रमुख भोजराज सापकोटाले भारतले मौरी किसानहरुलाई संरक्षण गरेको छ । मौरी कृषकहरूलाई ६० प्रतिशत अनुदान दिएको छ । भारतसँग प्रतिस्पर्धा गर्न सक्दैन । भारतले, भारतका मौरी किसानहरुका लागि प्रधानमन्त्री मधुमखी परियोजना लिएर आएको छ । नेपालमा भारतको मह आयात् भइरहेको छ । यो अवस्थामा नेपालको मह दिगो हुन सक्दैन । व्यवसायिक संगठन नभईकन यस विषयलाई अगाडि बढाउन सक्दैन । वंश सुधार, नयाँ प्रविधिको विकास गर्न विदेशबाट लिएको ज्ञान लगाउनु पर्छ । संघीयता पछि सेवा विस्तार हुनु पर्नेमा संकुचन भयो । मौरीको घार उत्पादन गरेर नेपाली बजारमा मात्र नभई विदेशमा पनि निर्यात बढाउनु पर्छ ।

विमा लेखमा विमा प्राधिकरणले बनाएको मापदण्ड छ । नेपाल बिमा प्राधिकरणका प्राविधिक तथा उपनिर्देशक निर्मल अधिकारीले प्राधिकरणले बनाएको मापदण्डभन्दा बाहिर गएमा कारवाही गर्छ । माइग्रेशनमा लग्दा विमा हुन्छ । प्रति घारको फ्रेमको आधारमा बिमा भुक्तानी दिन्छ । एउटा मौरीको घारमा रहेको ५ वटा फ्रेमका लागि विमा हुन्छ । विमालेखमा प्राविधिक भन्ने छैन । १० वटा घार भएपुग्छ ।

छलफलका क्रममा १ वर्षमा पूरानो भएको घार फेर्नु पर्छ र राँगा-भैंसीको कुरा आउँछ, मौरीका लागि कहींबाट कुरा उठ्दैन ।

तथ्याङ्कको अध्यवधि गर्ने कुरामा पटक( पटक कुरा उठ्छ । एकातिर किसान घटेको छ अर्कोतिर उत्पादन बढेको छ । छानिएर आएको र प्रविधिमा सुधार भएकोले उत्पादन बढेको हुनसक्छ । मौरीलाई किन प्राथमिकता दिन सकेको छैन ? बुल्गेरियाबाट रोयल जेली आएको छ । मौरीलाई राज्यको मुलधारमा लान सकेन ।

सरकारले पोलीनेशन कीट भने पनि डम्पीङ्ग बनाएर जेनेटीक जेनोसाइड गरेको छ । मैरी किसानका घरमा टनका टन मह थुप्रेका छन् । धेरै वर्ष पहिले बुल्गेरिबाट मह ल्याएर बेच्ने म नै हुँ । तर अहिले मह बाहिरबाट ल्याइएको छैन । मौरीले दिने अरु उत्पादन भन्दा मह सस्तो उत्पादन हो । सबभन्दा ठूलो समस्या बजारको छ ।

उत्पादन गर्न सके रोयल जेलीको राम्रो बजार छ । त्यसलाई बी पोलेन हाइभ्यालु भनिन्छ । हामीले किसानहरूलाई हुँदा खाने भन्दा पनि हुने खाने बनाउने हो । मह परीक्षण गर्ने ल्याब टेष्ट महत्वपूर्ण प्रविधि हो । महमा ग्लुकोज, फ्रुक्टोज, ल्याक्टोज जस्ता महत्वपूण तत्व पाइन्छ । महको प्रशोधन गरि बजारमा लान सके राम्रा आम्दानी लिन सकिन्छ ।

नेपाली महलाई राज्यले बुझ्दैन पतञ्जली र डावरको मह खान्छ । अब शुरुवात हामीबाटै गर्नुपर्छ । प्रत्येक होटल स्कुल, कलेज, र सेना, प्रहरीहरु कहाँ मह पुऱ्याउनु पर्छ । राज्यले मौरीले मह बाहेक अरु केही बनाउँदैन भन्ने भ्रम छ । विद्यालयमा महको बारेमा पढाउनु पर्छ ।

नक्कली र सक्कली मह छुट्याउने माध्यम भनेको उपभोक्ता नै सचेत हुनु पर्ने र सर्वसाधारण उपभोक्तालाई जनचेतनाको जरुरी छ । नेपालको मह विदेशमा किन जाँदैन । यूरोपमा नेपाली महको माग छ । तर ल्याव टेष्ट गर्न नसक्दा पठाउन सकिएको छैन ।

# मौरीपालनको महत्व र संरक्षण

नेपालमा परापूर्व कालदेखि परम्परागत मौरीपालन गर्दै आएको र हालसम्म पनि स्थानीय एपिस सेराना जातको घरपालुवा मौरीलाई प्राकृतिक एवं सांस्कृतिक सम्पदाको रूपमा परम्परागत मुढे घार एवं खोपे घारमा राखी मह उत्पादन गर्ने प्रचलन नेपालको प्रायः सबै क्षेत्रहरूमा यथावत रहेको पाइन्छ ।



नेपालमा एपिस मेलिफेरा मौरी भित्रिएपछि परम्परागत मौरीपालन पद्धतिमा क्रमशः परिवर्तन आई व्यावसायिक रूपमा मौरीपालन सुरुवात भएको छ । यसबाट मौरीपालक कृषकहरूको रोजगारीमा वृद्धि हुनुको साथै मौरीपालनबाट बालीबिरुवाहरूको परागसेचनमा प्रभावकारिता आई बालीबिरुवाहरूको उत्पादनमा गुणात्मक एवं परिमाणात्मक वृद्धि हुनुको साथै वातावरण संरक्षणमा समेत सहयोग पुगिरहेको छ । नेपालको भौगोलिक बनोट तथा यसमा भएको प्राकृतिक स्रोत जसमा मौरीलाई उपयुक्त हुने बोटबिरुवाको बाहुल्यता छ । साथै समयसमयमा लाग्ने बालीनाली मौरीचरनको रूपमा अति नै उपयुक्त हुने गर्दछ । वनजङ्गलमा भएका वनस्पतिहरू पनि चरनको रूपमा प्रयोग भई मौरीपालनमा सघाउ पुग्न सक्दछ । नेपालको विद्यमान वन जङ्गल, खेतीप्रणाली र चरनक्षमतालाई समेत हेर्दा लगभग १० लाखसम्म मौरीगोला पालन गर्न सकिने अनुमान गरीएको छ ।

नेपालको तराई, पहाड र हिमाली जिल्लाहरूमा आय र रोजगारी सिर्जना गर्ने क्षमता भएको प्रमुख उद्यम हो मौरीपालन। मौरी, विशेष गरी एपिस मेलिफेरा जातको मौरीलाई एक ठाउँबाट अर्को ठाउँमा, एक जिल्लाबाट अर्को जिल्लामा चरनको लागि लैजाने चलन छ । चितवनका मौरी पालक किसानहरुले असोज, कार्तिक महिनाको समयमा दाङ, भैरहवा, प्यूठान, रुकुम लगायत मधेश प्रदेशका केहि जिल्लामा मौरी चरनको लागि लैजाने गरेको पाइन्छ । फरक( फरक क्षेत्रमा फरक समयमा फुल फुल्ने भएकाले एक स्थानका मौरीपालकहरुले अर्को स्थानमा मौरी चरनमा लाने गरेका छन् । साथै यस जिल्लामा पनि अन्य जिल्लाका मौरीपालकहरुले मौरी चरनको लागि ल्याउने गरेको पाइन्छ । पश्चिम चितवनको तुलनामा पूर्वी क्षेत्रमा बढी मौरी पालन व्यवसाय रहेको छ । हालको समयमा चितवन लगायत विभिन्न जिल्लामा चिउरी फुल्ने समय हो । चितवनको कालिका नगरपालिका, राप्ती नगरपालिका र इच्छाकामना गाउँपालिकाका विभिन्न वडामा चिउरीको जंगल रहेको छ । मौरीपालन गर्ने अधिकांश मौरीपालकहरुले चिउरीको मह उत्पादन गर्ने चितवन जिल्लाको कालिका नगरपालिकाको पहाडी भु(भागमा आफ्नो मौरी चरनको लागि लैजाने गर्दछन ।

चिउरी एक बहुवर्षीय बिरुवा हो । चिउरीको बोट र चेपाङ्ग जाति बिच गहिरो सम्बन्ध रहेको पाइन्छ । चिउरीको बोट उनीहरुको जीवनचर्यासँग गजबले गाँसिएको पाइन्छ । नेपालमा चिउरीका जातलाई असारे, साउने र भदौरे चिउरी भन्ने गरेको पाइन्छ । पूर्वी, मध्य नेपाल देखि पश्चिम नेपालसम्म चिउरीका बोटहरु पाइन्छ । चिउरी समुद्र सतहबाट २०० देखि १५०० मिटरको उँचाइमा हुने बिरुवा हो । हल्का पहेलो रंगको फूल हुने चिउरी असोज, कार्तिक देखि माघ सम्म फुल्छ । अनि फागुन देखि असारसम्म फल लाग्छ । चिउरी मानिसका लागि मात्र उपयोगी वनस्पति होइन । यसको फूलमा मौरी असाध्यै झुम्मिन्छ । त्यसैले चिउरीलाई मह उत्पादनको महत्वपूर्ण स्रोत मानिन्छ । मौरीपालकहरू मौरीका घार चिउरी पाइने जंगलमा सार्ने गर्छन् । यति धेरै महत्वपुर्ण बोट हुदाँ(हुदै हालको समयमा चिउरी बिरुवा तथा रुखहरुको संरक्षणमा भने उचित ध्यान पुर्‍याउन नसकिएको देखिन्छ । चितवनमा करिव १७ हजार माथि एपिस मेलिफेरा जातको मौरीको गोलाहरु रहेका छन् । एपिस मेलिफेरा जातको मौरीपालनको महत्वपूर्ण केन्द्र विन्दु वनेको चितवन जिल्लाका पहाडी भु(भागमा रहेका चिउरी बिरुवा संरक्षण तथा वृक्षारोपणको आवश्यकता रहेको देखिन्छ । प्रत्येक वर्ष मौरीगोलाको संख्यामा वृद्धि हुदै जादाँ त्यसलाई चाहिने चरन क्षेत्रको विकास तथा विस्तार हुन पनि जरुरी देखिन्छ जसले गर्दा मौरीपालकहरुले मौरीपालनबाट अधिकत फाइदा लिन सक्छन ।

तसर्थ चिउरीवाट मह उत्पादन गर्न होस वा चिउरीको बिरुवा संरक्षण तथा विस्तार गर्न तपिसलका कार्य हुन आवश्यक देखिन्छ ।

(मौरी चरन क्षेत्रको क्षमता आंकलन गरि मौरी गोला व्यवस्थापन गर्नुपर्ने ।

(चरन क्षेत्रको सम्भावना अध्ययन गरि थप चरन क्षेत्र विस्तारको योजना बनाई स्थानीय तथा प्रदेशस्तरवाट कार्यान्वयन गरिनुपर्ने ।

(समुदाय तथा स्थानीयस्तरवाट नै मौरी चरन क्षेत्र सम्वन्धी नीति बनाई चिउरी बिरुवा संरक्षण हुनुपर्ने । (चरन क्षेत्रको महत्वबारे स्थानीय स्तरमा जनचेतना अभिवृद्धिका कार्यक्रमहरु सञ्चालन गर्नुपर्ने ।

(मौरीले बाली तथा अन्य किरुवामा पुर्‍याउने फाइदाको बारेमा स्थानीयस्तरमा रहेका मौरीपालक तथा मौरी पालन नगर्ने समेतमा जनचेतना मुलक कार्यक्रम सञ्चालन गर्नुपर्ने ।

(सामुदायिक वनले सम्भावना भएका ठाँउहरुमा चरन क्षेत्र विस्तारको लागि चिउरी बिरुवा रोपण तथा संरक्षण गर्नुपर्ने ।

(दिगो मौरीपालन व्यवसायको लागि मौरीपालक महासंघ चितवन, सरकारी तथा अन्य संस्थाहरुको समन्वय र सहकार्यमा व्यवस्थित र दीर्धकालीन मौरी चरनको लागि आवश्यक कार्ययोजना बनाई चरन क्षेत्रको विकास गर्नुपर्ने । (मौरीपालन गर्नेले मात्र नभई मौरीपालन नगर्ने व्यक्तिहरुले पनि मौरी पालनलाई आवश्यक पर्ने बिरुवा लगाई, बालीनालीमा प्रयोग गरिने विषादीको प्रयोग कम गरि मौरीमैत्री वातावरण बनाउन सक्ने भएकोले त्यस्ता व्यक्ति लक्षित गरि मौरीको महत्वको बारेमा जनचेतना मुलक कार्यक्रम सञ्चालन गर्नुपर्ने । जसले गर्दा प्रत्यक्ष तथा अप्रत्यक्षरुपमा मौरीपालन व्यवसायलाई टेवा पुर्‍याउँछ ।

अतः दीर्घकालिक रुपमा चरन क्षेत्रको विकास गरि वैज्ञानिक ढंगबाट चरन क्षेत्रको विस्तार तथा व्यवस्थापन गरेमा मौरीपालन व्यवसायलाई दियो बनाई मौरीपालकहरुको आम्दानीमा वृद्धि गर्न सकिन्छ ।

चितवन जिल्ला, कालिका नगरपालिकाको पहाडी भेग रन्तेस क्षेत्र, मजवाङ् मा राखिएको मौरीगोला तथा चिउरीपाखा संरक्षण गरिनु पर्छ ।

# कृषि अनुदान दुरुपयोग भयो : समावेशी आयोग

रिपोर्ट :
धनबहादुर मगर

काठमाडौं यही गएको सोमवार राष्ट्रिय समावेशी आयोगको आयोजनामा र कृषि सम्बन्धी अनुदानको प्रभावकारी अध्ययन सम्बन्धी अध्ययन प्रतिवेदन सार्वजनिक गर्दै छलफल तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न गरेको छ ।




यो हाम्रो नेपाल, राम्रो नेपाल नामक संस्थाले तयार पारेको प्रतिवदेन माथि छलफल र सुझावको आयोजना गरिएको अन्तरक्रिया कार्यक्रम हो ।

किसान(संघ संगठनका अध्यक्ष तथा कृषि विज्ञहरुको सहभागीतामा भएको उक्त छलफल तथा अन्तरक्रिया कार्यक्रममा राष्ट्रिय महिला कृषि समूहका अध्यक्ष गंगालक्ष्मी अवालले महिला किसान भनेको कुनै राजनीतिक पार्टीको किसान नभई वास्तविक किसान भएको बताईन् । छलफलको क्रममा भनिन् अवालले भनिन् हाम्रो संस्थामा मेचीदेखि महाकालीसम्मको किसान आवद्ध छन् । कति प्रतिशत महिला किसानले कति अनुदान पायो त ? भन्दै अवालले कसैलाई पनि राजनीति वायस नगरीकन महिला किसानको लागि भनेर लडिरहेका बताईन् । बाटो लगे, स्थानीय खाजा नखाई चाउ-चाउ खान थालेको बताइन् । गाउँमा कोही छैन । साना सिँचाई राखेको भए हुन्थ्यो । अवालले देशको ८० प्रतिशत कृषि महिलाले धानीरहेका बताईन् । ९९ प्रतिशत किसानहरुले अनुदान पाएका छैनन् । भएपनि नभएपनि कागज मिलाएर परियोजना खाने गरेका छन् । किसानको आफ्नै खेतमा गएर अनुदान वितरण गरिनु पर्छ । ज्ञानकेन्द्रमार्फत अबदेखि स्थानीय सरकारबाटै खेतमै गएर अनुदान दिऔं ।

उनले भनिन् सुर्खेतका एउटा किसानले ७ करोडसम्मको अनुदान पाएको बताइन् । विदेशीलाई गुलामी गरेर मात्र पुग्दैन । भारतमा वर्गीकरणको व्यवस्था गरेको छ । यहाँ किसानको वर्गीकरण छैन । त्यही भाउमा किन्नु पर्छ । भारतमा आधार कार्ड वितरण गरेर वर्गीकरणको आधारमा सेवा सुविधा बाँडफाँड गरेको छ । गरिब सस्तो, बिचको लागि केही सस्तो सुविधा दिइएको छ । सरकारको किसान प्रति सोँच परिवर्तन गर्नु पर्छ । किसानले उत्पादन गरेको कृषि उपज सरकारले किन्ने व्यवस्था गरिनु पर्छ । नेपालमा जो कृषि कर्म गछन् उसले पाउँदैन । किसानले आफूले गरेको कामको मूल्य छैन, उपभोक्ताले सस्तोमा खानु पाउँदैन, तर बिचको विचौलियाले सहज रुपमा खान्छ । विचौलिया नभएपनि हुँदैन । विचौलियाले कति प्रतिशत आफूले राख्न राख्न पाउँछ स्पष्ट नीति बन्नुपर्छ । कृषि सहकारी बनाएर खरीद बिक्री गर्ने व्यवस्था गर्न पाएको भए राम्रो हुन्थ्यो ।

भारतमा एफिए, विपिए अन्तर्य गरि तीन प्रकारको कार्ड वितरण गरिएको छ । किसान पनि त्यसैगरि वर्गीकरण गर्छन् जिल्ला कृषि, नगरपालिकामा जुन बोर्ड छ, प्राविधि र अनुदान छैन । अनुदान दिने पनि चिनेको चाहिन्छ । दिगो कृषिको कुरा आएको छैन । वजेट टाठाबाटाले पाउने भए । बरु वडा कार्यालयमार्फत व्यवस्थापन गर्न पाए राम्रो हुन्थ्यो ।

राष्ट्रिय किसान आयोगकी माननीय सदस्य जीवन्ती अर्याल पौडेलले सहयोग होकी अनुदान हो खुलेन । एनएलएसपी कार्यक्रमबाट पस्मिना, डेरी र दूध उत्पादक क्लष्टर छुट्याएर सहयोग कार्यक्रम दिएको रहेछ । भेडा र च्याङ्ग्राको दाना स्टोर गर्ने ठाउँ, कोल्ड च्याम्बर रहेछ । गण्डकी प्रदेश सरकारले एलएनएसपीको कार्यक्रम कार्यन्वयन भएको क्षेत्रमा जाँदा प्रतिकुल मौसम भयो । च्याङ्ग्रा हेर्न जानु पऱ्यो भनेको जति टार्गेत थियो हुन सकेन । सहयोग लिएका किसानहरुले त्यही मात्र धन्दा गर्दा रहेछन् । कहीँ होटल चलाएको रहेछ । हेर्न गएको ठाउँमा समयको अभावका कारण जान सकिएन । गण्डकी प्रदेश सरकारले अनुदानको लागि आशय पत्रमा आव्हान गरेको मा आवेदन परेको ६६५ मा २७७ स्वीकृत भएको रहेछ । र त्यसमा पनि ५५ वटा सामूहिक अन्य विविध थिए । ४ चोटी पोखरा बोलाउँदा कति खर्च हुन्छ ?

स्वीकृत भएको २१० मध्ये ११० मात्र सम्पन्न भएको रहेछ ।

किसान सूचीकरण एजेण्डा आवश्यक छ । सहयोगमा न्यायोचित हुनुपर्छ । नीतिगत प्रस्ताव हुनुपर्छ ।

राम्रो काम गरेको ठाउँमा गएर बुझ्न समय भएन ।

नियतमा भएको वेइमानी कसरी सच्याउने, देशलाई माया गर्ने इमान्दार मान्छेको खाँचो छ । देश र जनतालाई माया गर्ने हुनु पर्छ । स्याङ्जाको फेदिखोलामा १०० घरधुरी सहकारी मार्फत राम्रो काम गरेका छन् । पोखरा महानगरपालिकाले तरकारी मात्रै उब्जनी गर्ने किसानलाई ग्रीन एम्वुलेन्स शुरु गरेको रहेछ ।

कृषि अनुसन्धान परिषद्का कृषि विज्ञ नुमानिधी पाण्डेले म पनि कृषिका कर्मचारी हुँ, र कृषक पनि हुँ, अनुदान वितरण, अनुगमनको संयन्त्र बलियो बनाउन पालिकाबाटै गर्दा प्रभावकारी हुन्छ । खरिद इकाई नीति केन्द्रबाटै गरौं । बीउ बेर्नाको संरक्षण, नवीनतम् प्रविधिको अनुसन्धान, हावापानी अनुसार नवीतम् प्रविधिको सिफारिस र सिफारिसमा परेको बीउ होकि होइन पहिचान गर्ने । तालिमहरु फर्म केन्द्रहरुबाटै गरौं ।

कारोवार दैनिकका सम्वाददाता कौशिला कुँवरले प्रतिवेदन तथ्याङ्कमा आधारित भएर आउनु सकेन नेपाल सरकारको धेरै प्रतिवेदनहरु कागजी खोस्टाको रुपमा थन्किरहेको र प्रतिवेदनलाई कार्यन्वयन तहमा पुऱ्याउन नसक्दा दुरुपयोग बढेको बताईन् । राष्ट्रिय कृषक समूह महासंघका अध्यक्ष

पञ्चकाजी श्रेष्ठले देशको अवस्था, सरकारै छैन कि भनेर अनुभव हुन्छ । सिँचाई मन्त्रालयले सिँचाई बनाएको ठाउँमा सडक बनाएपछि । कृषियोग्य जमिन घरेडी बन्न थालेको बताए । कृषिलाई सँस्कार रुपमा भन्दा पनि कृषि सँस्कृतिमा लिनु पर्छ । सरकारले अधिकार दिन चाहेको छैन । पालिकालाई नै कृषि ऐन बनाउने अधिकार छ । स्थानीय तहलाई अधिकार सम्पन्न गर्नु पऱ्यो । फेरि पनि सिंहदरवारलाई अधिकार सम्पन्न बनाउने हो भने परिवर्तन किन चाहियो ? अनुदानले झाडा टार्ने काम मात्र गरेको छ ।

अनुदान लिन नसक्नु प्यान पनि हो । एनजिओको रुपमा आएको संस्थाले घरवहाल तिर्नुपऱ्यो । सोसिल अडिटलाई आधारमा मान्ने हो भने कृषिमा राहत पुग्ने देखिन्छ । खर्च गर्ने मापदण्डमा गिट्टी-ढुङ्गा कम्पनीलाई केही नचाहिने तर कृषिलाई चाहिँ कर देखि लिएर सबै तिर्नु पर्छ ।

मैले पनि विगतमा प्राङ्गारिक मल प्रयोग गरेको थियो । पूरै घाँस उम्रियो । प्राङ्गारिक मललाई गुणस्तरीय छ कि छैन प्रमाणीकरण गर्नु पऱ्यो । अनि अर्गानिक खेतीको कल्पना कसरी गर्न सक्छौं ? सूचीकरण कति जना कृषक सहभागी छन् भन्ने कुरा आउनु पऱ्यो । विषादी प्रयोगले नेपालीहरुको स्वास्थ्यमा असर पुऱ्याएको छ ।

१ के.जी. गोलभेडाको बीउलाई डेढलाख मूल्य पर्छ । जिल्ला कृषि नै ठिक थियो । कृषिमा विविध ज्ञान भएको जनशक्ति हुनुपर्छ । सिँचाई चाहिन्छ । शहरी विकासले खोलानाला सुकेको छ ।

अखिल नेपाल किसान क्रान्तिकारीका अध्यक्ष हरि श्रेष्ठले कृषि अनुदानमा घोटला भएको छ । किसान आयोग र समावेशी आयोगले ल्याएको प्रतिवेदन अनुदानलाई प्रभावकारी बनाउन सहयोग पुऱ्याउँछ । अनुदान, उत्पादन र लागत एकपालिका, एक संकलन केन्द्र, एक पालिकास्तरीय भण्डारणको व्यवस्थापन, प्रभावकारी वितरण हुनुपर्छ । मन्त्रालयले परियोजनाहरुबाट कमीशन खान्छ । हेटौडाको वधशाला भत्किन लागेको छ । पालिकामार्फत उत्पादनको आधारमा अनुदान वितरण हुनुपर्छ । उत्पादित कृषिलाई पालिकाले म किनी दिन्छु भन्ने प्रतिवद्धता आउनु पर्छ । किसानले बजार खोज्नु पर्दैन । जमिन बाँझो हुँदैन ।

नेपालको बाँझो किन भए ?

जमिनदारको जमिन कमाउँदा धेरै समस्या आएको छ । जमीनको स्वामित्व राज्यले लिनुपर्छ । जब लालपुर्जा च्याट्दैन तबसम्म नेपालको कृषिमा किचलो आइरहन्छ । १९९० मा आएनजिओ भित्रिएको रहेछ । एनएलएसपीमा मात्र ३७ करोड परामर्श खर्च भएको गरेको देखियो । एनजी ओ र आइएनजिओ बाट भित्रिने अनुदान सहयोग करिब ४० प्रतिशत परामर्श सेवामै खर्च हुँदो रहेछ ।

कृषि ज्ञान केन्द्रले अनुदान बाँड्ने होइन ज्ञान दिने हो । संघ र प्रदेशले अनुदान स्थानीयलाई दिने हो । प्रधानमन्त्री कृषि अनुसन्धान परियोजनामा परामर्शमा खर्च भएको देखिदैन । साना किसान, सहकारी संस्था, सुकुम्वासीले अनुदान पाएको छ । लालपुर्जा नहुनेहरूको दर्तानै छैन । लालपुर्जा नभएका किसानले अनुदाननै पाउँदैन ।

बीमा, विजुली, बिउमा अनुदान चाहिन्छ । ४ रसायनिक मल बढी प्रयोग गरेर माटो बिग्रेको छ । हाइव्रिडको बीउ लगाउँदा भोकमरी ल्याउदैन भन्ने सोच गलत रहेछ । जमिनको मनपरी भाउ छ । नेपालको किसानलाई उत्पादन गर्न जमिनमा निश्चित भाडा दर नतोकीकन हुँदैन ।

अखिल नेपाल किसान संघका अध्यक्ष शेखरनाथ आचार्यले गोठ बनाईदिने होकी, अनुदानको रकम सरकारले नै व्यवस्थापन गर्ने हो स्पष्ट छैन । सिँचाईमा जोडदिन सके किसानहरू लाभान्वित हुन्छ ।

हामीले सतहको पानी प्रयोगमा ल्याएको छ । प्रत्येक वर्ष मोटर, बोरिङ्ग गर्नु पर्छ । त्यसको सट्टा नदिबाट लिफ्टीङ्ग प्रयोग गरेर सिँचाइको व्यवस्थापन गर्न सके राम्रो हुन्थ्यो । बिमालाई प्रभावकारी बनाउनु पर्छ । प्रत्येक वडामा २ जना कृषि प्रविधिकको व्यवस्था गरिनु राम्रो हुन्छ ।

अखिल नेपाल किसान महासंघ (क्रान्तिकारी केन्द्र)का सचिव शिवहरी खनालले अनुदान आवश्यक छ तर विषय जटिल छ । समग्रमा कृषि क्षेत्रको बजेट बढाउनु पर्छ भनेको छ ।

उत्पादनको मुख्य साधान जमिन हो । नेपाल सरकारको भू(उपयोग नीति छ । त्यसलाई कार्यन्वयन गर्नुपर्छ । बजार र सिँचाई छुटेको छ । किसानले बजार नपाएसम्म कृषिमा परिवर्तन हुँदैन । बजारीकरणको जिम्मेवारी स्थानीय तहले लिनुपर्छ । पहुँचको आधारमा होइन ।

प्राकृतिक प्रकोप पनि अनुदानमा पार्नु पर्छ । लम्की स्कीन, स्वाइनफ्लु वर्डफ्लुको क्षति भए बीमा र अनुदानको व्यवस्थापन गरिनु पर्छ ।

मलको अनुदान जोडेको छैन । रैथानी बीउ, उच्च नश्ल वृद्धि सहुलियतपूर्ण कर्जा, अनुदान, पेन्सन, भरण पोषण, किसानलाई कल्याणकारी योजनमा सहभागी गराउनु पर्छ ।

५० प्रतिशत अनुदानको सट्टा ६० प्रतिशत पुऱ्याउनु पर्छ भन्ने सुझाव प्रतिवेदनमा दिएको छ । प्रतिवेदनमा धेरै समस्याहरु खुलाएका र वास्तविक किसान भन्दा उद्योगी किसानहरू धेरै भएको उल्लेख छ । अनुदानको रकम तलबमा पनि खर्च गरेको देखिन्छ ।

भारतको किसानहरु समेत कृषिबाट त्यति सन्तुष्ट नभएको र अन्तरबाली कारण कृषि उठेको जनाएको छ । भुटानमा साना किसानलाई नै बढी जोडिएको र चिनमा भने कृषिमा राम्रो रहेको उल्लेख गरिएको छ । रिपोर्टमा समन्वय नभएकाले अनुदान पनि दोहोरोपर्न गएको छ । कार्यविधिमा वर्षै पिच्छे संशोधन भएको कारण किसानले धेरै झन्झट बेहोर्नु परेको छ । खुल्ला सीमाबाट आउने कृषिवस्तुले नेपाली किसानलाई हतोत्साही बनाएको छ ।

प्रतिवेदनमा कृषि ऐन बनाउनु पर्ने । अमेरिका, भारत र चिनबाट पनि नेपाली कृषिले सिक्नु पने उल्लेख छ । उल्फाको धन फुपुको श्रद्धा बनेको कारण दीर्घकालमा अनुदान बन्द गर्नुपर्ने सुझाव दिइएको छ । रसायनिक मलमा अनुदानमा नदिने भन्ने थियो । तर पछि विरोध आएपछि अनुदान दिइयो । सीमान्तकृत, साना, मझौला कृषकहरुलाई अनुदान उपलब्ध गराउने र रसायनिक मलको विकल्पमा जैविक मल बनाउन जोडदिने छ । एउटा गाईबाट २४ रोपनी जमिनलाई प्राङ्गारिक मल बनाउन सकिने उल्लेख छ । जैविक मलको संरक्षण जरुरी छ । कृषि सडक विस्तार र स्तरीकरणका साथै साना कृषि सडकमा जोड दिनु पर्छ । संस्थागत अनुदान दिएका वस्तुहरुको परिक्षण हुनुपर्छ । २० जिल्लामा भएको अध्ययन प्रतिवेदन अनुसार भारतबाट आएको कामदारको भरमा भरगर्नु नहुने कुरामा पनि दिइएको छ । कृषि कर्म गर्नेहरु हेलामा छन् । अध्ययनलाई बलियो बनाउनु पर्छ ।

कार्यक्रमको अध्यक्षता आयोगका कार्यकारी अध्यक्ष विष्णुमाया ओझाले गर्नु भएको थियो ।

# नेपालको चिया भारतमा मात्र रोकिन्छ, संसार को कुनै ठाउँमा रोकिदैन : पूर्व मन्त्री बास्कोटा

"संस्कृति, कृषि, पर्यटन र औद्योगिकीकरण, नेपाली चियाको दिगो बजारीकरण नाराका साथ" राष्ट्रिय चिया तथा कफी विकास बोर्डले पत्रकार सम्मेलनको आयोजना गरी २८ औं राष्ट्रिय चिया दिवस मनाउने जानकारी दिएको छ।

उक्त अवसरमा चिया उद्यमी दीपक प्रकाश बास्कोटाले चिया वैदिककाल देखिनै अर्गानिक वस्तुको रुपमा रहेको बताउँदै विषादी प्रयोगका कारण कति बिरामी पर्छन् थाहा छैन। यूरोपमा अर्गानिक चियाको ठूलो माग छ, सरकारले सुन्दैन। सांसदमा रसायनिका मल र विषादीको वजेट पारित गर्छ तर प्राङ्गारिक मल र जैविक विषादीको कुरा आउँदा चुप लाग्ने गरेको बताए।

अर्गानिक प्रमाणित गर्न अन्तर्राष्ट्रिय स्तरको ल्याब चाहिन्छ। चिया संसारको कुनै पनि देशको रोकैन र भारतमा मात्र रोकिन्छ। तर, भारतको कुरा के हो ? भारतले हामीले भनेको मान्दैन। सन् १९५० को सन्धीका कारण हो। हाम्रो ९७ प्रतिशत चियाको बजार भारत हो। बजारको व्यवस्थापन नहुँदा त्यसको असर सिधै किसानलाई पर्छ। चियाखेती दिगो खेती हो, बास्कोटाले भने। सरकारले मूल्य अभिवृद्धि कर छुट हटायो। विषादीयुक्त खानाकुरा खाएको कारण अस्पतालमा भएको खर्च लेखाजोखा नहँने बताए। उत्पादक स्वयम्ले बजारीकरण गर्न सक्दैन। हामीले निर्यात बढाउने हो उनले भने। हामीले मुलुक बचाउने हो। नेपालमा चिया खेती गर्ने बोर्डको ध्यान पुगेन।

बोर्डका निमित्त कार्यकारी निर्देशक दीपक खनालले पूर्वी नेपालमा सीमित भएको चिया क्षेत्र २२ जिल्लामा विस्तार बताए। यस वर्ष १ लाख केजी बढी चिया उत्पादन बढेको छ। साथै चियाको क्षेत्रफल घटे पनि उत्पादन नघटेको बताए। भारतीय भन्सारमा सँधै चियाको समस्या हुन्छ।

पत्रकारहरुको प्रश्नमा निर्देशक दीपक खनालले जनशक्ति नभएको कुरा आंशिक सत्य भएको र बोर्डमा अझै पनि ११ जना चिया विज्ञहरू कार्यरत बताए। चियाको विषय छुटै शिर्षकमा अध्ययन र अध्यापन गर्नु पर्ने बताए। सन् २०१८ मा अध्ययन अनुसार स्थानीय सरकारको मातहतमा वृद्धि गरिनु पर्ने सुझाव दिएको छ बताए।



बोर्डका चिया विशेषाज्ञ आदित्य पराजुलीले जतिबेला चियाको सिजन आउँछ त्यतिबेला एउटा न एउटा किचलो गरेर नेपालको चियालाई सँधै गुणस्तर नभएको दोष दिन्छ। तर नेपालको चिया दार्जिलिङको चियासँग मिसाएर विदेशमा पठाउँछ। अन्तर्राष्ट्रिय बजारमा पठाउँदा वाणिज्य सन्धी सक्रिय भएकाले १९५०को सन्धी परिमार्जन गर्नुपर्छ। चियाको क्षेत्रफल घटे पनि उत्पादन भनेर बढेको तथ्याङ्क छ। चिया निर्यात गर्न निकासी पैठारी गर्ने लाइसेन्स नभएको कारण कठीनाई परेको बताए। साथै पराजुलीले बंगलादेशको बाटोहुँदै विदेशमा चिया निर्यात गर्न सके नेपालको चिया बजार भारतको भर पर्नु नपर्ने बताए।

२०७४ बाटै बीमा गर्ने काम शुरु गरिएको बताए। चियाको मापदण्ड तयार गरेको छौ। सम्झौता गराउने निकै कठिनाई भयो। जुन अवस्थामा विमा कम्पनीसँग सहकार्य गर्दैछौं। बीमा गर्ने काम अझै व्यवसायिक बन्न सकेको छैन। व्यवस्थित उत्पादन, बजार, प्रशोधन हुन बाँकी छ। धनकुटा र झापामा क्षेत्रफल घटेको हो। भारतले नेपालको चिया प्रति केजी ५६० रुपैयाँमा किन्छ र त्यही चियालाई ब्राण्डिङ गरेर ३७५० रुपैयाँमा चिनमा बिक्री गर्छ।

प्रेस विज्ञाप्ति :

राष्ट्रिय चिया तथा कफी विकास बोर्डले यही बैशाख १५लाई चिया दिवसको रुपमा मनाउँदै कृषक, उद्यमी, मजदुर, व्यवसायी एवं चियाका पारखीहरूको सहभागीतामा हुने २८ औं राष्ट्रिय चिया दिवस विभिन्न कार्यक्रम गरि मनाउने भएको छ।

नेपालको निर्यातजन्य केहि सीमित कृषि बालीहरू मध्ये चिया नगदे बालीको रुपमा अग्रस्थानमा पर्दछ। ग्रामीण रोजगारी सिर्जना गर्नमा होस् वा विदेशी मुद्रा आर्जन गर्नमा नै किन नहोस्, नेपाली चियाले देशको अर्थतन्त्रमा महत्वपूर्ण भूमिका खेलेको छ। नेपालको चियाले कृषि, उद्योग र पर्यटनलाई एउटै धागोमा उनेर अन्य उद्योगभन्दा फरक र विशिष्ट पहिचानको रुपमा आफुलाई उभ्याउन सफल भएको पनि बोर्डको दावी छ। यति हुँदा-हुँदै पनि नेपाली चिया क्षेत्रले पछिल्लो दिनहरूमा विशेषगरी बजारीकरणको क्षेत्रमा भने चुनौतीहरूको सामना गर्नुपरेको छ विज्ञाप्तिमा भनिएको छ।

बोर्डले जारी गरेको आ.व. २०७९/८० को तथ्याङ्क अनुसार नेपालमा चियाको खेती कुल २०,२३० हेक्टर जमिनमा रोपण गरिएको छ। र यस अवधीमा २ करोड ६४ लाख केजी तयारी चिया उत्पादन भएको जनाएको छ। भन्सार विभागको तथ्याङ्क अनुसार सो अवधीमा १ करोड ६५ लाख केजी चिया निर्यात गरेर नेपालले ३ अर्ब ९४ लाख रुपैयाँ वैदेशिक मुद्रा आर्जन गरेको छ। नेपालले गरेको चियाको कुल निर्यातमध्ये ९७.८० प्रतिशत निकासी भारतमा नै भएको हुँदा भारतीय बजार नेपाली चियाको सबैभन्दा ठूलो बजार रहेको कुरा विज्ञाप्तिमा जनाएको छ। भारत सरकारले आयात सम्बन्धी नीतिमा सानो परिवर्तन मात्रै गर्दा पनि नेपालको चिया क्षेत्रमा ठूलो हलचल आउने गरेको छ।

केही हप्ता अघि भारतले पटके गुणस्तर परीक्षणको नयाँ प्रावधान लागु गरेर नेपाली

चियाको निर्यात रोक्दा काँकडभिट्टाबाट जाँचपास भएर भारतीय सीमावर्ती पानीटेङ्की नाका पुगेका १७ ट्रक तयारी चिया अलपत्र परेको र नेपाल सरकार, राष्ट्रिय चिया तथा कफी विकास बोर्ड, मेची भन्सार कार्यालय, चियाका वस्तुगत संघ(संस्थाहरू एवं व्यवसायीहरूको संयुक्त पहलमा भारतीय अवरोध हटाउन गरेको प्रयासले १७ ट्रक चिया पैठारी गर्न सकेका थिए । तर विगतमा पनि भारतीय पक्षबाट यस्ता अवरोधहरू भइनै रहेकाले भविष्यमा फेरी विभिन्न बहानामा नेपाली चियाको निकासी रोक्ने घटना नदोहोरिएला भन्न सकिन्न ।

नेपाली चियाको गुणस्तर र विषादीका अवशेषहरूलाई कारण देखाउँदै त्यस्ता अवरोधहरू भारतीय पक्षबाट हुने गरेको र भारतमै उत्पादन हुने चियाको तुलनामा नेपाली चियाको गुणस्तर निकै उच्च रहेको छ । विज्ञाप्तिमा जनाएको छ ।

साथै बोर्डको पहलमा अमेरिकाको लस भेगासमा २४ देखि २६ मार्चमा आयोजना भएको चिया प्रदर्शनी २०२४मा नेपालको सिद्धदेवी टि स्टेट प्रालिले वेभरेज च्यालेञ्ज तर्फ ग्राण्ड च्याम्पियनको रुपमा पुरस्कृत भएको थियो । विगत वर्षहरूमा पनि चीनमा भएको टि च्याम्पियनशीपमा नेपाली चिया उत्पादकहरूले ग्राण्ड गोल्ड मेडल जितेका यथेस्ट उदाहरणहरू भएका कारण भारतीय पक्षबाट नेपाली चियालाई गुणस्तरका सम्बन्धमा लगाएको आरोपमा कुनै आधार नभएको पुस्टी हुन्छ ।

निमित्त कार्यकारी निर्देशक दीपक खानालले उठेका प्रश्नहरूको जवाफ दिदै दिगोरुपमा सम्वोधन गर्न खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग अन्तर्गत रहेका प्रयोगशालाहरूलाई सवल बनाई अन्तर्राष्ट्रिय मापदण्ड वमोजिम एक्रेडिटेसन गर्न आवश्यक छ । साथै, नेपाली चियाको दिगो बजारीकरण गर्न भारतीय बजारको विकल्प खोज्न पनि ढिलो गर्न नहुने बताए । चीन, पाकिस्तान, रुस, अमेरिका, जर्मनी लगायत युरोपेली बजारमा निकासी भइरहेको नेपाली चियाको परिमाण बढाउन सके नेपाली चियाको बजारीकरणका यस्ता समस्याहरूको दिगो समाधान गर्न सकिने प्रशस्त सम्भावना रहेको छ । यसका लागि चिया उत्पादक संघ(संस्थाहरू, निजी एवं सहकारी क्षेत्रहरू एकजुट हुन राष्ट्रिय चिया तथा कफी विकास बोर्ड हार्दिक अपिल गरेको छ ।

# स्वास्थ्यको लागि वहुउपयोगी सिस्नुखेति

टिमुरको नियमित प्रयोगले स्वास्थ्यमा पर्ने सकारात्मक परिवर्तन त हुन्छ नै यसबाट धेरै पोषकतत्व पनि पाउन सकिन्छ । सिस्नोबाट क्याल्सियम, प्रोटिन, भिटामिन सि, कार्वोहाईडेट, फाइवर, फस्फोरस र फलाम पाईन्छ भने मुटु रोग, मधुमेह, गर्भवती तथा सुत्केरी महिलालाई फाईदा गर्दछ । भने उच्च रक्तचापलाई कम गर्छ । प्रोस्टेड ग्लाण्डर वाथको समस्यालाई फाइदा पुर्‍याउँछ ।

छाला र कपालको स्वास्थ्यलाई सुधार गर्छ अनुहारलाई चम्किलो बनाउछ साथै कपाल झर्ने समस्याको रोकथाम गर्दछ । सिस्नो खानको लागि प्रयोग गर्दा सम्पूर्ण सकिने नास हुने स्रोत होइन यसको जति बढि प्रयोग गर्न सकियो यसको उत्पादन क्षमताको पनि बढ्दै जान्छ किनकी जति सिस्नो काटिन्छ सिस्नोको मुना पनि पलाउदै जान्छ त्यसकारण अर्को फाईदा यसलाई आयआर्जनको माध्याम पनि बनाउन सन्किन्छ ।

बारी, खेतका डिल र जंगलमा बेवारिसे अवस्थामा रहेको सिस्नुलाई पछिल्लो समय व्यावसायिक खेतीका रूपमा अँगाल्न थालीएको छ उसो भए आउनुहोस यसका केहि फाइदाहरुका बारेमा जानकारी लिऔं ।

**कसरी खाने ?**

- सामान्यतया सिस्नोलाई पखाली उम्लेको तातो पानीमा राखी घोटेर पकाउने प्रचलन छ । विशेष गरि यसमा नुन, खुर्सानी, टिमुरको धुलो, लसुन, मकैको च्याख्ला राखेर पकाइन्छ ।
- तर, विदेशमा बटरमा प्याज, लसुन, लिक, गाजर, फुराएर भेज स्टक र आलु राखेर सिस्नु पकाइन्छ । यसलाई बल्याण्ड गरेर छानिन्छ । अन्त्यमा नुन मरिच र क्रीम हालेर नेटल सुपको रुपमा प्रयोग गर्ने प्रचलन छ ।
- सिस्नुको चिया पनि त्यतिकै प्रचलित छ । यसलाई निकै स्वास्थ्यवर्द्धक पनि मानिन्छ । यसलाई ग्रीन टि कै तरिकाले सेवन गरिन्छ । र, यसलाई जुसको रुपमा पनि पिउन सकिन्छ ।
- सहजताका लागि अहिले सुपर मार्केटमा सिस्नोको पाउडर पनि उपलब्ध छ । यसलाई सुप या तरकारीको रुपमा प्रयोग गर्न सकिन्छ ।
- सिस्नोको फुलको सुप बनाएर पनि प्रयोग गर्न सकिन्छ । यसलाई भात या मकैको च्याख्लासँग सेवन गर्दा निकै स्वादिष्ट हुन्छ ।

**औषधीय गुण :**

- सिस्नोले मुटु सम्बन्धी समस्यालाई निको पार्नका लागि सहयोग गर्छ ।
- यो मधुमेह रोगीका लागि पनि निकै उपयोगी हुन्छ ।
- सीस्नो गर्भवती तथा सुत्केरी महिलालाई समेत खुवाइन्छ । उनीहरुका लागि सिस्नो अति फाईदाजनक मानिन्छ ।
- तपाईमा उच्च रक्तचापको समस्या छ भने पनि सिस्नोको सेवन गर्दा हुन्छ । यसले उच्च रक्तचापलाई नियन्त्रण गर्नमा सघाउ पुर्‍याउँछ ।
- प्रोस्टेड ग्लाण्ड र बाथको समस्या भएका मानिसलाई पनि सिस्नोले राहत प्रदान गर्छ ।

*भारतीय पक्षबाट नेपाली चियालाई गुणस्तरका सम्बन्धमा लगाएको आरोपमा कुनै आधार नभएको पुस्टी हुन्छ ।*

- सिस्नो छाला र कपालका लागि निकै उपयोगी मानिन्छ । यसले अनुहार चम्किलो बनाउनुका साथै दाग हटाउनको लागि पनि मदत पर्‍याउँछ ।
- यसले कपाल सिल्की बनाउन सहयोग गर्छ भने कपाल झर्नबाट रोक्ने काम गर्छ ।
- सिस्नोले शरीरमा रगतका नयाँ सेल बनाउनमा महत्वपूर्ण भूमिका खेल्छ । यसले डिएनए क्षयीकरण हुनबाटसमेत रोक्ने काम गर्छ ।
- पिसाबको संक्रमण हुनेहरुले पनि नियमित सिस्नो सेवन गर्दा फाईदाजनक हुन्छ ।
- शरीरमा भएका विभिन्न एलर्जीको समस्या समाधानमा पनि सिस्नोले मदत पुर्‍याउने गर्छ ।
- शरीर दुख्ने समस्याको उपचार गर्नु छ भने पनि आजैबाट नियमित सिस्नोको प्रयोग गर्दा हुन्छ ।

**बहुउपयोगी सिस्नो :**

- सिस्नो जती काट्यो त्यति पलाउने भएकाले खेती गरे पनि लाभ उठाउन सकिन्छ । यसलाई तारे होटेलदेखि विदेशमासमेत बिक्री गर्न सकिन्छ ।
-औषधीको प्रयोजनका लागि सिस्नोको अत्याधिक माग हुने भएकाले यसलाई विदेश निर्यात गरेर आर्थिक लाभ लिन सकिन्छ ।
- यो मानिसको लागि मात्र नभई जनावरका लागि पनि स्वस्थकर मानिने अनुसन्धानले देखाएको छ । गाई भैसीलाई सिस्नो खुवाउदा निरोगी हुनुको साथै दूध पनि बढी दिने गर्छ ।
- सिस्नोको फुल र जरा कुखुरालाई खुवाएर आण्डा उत्पादनलाई बढाउन सकिन्छ ।
- यसको जरा औषधीको रुपमा प्रयोग गरिन्छ ।
- सिस्नोबाट क्याल्सीयम, प्रोटिन, भिटामिन सी, फ्याट, कार्वोहाइड्रेट, फाइवर, फस्फोरस र फलामजस्ता तत्व पाइन्छ ।

# Camelids take centre stage: FAO launches International Year to recognize their global impact

UN dedicates 2024 to recognizing the essential role of these animals in supporting livelihoods and sustainability
04/12/2023

Rome - The Food and Agriculture Organization of the United Nations (FAO) officially launched the International Year of Camelids 2024 today at its Rome headquarters, to recognize and celebrate the vital contributions these animals make to livelihoods, food security, and nutrition.

Camelids, including Bactrian camels, dromedary camels, and wild camels, as well as South American camelids such as domesticated llamas and alpacas, and wild vicuñas and guanacos, play a pivotal role in diverse ecosystems. They are particularly important in desert and mountain regions, where they form an integral part of the livelihoods and traditional practices of indigenous communities.

At the launch event, FAO Director-General QU Dongyu underscored the cultural and environmental importance of camelids.

"Even in the most extreme climatic conditions, they produce milk, meat, fibre and organic fertilizer, and provide transport, boosting food security, nutrition, and livelihoods while helping to conserve fragile ecosystems. Camelids also build resilience to the impacts of the climate crisis - particularly in mountains and drylands and can contribute to the transformation of agrifood systems," he said.

"The International Year of Camelids is a great opportunity to highlight and value the economic, social and cultural importance of camelids around the globe - especially highly vulnerable communities."

Camelids, vital for millions of households in over 90 countries, originated in America 45 million years ago. Serving as working animals, they support Indigenous Peoples and local communities in South America's Andean highlands, as well as the deserts of Africa and Asia. Bactrian camels and dromedaries, for example, known as "ships of the desert," are crucial for nomadic life in drylands.



The Year seeks to raise global awareness of the multifaceted role of camelids not only as sources of fiber, milk, and meat, but also as resilient and sustainable contributors to local economies. In challenging environments, camelids are indispensable for their ability to endure harsh conditions and provide crucial support to communities.

The International Year was proposed by the Government of the Plurinational State of Bolivia and approved by the UN General Assembly in 2017. The Andean nation along with the Kingdom of Saudi Arabia, will play a key role in its implementation.

David Choquehuanca Céspedes, Vice President of Bolivia also addressed today's global ceremony, along with Mohammed Ahmed M. Alghamdi, the Permanent Representative of Saudi Arabia to the Food and Agriculture Organization (FAO).

Gerardine Mukeshimana, Vice President of the International Fund for Agricultural Development, delivered the keynote address.

Pamela Burger, Vice President, International Society of Camelid Research and Development provided a global overview on camelids, and the event also featured a panel discussion on how these animals nourish people and culture. Thanawat Tiensin, Director, Animal Production and Health Division at FAO moderated the event and closing remarks were delivered by Maria Helena Semedo, Deputy Director-General, FAO.

The goal of this Year is to promote a better understanding of the intrinsic value of camelids and their potential in helping to address the challenges posed by the climate crisis, particularly in regions where they are found. Greater support to the camelid sector can accelerate progress towards achieving the Sustainable Development Goals (SDGs), especially the ones related to Zero Hunger, the eradication of extreme poverty, the empowerment of women, the sustainable use of terrestrial ecosystems and the conservation of fragile environments.

In addition to recognizing the economic, social and cultural importance of camelids, the Year will encourage governments and stakeholders to invest more in the camelid sector. This includes programmes and projects to bolster sustainable livelihoods everywhere.

# Lessons for CSOs based on the UNDFF implementation in the Philippines

Engaging with national government agencies on UNDFF, UNFCCC, and UNCBD: Lessons for CSOs based on the UNDFF implementation in the Philippines




Stories & Blogs
Asian Farmers Association - March 26, 2024

Engaging with national government agencies on UNDFF, UNFCCC, and UNCBD: Lessons for CSOs based on the UNDFF implementation in the Philippines

Irish P. Baguilat (AFA), Honey Bermudez Tabiola (UP CIDS-AltDev), and Raul Socrates Banzuela (PAKISAMA)

This write-up was produced through the partnership of Asian Farmers' Association for Sustainable Rural Development and FAO Regional Office for Asia and the Pacific

Over the years, the democratic ideal of inclusion and participation has gained ground at the level of global governance in the form of multistakeholder institutions (MSI) and networks. It is a system of governance composed of formal and informal rules and norms that is hoped to solve the world's most important problems by convening stakeholders such as United Nations (UN) bodies, trade unions, business/ industry, affected grassroots communities, academic and research institutions, government agencies of countries in the Global South, international financial institutions, development finance institutions, and philanthropies.

The UN Declaration of the Decade of Family Farming (UNDFF) is of utmost importance for farmers globally because it has recognized the multiple and significant roles that they play in producing most of the world's natural food while also protecting biodiversity, preserving indigenous knowledge and cultural systems, and contributing to the resilience of communities and the natural ecosystems. Moreover, it has developed a holistic framework and mechanisms for inclusive governance and implementation from 2019 to 2028.

A UNDFF global steering committee has been set up with the inclusion of farmers' organizations (FOs). It promoted the following tools and mechanisms such as i) a holistic framework for countries to craft public policies and investments to support family farming in the form of a Global Action Plan with 7 mutually reinforcing pillars to be translated into National Action Plan on Family Farming and ii) an inclusive implementation mechanism in the form of National Committee of Family Farming.

While small-scale farmers hold a big part of the solutions to many of today's challenges, they are among the most vulnerable groups affected by climate change, energy crisis, environmental degradation, and biodiversity loss, among others. Therefore, farmers' engagement in all related programs and projects on climate action and representation in decision-making processes at all levels must be ensured to take full advantage of the solutions and take into account their current realities.

